
# शिक्षा योजना
# २०८२

## आ.व.२०८१/०८२ देखि २०९०/०९१


बुद्धशान्ति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुधबारे, झापा

बुद्धशान्ति गाउँपालिकाको प्रशासनिक भवन






स्रोत: बुद्धशान्ति गापा आवधिक योजना

## ***शिक्षा योजना निर्माण समिति***

| | | |
|---|---|---|
| गाउँपालिका अध्यक्ष | : श्री मनोज प्रसाइँ | – अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | : श्री भवानीप्रसाद खतिवडा | – सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | : श्री विनोद पोखरेल | – सदस्य |
| सामाजिक विकास समिति संयोजक | : श्री पर्शुराम चेम्जोङ्ग | – सदस्य |
| कार्यवाहक वडाध्यक्ष | : श्री सञ्जु पौडेल | – सदस्य |
| कार्यपालिका सदस्य | : श्री भीमबहादुर धमला | – सदस्य |
| शिक्षक महासंघ अध्यक्ष | : श्री आनन्द कोइराला | – सदस्य |
| प्याबसन अध्यक्ष | : श्री तिलक पाख्रीन | – सदस्य |
| प्रधानाध्यापक | :श्री कुमार आचार्य | – सदस्य |
| शाखा अधिकृत | : श्री कमलप्रसाद निरौला | –सदस्य सचिव |

***गाउँकार्यपालिकाबाट शिक्षा योजना स्वीकृतः २०८२।०३।०३***

## हाम्रो भनाइ

नेपालको संविधानले व्यवस्था गरे अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्राप्त भएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ५१ (ज) भएका २३ वटा अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न, दिगो विकास लक्ष्य, विद्यालय शिक्षा क्षेत्र कार्यक्रम र सोह्रौँ योजनाको लक्ष्य हासिल गर्न, अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को कार्यान्वयनका लागि पालिकाको स्थानीयता सहितको आफ्नै योजनाको आवश्यकता महसुस भई सम्बद्ध क्षेत्रका सबै सरोकारवालाहरूसँगको छलफल तथा अन्तर्क्रियाबाट प्राप्त विषयवस्तुहरूलाई समेटेर यस पालिकाले शैक्षिक सत्र २०८१ लाई आधार वर्ष मानी आ व २०८१/२०८२ देखि २०९०/२०९१ सम्मको शिक्षा क्षेत्रको दश वर्षे शिक्षा योजना निमार्ण गरिएको छ ।

विकास र संवृद्धिका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमश निःशुल्क बनाउने राज्यको नीतिबमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचका लागि आधारभूत तह अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरिएको छ । शिक्षाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई पूरा गर्न, बदलिँदो समयमा विश्वव्यापीकरणको प्रभावले शिक्षा क्षेत्रमा पारेको असरसँग समायोजन हुन र शिक्षालाई स्थानीयकरण गर्नुको विकल्प नरहेकाले यस पालिकाको शिक्षा योजनाले अघि सारेका शैक्षिक कार्यक्रम कार्यान्वयन पश्चात् शैक्षिक क्षेत्रमा अपेक्षित सुधार हुने विश्वास लिइएको छ ।

यस शिक्षा योजनामा पालिकाको वडागत शैक्षिक सूचना, घरधुरी तथा जनसङ्ख्या, पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरू, आधारभूत तथा माध्यमिक शिक्षाको तथ्याङ्क विवरण, कक्षागत विद्यार्थी उत्तीर्ण प्रतिसत २०८१, सिकाइ उपलब्धि विवरण २०८१ पालिकाको शिक्षाको दूरदृष्टि, लक्ष्य, उदेश्य, रणनीति, अपेक्षित उपलब्धि तथा मुख्य कार्यसम्पादन सूचक आदि विषय क्षेत्रहरू समेटिएका छन् ।

योजना परिवर्तनशील दस्तावेज भएकाले समय, परिस्थिति अनुकूल हुनु पर्छ । अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को प्रभावकारी कार्यान्वयन गरी २०८४ भित्र आधारभूत तह विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न, टिकाउन र सिकाउन सबै पक्षको सामूहिक प्रयासले मात्र सम्भव हुन्छ । यस शिक्षा योजनाले सबै जातजाति, समुदाय, अशक्त, फरक क्षमता भएको समुदाय, गरिब तथा पिछडिएको क्षेत्र सबैलाई शिक्षाको समान अवसर प्रदान गरी सहभागितामूलक, गुणस्तरीय, सान्दर्भिक शिक्षाको सुनिश्चितताका लागि सहयोग पुग्ने र शैक्षिक गुणस्तर अभिबृद्धि हुने हुने छ ।

शिक्षा योजना निर्माणको लागि महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक महासंघ, प्याब्सन बुद्धशान्ति, प्रधानाध्यापक, फाउण्डर, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, बुद्धिजिवी, शिक्षा क्षेत्रका सरोकारवालहरु, विभिन्न संघ संस्था, यस योजना निर्माणका लागि प्राविधिक सहयोग गर्नुहुने लक्ष्य परामर्श तथा अनुसन्धान केन्द्र र यस योजनाको प्राविधिक मूल्याङ्कन गर्नुहुने मेची बहुमुखी क्याम्पसका उपप्राध्यापक नेत्रप्रसाद नेपाल र खगेन्द्रकुमार थापा सहित सबैमा गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

**बुद्धशान्ति गाउँपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**

# विषय सूची


योजना सारांश.......................................................७

परिच्छेद १ : परिचय ......................................................१०

१.१ पृष्ठभूमि......................................................१०

१.२ आवधिक योजनाको अवधारणा......................................................११

१.३ आवधिक शिक्षा योजना तर्जुमा प्रक्रिया......................................................१३

१.४ योजना तर्जुमा प्रक्रियाको सीमा......................................................१५

परिच्छेद २ : विद्यमान स्थिति......................................................१६

२.१. पृष्ठभूमिः......................................................१६

२.२ समस्याहरूः......................................................२७

२.३ शिक्षा क्षेत्रका चुनौतीहरूः......................................................२७

२.४ अवसरहरूः......................................................२७

परिच्छेद ३ : दूरदृष्टि, उद्‌देश्य, रणनीति तथा लक्ष्य निर्धारण......................................................२८

३.१ दूरदृष्टि (Clear Vision)......................................................२८

३.२ लक्ष्य ( Goal )......................................................२८

३.३ उद्‌देश्यहरू ( Objectives)......................................................२८

३.४ रणनीतिहरू......................................................२८

३.५ अपेक्षित उपलब्धि......................................................३०

३.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य......................................................३१

परिच्छेद ४ : शिक्षाका मुख्य उपक्षेत्र......................................................३६

४.१ प्रारम्भिक बालविकास र शिक्षा......................................................३६

४.२ आधारभूत शिक्षा......................................................४०

४.३ माध्यमिक शिक्षा......................................................४६

४.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम......................................................५३

४.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ......................................................५५

४.५.६ उच्च शिक्षा......................................................५९

परिच्छेद ५ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ६३
५.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ६३
५.२ शिक्षक व्यवस्थापन र विकास ........ ६८
५.३ शैक्षिक समता र समावेशीकरण ........ ७३
५.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ७८
५.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ ८४
५.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ८९
५.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ९५
परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ ९९
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ १००
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ १०४
परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ........ १०७
७.६ योजना अवधिमा विभिन्न क्षेत्रबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटः ........ ११५
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ........ ११६
अनुसूची १ : ........ १२०
स्थानीय शिक्षा योजनाको ढाँचा ........ १२०
अनुसूचीः २ ........ १२२
स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ १२२
अनुसूचीः ३ ........ १२६
अनुगमन सूचक ........ १२६

# योजना सारांश

बुद्धशान्ति गाउँपालिकाको आवधिक शिक्षा व योजना (आ. व. २०८१/८२ २०९०/९१) आगामी १० वर्षका लागि तयार गरिएको छ । एक्काइसौं शताब्दीको गुणस्तरीय शिक्षाको केन्द्र बनाउने र आम नागरिकलाई "गुणस्तरीय तथा गरिखाने शिक्षा" मा पहुँच पुऱ्याउने लक्ष्यका साथ यस योजनामा रणनीति तथा कार्यक्रमहरू पहिचान गरी समावेश गरिएको छ । योजना तर्जुमा गर्ने क्रममा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रचलित ऐन, कानुनी व्यवस्थाहरूले शिक्षा विकासको क्षेत्रमा गाउँपालिकालाई उपलब्ध गराएको अधिकार तथा जिम्मेवारीहरूभित्र रही योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यक्रमहरू पहिचान गरेर योजनामा समावेश गरिएको छ। योजना तर्जुमा गर्ने क्रममा राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (२०७८/२०८८), नेपाल सरकारको सोह्रौँ योजना, कोशी प्रदेशको दोस्रो आवधिक विकास योजना (आ. व. २०८१/८२ २०८५/८६), दिगो विकास लक्ष्य र पालिकाको आवधिक योजना (आ. व. २०७९/८० २०८४/८५) लाई मूल आधारको रूपमा लिइएको छ ।

बुद्धशान्ति गाउँपालिकामा सामुदायिक विद्यालय १६ वटा, संस्थागत विद्यालय १८ वटा, धार्मिक विद्यालय २ वटा, समुदायमा आधारित बाल विकास केन्द्र १० वटा, सामुदायिक सिकाइ केन्द्र २ वटा, सामुदायिक क्याम्पस १ वटा गरी ३९ वटा शैक्षिक संस्थाहरू रहेका छन् । यी शैक्षिक संस्थाहरूमा गुणस्तरीय शिक्षाको प्रबन्ध गरी नागरिकहरूलाई साक्षर र सिपयुक्त बनाउने जिम्मेवारी पालिकाको रहेको छ ।

बुद्धशान्ति गाउँपालिका भौगोलिक रूपमा पहाडको फेदीमा समथर भूभाग भएको र मेची राजमार्ग पालिकाको बिच भागबाट जाने हुनाले शिक्षा विकासका लागि भौतिक पूर्वाधार, यातायात, दक्ष जनशक्ति र विद्यार्थीका लागि सहज रहेको छ । यही कारणले अन्य स्थानहरूबाट बसाइँ सरी आउने क्रम तीव्र रहेकोले यहाँ दिनानुदिन जनसङ्ख्या वृद्धि भइरहेको छ । तसर्थ, बढ्दो जनसङ्ख्या र शिक्षा क्षेत्रमा एक्काइसौं शताब्दीका विषयवस्तुहरू समावेश गर्दै लैजानुपर्ने दुवै चुनौतीको रूपमा रहेको छ । गाउँपालिकाको शिक्षामा नागरिकको पहुँचको अवस्थालाई हेर्दा विपन्न तथा पिछडिएका वर्गका बालबालिकाको विद्यालयमा पहुँच, सहभागिता र टिकाउ दर तुलनात्मक रूपमा कमजोर रहेको छ । विपन्न तथा पिछडिएका वर्गका अभिभावकहरूमा बालबालिकाको शिक्षा सम्बन्धमा सचेतना न्यून रहेको छ। विद्यालयमा परामपरागत शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीहरूको उपयोगमा न्यूनता, खोजमूलक शिक्षण सिकाइमा न्यूनता, विद्यालयको कार्य सम्पादन मूल्याङ्कन तथा स्तरीकरण नहुनु, सक्षमतामा आधारित तालिमप्राप्त शिक्षकको कमी जस्ता समस्या रहेका छन् । यसैगरी सामुदायिक विद्यालयहरूमा पुराना संरचनाहरूको सघनता, संस्थागत विद्यालयहरूको निजी जग्गा तथा भवनको अभावमा उपयुक्त कक्षा तथा खेल मैदानको अभाव, विद्यालयमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री संरचनाहरूको सीमितता, अधिकांश विद्यालयहरूमा सफा खानेपानी र शौचालयको अभाव, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइमा कमी जस्ता समस्याहरू रहेका छन् ।

विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच, सहभागिता, टिकाउने र सिकाउन चुनौतीका रूपमा देखिएको छ । यो पालिका सुगम क्षेत्रमा अवस्थित भएर पनि पुरूष निरक्षरता ९.८१ प्रतिशत र महिला निरक्षरता १९.८८ प्रतिशत रहनु उक्त परिवारका बालबालिकाका लागि शिक्षामा पहुँच तथा सहभागिता गराउने सन्दर्भमा मूल चुनौतीका रूपमा रहेको छ । यसको फलस्वरूप बालबालिकाको शिक्षामा अभिभावकको सहभागिता र निगारानी कमजोर रहेको छ । सामुदायिक विद्यालयहरूमा रहेका पुराना भवन तथा अन्य संरचनाहरूको व्यवस्थापन तथा पूनस्थापना गर्न चुनौतीको रूपमा रहेको छ। संघ, प्रदेश र स्थानीय तहको बिचमा शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताको व्यवस्थापन सम्बन्धमा, विद्यालय व्यवस्थापनमा प्रत्यक्ष सहभागी हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका सदस्यहरूको शिक्षा विकासका क्षेत्रमा चेतनास्तर अवृद्धि गर्न विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्ने कार्य चुनौतीको रूपमा रहेको छ।

माथि उल्लेख गरिएका सम्भावना, अवसर, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी ५ वर्षका लागि खर्चको प्रक्षेपण सहित र १० वर्षे लक्ष्यका साथ यस पालिकाको शिक्षा क्षेत्रमा गर्नुपर्ने रणनीतिक पहलहरूको पहिचान गरेर यस योजना तर्जुमा गरिएको छ। यस आवधिक योजनाको दीर्घकालीन सोच "समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको विस्तार बुद्धहान्तिबासीको सामाजिक आर्थिक समृद्धिको आधार" राखिएको छ। यस योजनाको मूल लक्ष्य नै सबै गुणस्तरीय शिक्षामा नागरिकहरूको समावेशी तथा समतामूलक पहुँच सुनिश्चित गरी उनीहरूको जीवनमा आर्थिक तथा सामाजिक समृद्धि ल्याउने रहेको छ। तसर्थ, यस योजनाले शिक्षामा नागरिकहरूको समतामूलक पहुँच, गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक, शैक्षिक सामग्री आपूर्ति, विद्यालयको भौतिक संरचना तथा वातावरण सुधार, विद्यालय नगएका नागरिकहरूका लागि साक्षरता अभियान, शैक्षिक क्षेत्रमा दिगो संस्थागत विकास तथा सुशासन प्रवर्धन जस्ता क्षेत्रहरूमा केन्द्रित भई शिक्षा विकासका रणनीति तथा कार्यनीतिहरू निर्धारण गरी सोही अनुसारका कार्यक्रम तथा आयोजनाहरू समावेश गरिएको छ।

यस योजनामा मुख्य उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइलाई समावेश गरिएको छ । त्यस्तै, अन्तरसम्बन्धित क्षेत्रहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन; शिक्षक व्यवस्थापन र विकास; शैक्षिक समता र समावेशीकरण; विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम; विद्यालय सुरक्षा, विपत् व्यवस्थापन र उत्थानशीलता; विद्यालय भौतिक पूर्वाधार विकास, र विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई समावेश गरिएको छ। अन्य क्षेत्रमा सुशासन तथा संस्थागत व्यवस्थालाई योजनामा समावेश गरिएको छ।

प्रारम्भिक बाल विकास र विद्यालय शिक्षामा विपन्न परिवारका बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच र सहभागितामा समस्या रहेको, दिवा खाजा र बालबालिका पोषणमा कम लगानी भएको, शिक्षण सिकाइ

विधि परम्परागत रहेको, शैक्षिक सामग्री प्रयोगमा न्यूनता रहेको, शिक्षण सिकाइमा सूचना प्रविधि प्रयोगमा कमी रहेको, सिकाइ उपलब्धि मापन, मूल्याङ्कन तथा परीक्षा प्रणाली परम्परागत भएको र बालबालिकाको शिक्षामा अभिभावकको भूमिका कमजोर रहेको जस्ता समस्या तथा चुनौतीहरू रहेका छन्।

शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूमा सबै बालबालिकाको समतामूलक पहुँचका लागि अभिभावक सचेतनामूलक कार्यक्रम, बालबालिका भर्ना अभियान, विपन्न बालबालिका छात्रवृत्ति, अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ सहयोगी सामग्री वितरण जस्ता कार्यक्रमहरू समावेश गरिएको छ। विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सिकाइ सामग्री सहयोग, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, बालबालिकाको शिक्षामा अभिभावकको सहभागिता, प्राविधिक शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम, खेलकुद तथा अतिरिक्त क्रियाकलापको निरन्तरता जस्ता कार्यक्रमहरू समावेश गरिएको छ।

शिक्षामा अन्तरसम्बन्धित विषयहरूमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी कार्यक्रम तथा आयोजनाहरू छनौट तथा समावेश गरिएका छन्। जसमा शिक्षक तथा शिक्षण सामग्रीको आवश्यकतानुसारआपूर्ति वा अनुदानको व्यवस्था, शैक्षिक क्षेत्रमा समता तथा समावेशीकरण प्रवर्धन गर्ने क्रियाकलापहरू, विद्यालयमा सुरक्षित तथा बालमैत्री पूर्वाधार तथा वातावरण निर्माण, शिक्षण सिकाइमा सूचना प्रविधिको उपयोग वृद्धि जस्ता क्षेत्रमा रणनीति तथा कार्यनीति र कार्यक्रम छनौट गरी समावेश गरिएको छ।

यस आवधिक शिक्षा विकास योजना कार्यान्वयनका लागि पाँच वर्षको समयावधिमा ससर्त अनुदानसहित जम्मा १ अर्ब, २७ करोड ५२ लाख ४१ हजार बजेट अनुमान गरिएको छ। जसमा पालिका तर्फको १३ करोड ९७ लाख २३ हजार लगानी हुने अनुमान गरिएको छ। चालु आर्थिक वर्षसम्म ससर्त अनुदानतर्फ बाहेकको कुल व्ययमा शिक्षा क्षेत्रमा लगानी बढेको छ। आगामी वर्षहरूमा ससर्त अनुदान बाहेकको कुल बजेटमा शिक्षा क्षेत्रमा लगानी बढाउँदै लैजानु पर्ने देखिन्छ।

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपश्चात संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरूको संरचना रहने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार, अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ को क्रम सङ्ख्या ८ मा आधारभूत र माध्यमिक तहको शिक्षा व्यवस्थापन तथा विकास गर्ने अधिकार स्थानीय तहलाई छ। स्थानीय तहको शिक्षा विकाससम्बन्धी यस अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२), (ज) मा विस्तृतीकरण गरी प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै संविधानको अनुसूची ९ को क्रम सङ्ख्या २ मा शिक्षा तथा खेलकुद विकासका गतिविधिहरू तीनै तहका सरकारहरूले साझारूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। स्थानीय तहले शिक्षा क्षेत्रको विकासमा योजनाबद्ध रूपमा लगानी गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्ने आवश्यकता रहेको छ।

स्थानीय तहले समग्र तथा विषय-क्षेत्रगत योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरूमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरिएको छ। नेपाल सरकारले शिक्षा क्षेत्रमा विकासका लागि आवधिक शिक्षा योजनाको अवधारणा लागु गरेको छ। स्थानीय तहहरूले आवधिक शिक्षा योजना तर्जुमा गर्दा एकरूपता कायम होस भन्ने अभिप्रायले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले "स्थानीय तहको शिक्षा विकास योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९" जारी गरेको छ। यही मार्गदर्शनलाई अनुसरण गरी यस पालिकाको आवधिक शिक्षा विकास योजना (२०८२/८३ - २०८६/८७) तर्जुमा गरिएको छ।

स्थानीय तहको आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा नेपाल सरकारद्वारा कार्यान्वयनमा रहेको राष्ट्रिय शिक्षा नीति, २०७६ को दूरदृष्टि, लक्ष्य र उद्देश्यहरूलाई स्थानीयकरण गर्नुपर्ने आवश्यकता रहेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा लागू गरिएको विद्यालय शिक्षा क्षेत्र योजना (२०७९ २०८८) का दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरू र स्थानीय शिक्षा योजनाका दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरू बिच तादात्म्य कायम गर्नुपर्ने हुन्छ। साथै, नेपाल सरकारको सोह्रौँ योजना (२०८१/८२ २०८५/८६) र कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२ - २०८५/८६) मा शिक्षा विकासको क्षेत्रमा लिएको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरूलाई अंङ्गीकार गरी यस स्थानीय शिक्षा विकास योजना तर्जुमा गर्ने प्रयास गरिएको छ।

## १.२ आवधिक योजनाको अवधारणा

निश्चित समयावधिभित्र के कति क्रियाकलापहरू किन कार्यान्वयन गर्ने र यसका लागि कति आर्थिक स्रोत कसरी सङ्कलन गर्ने र कुन कार्यमा कति खर्च गर्ने सम्बन्धमा गरिएको पूर्वतयारी नै योजना हो । विकास योजना (Development Plan) को मूल उद्देश्य आर्थिक समृद्धि हासिल गर्ने हो । विकास योजनामा समाजलाई सुखी र समृद्ध तुल्याउनका लागि वर्तमान अवस्थाको आँकलन, सम्बन्धित क्षेत्रमा देखिएका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरूको विश्लेषण गरी सम्भावना तथा अवसरहरूको उपयोग र समस्या तथा चुनौतीहरूको समाधानका उपायहरू पहिचान गरी सोको कार्यान्वयनका लागि कार्ययोजना तयार गरिन्छ । यसमार्फत योजनामा प्रस्ताव गरिएका रणनीतिक क्रियाकलापहरू प्रस्तावित समयभित्र कार्यान्वयन गर्दा अपेक्षित प्रतिफल प्राप्त हुने सम्भावना अधिक रहन्छ । तसर्थ, योजनामा रणनीतिक क्रियाकलापहरूको छनौट, लगानीको आवश्यकता तथा स्रोतहरूको पहिचान र उपयोग गर्ने तरिकाहरू पत्ता लगाई समावेश गरिन्छ । योजना विभिन्न समयावधिको लागि तयार गरिन्छ । सरकारी तथा अन्य संस्था वा निकायले वार्षिक, त्रिवर्षीय, पञ्चवर्षीय र सोभन्दा लामो अवधिको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रचलन रहेको छ ।

अहिले नेपालमा सोह्रौँ आवधिक योजना (२०८१/८२- २०८५/८६) कार्यान्वयनमा रहेको छ । कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२ २०८५/८६) पनि कार्यान्वयनमा रहेको छ । स्थानीय तहहरूले पनि आवधिक विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस स्थानीय तहको प्रथम आवधिक योजना (२०८१/८२ २०८५/८६) कार्यान्वयनमा रहेको छ ।

सन् २०१५ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals - SDGs) पनि नेपाल सरकारले आफ्ना योजनाहरूमा समावेश गरी कार्यान्वयनमा ल्याएको छ । नेपालमा दिगो विकास लक्ष्यका कार्यक्रमहरूलाई हरेक स्थानीय तहले आवधिक तथा वार्षिक योजनाहरूमा स्थानीयकरण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं ४ ले समावेशी तथा न्यायोचित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने लक्ष्य लिएको छ । तसर्थ दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्नका लागि पनि नेपाल सरकार, प्रदेश सरकारहरू र स्थानीय तहहरूले शिक्षा विकासका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ । यस धाराले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि

विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षासम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।

नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ लागु गरेको छ जसले "शिक्षित स्वस्थ र सक्षम जनशक्तिः सामाजिक न्याय, रूपान्तरण र समृद्धि" लाई दूरदृष्टिको रूपमा लिई शैक्षिक लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू तयार गरी लागु गरेको छ। विद्यालय शिक्षा क्षेत्र योजना (२०७८/२०८८) कार्यान्वयनमा ल्याएको छ। यस योजनाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रमा योजनाबद्ध विकासका लागि मार्ग निर्देशन गर्दछ। यसै सन्दर्भमा, नेपालमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको र यस अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था रहेको छ। शिक्षा विकासका यी मार्ग निर्देशक दस्तावेजहरूको मूल मर्मलाई अङ्गीकार गरी पालिकाले आवधिक शिक्षा योजना (२०८१/८२ - २०९०/९१) तर्जुमा गरेको हो। यस गाउँपालिकाको शिक्षा क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरूको विश्लेषण गर्दै समुचित शिक्षा विकास गर्न रणनीति र कार्यक्रम तथा आयोजनाहरूको पहिचान गरी योजनामा समावेश गरिएको छ।

## *क. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य*

१. शिक्षा क्षेत्रका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरू र सबल र कमजोर पक्षहरूको लेखाजोखा गरी उपयुक्त रणनीति अवलम्बन गर्न
२. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न
३. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
४. भौतिक पूर्वाधार, आर्थिक, सामाजिक तथा सास्कृतिक पक्ष स्वास्थ्य, महिला तथा बालबालिका, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन आदि क्षेत्रसँग तादाम्य हुने गरी शिक्षा क्षेत्रको विकासका रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न
५. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
६. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
७. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

### *ख. शिक्षा योजना निर्माणका आधार*

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्ताबेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) कोशी प्रदेशको दोस्रो आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) बुद्धशान्ति गाउँपालिकाको आवधिक योजना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## १.३ आवधिक शिक्षा योजना तर्जुमा प्रक्रिया

आवधिक शिक्षा विकास योजना तर्जुमा कार्यलाई विधिवत गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले "स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी दिग्दर्शन २०७९" जारी गरेको छ। सोही दिग्दर्शनलाई अनुसरण गरी यो योजना तर्जुमा गरिएको छ । आवधिक शिक्षा योजना तर्जुमाको प्रारम्भ गाउँ कार्यपालिकाले आवधिक शिक्षा योजना निर्माणका लागि शिक्षा समितिलाई नै शिक्षा योजना निर्माण समितिको जिम्मेवारी प्रदान गर्यो । यस योजनाको कार्य विवरण अनुसार पालिकास्तरमा कार्यपालिका सदस्य, शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षाका शाखाका कर्मचारीहरूको सहभागितामा आवधिक शिक्षा योजना प्रक्रियाका सम्बन्धमा अभिमुखीकरण तथा प्रारम्भिक चरणको छलफल सम्पन्न भएको थियो । अभिमुखीकरण तथा प्रारम्भिक चरणको छलफल कार्यपालिका सदस्य, शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षाका कर्मचारीहरुको सहभागितामा उप-विषयक्षेत्रगत समितिहरूमा विभाजन गरी उप-विषयगत क्षेत्रमा गहन छलफल गराई योजनाका लागि आवश्यक कार्यहरू जस्तै स्थानीय सम्भावना, अवसर, चुनौती, सवल तथा

कमजोर पक्षहरूको विश्लेषण गरिएको थियो । यही विश्लेषणको आधारमा आवश्यक रणनीति तथा कार्यनीति र अपेक्षित आयोजना तथा कार्यक्रमहरूको संकलन गरिएको थियो ।

आवधिक शिक्षा योजना नर्माणका लागि सामुदायिक तथा संस्थागत विद्यालयहरूबाट आधारभूत तथ्याङ्क संकलनका लागि प्रश्नावली तयार गरी सबै विद्यालयहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । सामुदायिक विद्यालयबाट शिक्षा सम्बन्धी आधारभूत सूचनाहरू संकलन गरी आवधिक योजनामा उपयोग गरिएको छ । बुद्धशान्ति गाउँपालिकाको शिक्षा क्षेत्रका द्वितीय तथ्याङ्क एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS) बाट लिइएको थियो । शिक्षा क्षेत्रका राष्ट्रिय, प्रदेश तथा स्थानीयका विभिन्न प्रतिवेदन प्रकासन तथा निर्णयहरूबाट प्राप्त तथ्याङ्कहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) बाट प्रकाशन गरिएका प्रतिवेदनहरूबाट संकलन गरिएको थियो । त्यसैगरी, शिक्षा क्षेत्रमा कार्यान्वयन गरिएका कार्यक्रम तथा बजेट सम्बन्धी सूचनाहरू गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट लिइएको थियो।

यसरी सहभागितामूलक तरिकाबाट सूचना तथा अपेक्षित रणनीति तथा कार्यक्रम संकलन गरेपश्चात उक्त योजनाको मस्यौदा तयार गरिएको थियो । योजनाको मस्यौदा तयार गर्ने क्रममा गाउँपालिकाका पदाधिकारीहरू तथा कर्मचारीहरू र परामर्शदाता बीचमा सघन समन्वय तथा सहकार्य भएको थियो । योजनाको मस्यौदा माथि विद्यालय व्यवसथापन समितिका, प्रधानाध्यापक, पालिका प्याबसन, शिक्षाक महासँघ, शिक्षाक, कर्मचारी, सरोकारवालाहरू बीच छलफल गरी प्राप्त भएका सुझावहरू समेत समावेश गरी योजनाको मस्यौदालाई परिमार्जित रूपमा तयार गरियो । यसरी तयार भएको आवधिक शिक्षा योजना सहभागितामूलक तथा अनुसन्धानमूलक तरिकावाट सम्पन्न गरियो । यस योजनाले पालिकालाई दिगो तथा नतिजामुखी शिक्षाको विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**यस पालिकाको शिक्षा योजना निर्माण गर्दा अवलम्बन गरिएका प्रक्रियागत चरणहरुः**

| क्र सं | मिति | क्रियाकलापहरू |
|---|---|---|
| १ | २०८१।०८।२७ | शिक्षा योजना निर्माण समिति गठन |
| २ | २०८१।१०।१५ | परामर्श सेवाबाट शिक्षा योजना निर्माण गर्ने निर्णय |
| ३ | २०८१।१२।३० | शिक्षा योजना निर्माणका लागि लक्ष्य परामर्श तथा अनुसन्धान केन्द्र प्रा. लि.सँग सम्झौता |
| ४ | २०८२।०१।०७ | कार्यपालिका सदस्य तथा सरोकारवालाहररूसँगको प्रारम्भिक छलफल |
| ५ | २०८२।०२।१४ | योजनाको मस्यौदा माथि सरोकारवाहरूसँग छलफल |
| ६ | २०८२।०२।२० | शिक्षा योजना निर्माण समितिबाट योजना मूल्याङ्कन समूह गठन |
| ७ | २०८२।०२।२० | योजनाको मस्यौदा मूल्याङ्कका लागि मूल्याङ्कन समूहमा पठाइएको |
| ८ | २०८२।०२।२३ | मूल्याङ्कन समूहबाट मूल्याङ्कन प्रतिवेदन शिक्षा योजना निर्माण समितिमा प्राप्त |
| ९ | २०८२।०२।३० | शिक्षा योजनाको अन्तिक मस्यौदा पालिकामा प्राप्त |
| १० | २०८२।०३।०३ | कार्यपालिकाबाट शिक्षा योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय |

## १.४ योजना तर्जुमा प्रक्रियाको सीमा

आवधिक शिक्षा योजना तर्जुमा गर्ने क्रममा गाउँपालिकामा उपलब्ध भएका सूचना तथा तथ्याङ्क र जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी, शिक्षाविद् तथा सरोकारवाला निकायका प्रतिनिधि तथा कर्मचारीहरूसँगको कार्यशालाबाट प्राप्त भएका प्राथमिक सूचनाहरूलाई मुख्य आधारको रूपमा लिइएको छ। यस योजना तर्जुमा गर्ने क्रममा देहायका सीमाहरू रहेका थिएः

क) शिक्षा योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाका प्रचलित शिक्षा क्षेत्रका ऐन, नीति तथा अन्य कानुनी व्यवस्थाहरू, आवधिक योजनाहरू, शिक्षा क्षेत्रका रणनीतिक योजनाहरूलाई मूल आधारको रूपमा लिइएको छ । साथै शैक्षिक क्षेत्रका स्थानीय सम्भावना, अवसर, समस्या र चुनौतीहरू सम्बन्धमा पालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त भएका सूचना, तथ्याङ्क र राय सुझावहरू प्राथमिक सूचनाको रूपमा लिइएको छ। यस क्रममा प्राप्त सूचनाहरूले सबै सरोकारवालाको आवश्यकता र दृष्टिकोण समेट्न नसकेको हुन सक्दछ।

ख) शिक्षा योजना तर्जुमाको क्रममा पहिचान भएका कार्यक्रमहरूका लागि अनुमानित बजेटको स्रोत सुनिश्चत गर्न सम्भव नहुने भएकाले सोको स्रोत खुलाइएको छैन।

ग) गाउँपालिकाको शिक्षा विकास गर्न असीमित आवश्यकताहरू रहेको तर आर्थिक स्रोत उपलब्धतामा सीमितता भएको हुँदा स्रोतले पुग्ने गरी मात्र कार्यक्रमहरू यस योजनामा समावेश गरिएको छ।

# परिच्छेद २ : विद्यमान स्थिति

## २.१. पृष्ठभूमिः

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुक हो। नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय गरी तहगत शासन प्रणाली स्थापित गरेको छ। नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने, राष्ट्रिय एकता सुदृढ गर्ने, समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने र विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने उद्देश्य लिएको छ। संविधानले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई दिएको छ। शिक्षासम्बन्धी हक तथा प्राथमिकताहरू पनि स्थापित गरेको छ। संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा छन्। शिक्षा नीति, २०७६ ले शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

"समृद्ध नेपाल सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने दीर्घकालीन सोच राखेको छ।

नेपालले दिगो विकासको लक्ष्य नं ४ "समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने" कार्यान्वयनका लागि राष्ट्रिय कार्यढाँचा पनि तयार गरेको छ। सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) मा शिक्षा विकासका लागि प्रमुख सवाल र चुनौति, रूपान्तरणकारी रणनीति र प्रमुख कार्यक्रम निर्धारण गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई प्रदान गरिएका शिक्षा सम्बन्धी अधिकारहरूलाई कार्यान्वयन गरी सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध तरिकाबाट अघि बढ्नु वर्तमान समयको आवश्यकता रलहेको छ। सङ्घीय संरचनाअनुसार शिक्षाको विकासमा मार्गदर्शन गर्न विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरी कार्यान्वयनमा रहेको छ। सबै स्थानीय तहमा विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन गर्ने निर्णयसमेत गरेको छ।

ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

उल्लिखित सन्दर्भहरूले विद्यालय तहको शिक्षाको विकासका लागि स्थानीय तहको शिक्षा योजनाको आवश्यकता महसुस गरी बुद्धशान्ति गाउँपालिकाले (२०८१-२०९०) योजना तयार गरेको छ। यस योजनामा शिक्षा विकासको दश वर्षे दृष्टिकोणसहित पहिलो पाँच वर्ष (२०८२-२०८६) का लागि आवश्यक स्रोतको आकलन गरी कार्यान्वयनको खाका तयार गरिएको छ।

## *क भौगोलिक अवस्थिति*

नेपालको कोशी प्रदेशको झापा जिल्लामा अवस्थित बुद्धशान्ति गाउँपालिका झापा जिल्लाको पूर्व उत्तरमा पर्दछ। यो गाउँपालिका २०७३ सालमा घोषणा हुनु अघि साविकका बुधबारे र शान्तिनगर गाविसहरू समावेश भएर बनेको हो। साविकका पुराना गाविसहरू बुधबारे र शान्तिनगरको नामलाई मिलाएर बुद्धशान्ति बनाइएको पाइन्छ। यस गाउँपालिकाको पूर्वमा मेचीनगर नगरपालिका, पश्चिममा अर्जुनधारा नगरपालिका, उत्तरमा इलाम जिल्लाको रोङ गाउँपालिका र दक्षिणमा अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिका रहेका छन्। पालिकाको कुल क्षेत्रफल ७९.७८ वर्ग किमि रहेको यो गाउँपालिका ८७ डिग्री ५९ मिनेट ३४ सेकेन्ड पुर्वी देशान्तर देखि ८८ डिग्री ७ मिनेट २५ सेकेन्ड पुर्वी देशान्तरसम्म र २६ डिग्री ४० मिनेट ४८ सेकेन्ड उत्तरी अक्षांशदेखि २६ डिग्री ४८ मिनेट १४ सेकेन्ड उत्तरी अक्षांश सम्म फैलिएको छ।

## *ख. जनसाङ्ख्यिक संरचना*

यस गाउँपालिकालाई प्रशासनिक रूपमा ७ वडामा विभाजन गरिएको छ। वि सं २०७८ सालको जनगणनाअनुसार यस पालिकाको कुल जनसङ्ख्या ५३०१० रहेको छ जसमध्ये महिला २७७५० र पुरूष २५२६० रहेका छन्।

**तालिका नं १: गाउँपालिकाको वडागत पुरुष र महिलाको सङ्ख्याको अवस्था**

| वडा नं | पुरुष | महिला | जम्मा जनसंख्या | परिवार संख्या | परिवार अनुपात | लैङ्गिक अनुपात | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ५००६ | ५३८१ | १०३८७ | २६२७ | ४ | ९३.०३१ | ८७.२० |
| २ | ४३४९ | ४८०० | ९१४९ | २२२० | ४ | ९०.६०४ | ८६.३० |
| ३ | ५७३८ | ६५०२ | १२२४० | ३०६९ | ४ | ८८.२५० | ८४.७० |
| ४ | ५५८५ | ६१०७ | ११६९२ | २९५४ | ४ | ९१.४५२ | ८२.७० |
| ५ | १९५६ | २०७१ | ४०२७ | ९९१ | ४ | ९४.४४७ | ८१.६० |
| ६ | १५८० | १६७० | ३२५० | ८३५ | ४ | ९४.६११ | ८३.७० |
| ७ | १०४६ | १२१९ | २२६५ | ५८९ | ४ | ८५.८०८ | ८५.०० |
| जम्मा | २५२६० | २७७५० | ५३०१० | १३२८५ | ४ | ९१.०२७ | ८४.७० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

**तालिका नं २: उमेर समूहगत बालबालिकाको सङ्ख्या र लैङ्गिक अनुपातको विवरण**

| क्र स | उमेर समूह | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| १ | ० वर्ष | ३८४ | ३४८ | ७३२ | ११०.३०० |
| २ | ०१ वर्ष | ३८८ | ३८४ | ७७२ | १०१.००० |

| क्र स | उमेर समूह | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ३ | ०२ वर्ष | ३७१ | ३६७ | ७३८ | १०१.१०० |
| ४ | ०३ वर्ष | ४३१ | ३९० | ८२१ | ११०.५ |
| ५ | ०४ वर्ष | ५०३ | ४०४ | ९०७ | १२४.५ |
| ६ | ०५ वर्ष | ४७२ | ४७४ | ९४६ | ९९.६ |
| ७ | ०६ वर्ष | ५०२ | ४८४ | ९८६ | १०३.७ |
| ८ | ०७ वर्ष | ४६९ | ४४६ | ९१५ | १०५.२ |
| ९ | ०८ वर्ष | ४८६ | ४३२ | ९१८ | ११२.५ |
| १० | ०९ वर्ष | ४५३ | ४५२ | ९०५ | १००.२ |
| ११ | १० वर्ष | ४७७ | ४३१ | ९०८ | ११०.७ |
| १२ | ११ वर्ष | ४३४ | ४२६ | ८६० | १०१.९ |
| १३ | १२ वर्ष | ४३६ | ४०१ | ८३७ | १०८.७ |
| १४ | १३ वर्ष | ४१६ | ४५५ | ८७१ | ९१.४ |
| १५ | १४ वर्ष | ४४३ | ४४८ | ८९१ | ९८.९ |
| १६ | १५ वर्ष | ४४२ | ४४३ | ८८५ | ९९.८ |
| १७ | १६ वर्ष | ४२५ | ४५४ | ८७९ | ९३.६ |
| १८ | १७ वर्ष | ५०२ | ४७६ | ९७८ | १०५.५ |
| ००-१७ वर्षको जम्मा | | ८०३४ | ७७१५ | १५७४९ | १०४. १ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग* *(प्रति १०० केटीमा केटा)*

## *ग. सामाजिक तथा साँस्कृतिक अवस्था*

यस पालिकामा विभिन्न जातजाति, भाषाभाषी र संस्कृति मान्ने मानिसहरूको बसोबास रहिआएको छ। यो पालिका विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको सङ्गमस्थलको रूपमा रहेको छ।विभिन्न धर्मावलम्बीहरूको बसोवास रहेको यस पालिकामा मुख्यरूपले हिन्दू ३९९२६(७५.३), बौद्ध ३६२६(६.८),इस्लाम २४०(०.५) किराँत ७१८१(१३.५) क्रिश्चियन १९३०(३.६) हरूको बसोबास रहेको पाइन्छ। यहाँका धेरैजसोले बोल्ने भाषा नेपाली हो भने स्थानीय भाषाहरूमा लिम्बू, राई, तामाङ,नेवारी, मगर, धिमाल आदि रहेका छन्। यहाँ दशैं, तिहार, छट ,उधौली, उभौली, साकेला,ल्होसार, बुद्ध पुर्णिमा, र फागुपूर्णिमा जस्ता चाडपर्वहरू मनाउने चलन रहेको छ।

**तालिका नं ३: जातजाति अनुसारको जनसङ्ख्या र प्रतिशत (प्रमुख १०)विवरण**

| क्र सं | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १८७४० | ३९.७० |
| २ | लिम्बु | ६९८० | १४.८० |
| ३ | क्षेत्री | ६३८४ | १३.५० |
| ४ | विश्वकर्मा | ३९५० | ८.४० |
| ५ | राई | ३१७४ | ६.७० |
| ६ | तामाङ्ग | २१४३ | ४.५० |
| ७ | नेवार | १७७३ | ३.८० |
| ८ | मगर | १६९६ | ३.६० |
| ९ | परियार | १३९१ | २.९० |
| १० | धिमाल | ९५९ | २.०० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

## *घ. आर्थिक अवस्था*

कृषि उपज अन्नबाली, नगदेबाली,  तरकारी खेती, पशुपालनको प्रचुर सम्भावना रहेको यस क्षेत्रमा कृषि, व्यापार, मजदुरी, यातायात, पर्यटन र वैदेशिक रोजगारी आम्दानीका प्रमुख स्रोत रहेका छन्। आर्थिक उपार्जनको प्रमुख स्रोत सुपारी र चिया खेती रहेका छन्। सुपारी र चियाको मुख्य उत्पादन क्षेत्र रहेको यस क्षेत्रमा धान, मकै, आलु, तोरी, गहुँ र तरकारी खेती जस्ता नगदेबाली जिवीकोपार्जनको आधार रहेका छन्। कृषि क्षेत्रको बजारीकरण, यातायात र पर्यटन क्षेत्रको प्रवर्धनले यस क्षेत्रको समृद्धिमा सहयोग पुग्ने देखिन्छ।

## *ङ. शैक्षिक अवस्था*

यस गाउँपालिकामा १६ सामुदायिक, १७ संस्थागत र २ धार्मिक गरी जम्मा ३५ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्।  यस पालिकामा एउटा क्याम्पस सञ्चालनमा रहेको छ। यस पालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरूका स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक संख्या १९४ जना  विद्यालय कर्मचारी २४ जना र बालविकास सहजकर्ता ३५ जना साथै प्राविधिक धारका विद्यालयमा सहायक प्रशिक्षक २ प्रशिक्षक २ र बरिष्ठ प्रशिक्षक ४ गरी जम्मा ८ जना कार्यरत छन्। सामुदायिक संस्थागत सबै विद्यालयका प्रारम्भिक बालकक्षादेखि कक्षा १२ सम्म ३२,०४७ विद्यार्थीहरू अध्ययनरत रहेको तथ्याङ्क रहेको छ। यस पालिका भित्र २ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्। सामुदायिक सिकाइ केन्द्रहरू तर्फ २ जना परिचालिका सहजकर्ता सेवामा रहेका छन्।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति प्राप्त आदर्श मावि जयपुरमा कक्षा ९–१२ कम्प्युटर इन्जिनियरिङ्ग विषयमा प्राविधिक धार सञ्चालनमा रहेको छ।

**तालिका नं ४ बुद्धशान्ति गाउँपालिका सामुदायिक विद्यालयतर्फ शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण**

| क्र सं | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | इसीडी/पूर्व प्राथमिक | | | कक्षा १–५ | | | कक्षा ६–८ | | | कक्षा ९–१० | | | कक्षा ११–१२ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | बुद्धआदर्श मावि | बुद्धशान्ति १ | १२ | ४९ | ६० | १०९ | १८९ | १६३ | ३५२ | २४३ | २०४ | ४४७ | २३९ | २०१ | ४४० | २०९ | १२९ | ३३८ | १६८६ |
| २ | आदर्श मावि | बुद्धशान्ति २ | १२ | ४६ | ६१ | १०७ | ९६ | ८९ | १८५ | ११७ | १३२ | २४९ | १५४ | १७४ | ३२८ | ९५ | ७८ | १७३ | १०४२ |
| ३ | शान्ति आदर्श मावि | बुद्धशान्ति ६ | १२ | ६ | ९ | १५ | ४० | ५० | ९० | ४७ | ५७ | १०४ | २४ | २२ | ४६ | ४१ | ३६ | ७७ | ३३२ |
| ४ | गडिगाउँ मावि | बुद्धशान्ति ५ | १२ | १३ | १६ | २९ | ४५ | ५५ | १०० | ७८ | ७० | १४८ | ५८ | ५७ | ११५ | ३८ | ४२ | ८० | ४७२ |
| ५ | त्रिभूवन मावि | बुद्धशान्ति १ | १२ | ३३ | ५० | ८३ | ६७ | ८० | १४७ | ५९ | ४७ | १०६ | ६८ | ६२ | १३० | ५० | ३२ | ८२ | ५४८ |
| ६ | गणेश मावि | बुद्धशान्ति ४ | १० | २७ | २४ | ५१ | ९१ | ५८ | १४९ | ७४ | ५६ | १३० | ३५ | ३२ | ६७ | | | | ३९७ |
| ७ | श्री माध्यमिक विद्यालय | बुद्धशान्ति ४ | १० | १२ | १२ | २४ | ५१ | ३९ | ९० | ६८ | ३९ | १०७ | ३७ | २९ | ६६ | | | | २८७ |
| ८ | राष्ट्रिय विजय मावि | बुद्धशान्ति ७ | १० | ३२ | २० | ५२ | ४८ | ४३ | ९१ | ४४ | ४१ | ८५ | १९ | १४ | ३३ | | | | २६१ |
| ९ | नवकिरण मावि | बुद्धशान्ति ३ | ९ | ४४ | ५७ | १०१ | ७२ | ५५ | १२७ | ४४ | ४३ | ८७ | | | | | | | ३१५ |
| १० | सरस्वती आवि | बुद्धशान्ति ३ | ८ | ६३ | ६९ | १३२ | १०४ | ९६ | २०० | ९० | ६५ | १५५ | | | | | | | ४८७ |
| ११ | जनज्योति आवि | बुद्धशान्ति ५ | ८ | १५ | १६ | ३१ | ३८ | ३० | ६८ | १२ | ९ | २१ | | | | | | | १२० |
| १२ | नमुना आवि | बुद्धशान्ति १ | ८ | २८ | ३७ | ६५ | ४१ | ५२ | ९३ | ३० | ३३ | ६३ | | | | | | | २२१ |
| १३ | शिशुसुधार आवि | बुद्धशान्ति ३ | ८ | ६४ | ५९ | १२३ | ७६ | ७१ | १४७ | ३३ | ३३ | ६६ | | | | | | | ३३६ |
| १४ | नमुना आवि | बुद्धशान्ति ४ | ५ | ८ | ११ | १९ | ७३ | ४७ | १२० | | | | | | | | | | १३९ |
| १५ | आदर्श आवि | बुद्धशान्ति ६ | ५ | २४ | २९ | ५३ | २१ | १९ | ४० | | | | | | | | | | ९३ |
| १६ | गौतमबुद्ध आवि | बुद्धशान्ति ५ | ५ | ४ | ४ | ८ | २५ | २० | ४५ | | | | | | | | | | ५३ |

| क्र सं | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | इसीडी/पूर्व प्राथमिक | | | कक्षा १–५ | | | कक्षा ६–८ | | | कक्षा ९–१० | | | कक्षा ११–१२ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १७ | तिरूपति संस्कृत गुरुकुल पाठशाला | बुद्धशान्ति १ | ६–८ | | | | | | | १ | १९ | २० | | | | | | | २० |
| १८ | आनन्देश्वर गुरुकुल पाठशाला | बुद्धशान्ति १ | ५ | | | | २ | २८ | ३० | | | | | | | | | | ३० |
| जम्मा विद्यार्थी संख्या | | | | ४३८ | ५३४ | १००२ | १०७९ | ९९५ | २०७४ | ९४० | ८४८ | १७८८ | ६३४ | ५९१ | १२२५ | ४३३ | ३१७ | ७५० | ६८३९ |

*स्रोतः गाउँपालिका*

**तालिका नं ५: बुद्धशान्ति गाउँपालिका संस्थागत विद्यालयतर्फ शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण**

| क्र सं | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | इसीडी/पूर्व प्राथमिक | | | कक्षा १–५ | | | कक्षा ६–८ | | | कक्षा ९–१० | | | कक्षा ११–१२ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | कर्णाली एजुकेसन फाउण्डेसन | बुद्धशान्ति १ | १२ | ४१ | ४५ | ८६ | १५२ | २१८ | ३७० | ८९ | १२७ | २१६ | ३७ | ५६ | ९३ | ३२ | ३४ | ६६ | ८३१ |
| २ | मुना मदन एकाडेमी | बुद्धशान्ति ४ | १२ | १४ | १८ | ३२ | ६३ | १०६ | १६९ | ५२ | ६१ | ११३ | ३८ | ५७ | ९५ | ८ | ९ | १७ | ४२६ |
| ३ | न्यु एभरग्रीन | बुद्धशान्ति ४ | १२ | ५३ | ५७ | ११० | १२८ | १७८ | ३०६ | ८६ | ८२ | १६८ | ४७ | ५७ | १०४ | ५५ | ६६ | १२१ | ८०९ |
| ४ | ज्योति अंग्रेजी मावि | बुद्धशान्ति ३ | १० | ७१ | ८० | १५१ | ९४ | १३७ | २३१ | ५२ | ५८ | ११० | २५ | २८ | ५३ | | | | ५४५ |
| ५ | महानन्द शिक्षा सदन | बुद्धशान्ति ३ | १० | १०८ | १५० | २५८ | १४५ | १४९ | २९४ | ४२ | ६१ | १०३ | १६ | २४ | ४० | | | | ६९५ |
| ६ | लिटल स्टार अग्रेजी स्कुल | बुद्धशान्ति १ | १० | ३२ | ३४ | ६६ | १४९ | १६४ | ३१३ | ४१ | ५६ | ९७ | १८ | २३ | ४१ | | | | ५१७ |
| ७ | जयपुर अग्रेजी स्कुल | बुद्धशान्ति २ | १० | ५५ | ६० | ११५ | १५० | १५३ | ३०३ | ५४ | ६६ | १२० | ३४ | २१ | ५५ | | | | ५९३ |
| ८ | शान्तिनिकेतन अंग्रेजी स्कुल | बुद्धशान्ति ५ | १० | ३० | ४२ | ७२ | ४९ | ७५ | १२४ | ५१ | ४३ | ९४ | २२ | १५ | ३७ | | | | ३२७ |
| ९ | ब्राइट फ्युचर अंगर्जी स्कुल | बुद्धशान्ति ४ | १० | २९ | ४० | ६९ | ५७ | ५९ | ११६ | २३ | ३४ | ५७ | २१ | १५ | ३६ | | | | २७८ |

| क्र सं | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | इसीडी/पूर्व प्राथमिक | | | कक्षा १–५ | | | कक्षा ६–८ | | | कक्षा ९–१० | | | कक्षा ११–१२ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १० | एरा एभरग्रीन | बुद्धशान्ति ३ | १० | ३२ | ४७ | ७९ | ३५१ | ३८५ | ७३६ | १३९ | १८० | ३१९ | ४९ | ५६ | १०५ | | | | १२३९ |
| ११ | एम्बीसन एकाडेमी | बुद्धशान्ति २ | १० | ५१ | ६५ | ११६ | १०२ | १३६ | २३८ | २५ | ४२ | ६७ | १३ | २० | ३३ | | | | ४५४ |
| १२ | लालीगुराँस अग्रेजी स्कुल | बुद्धशान्ति ५ | ९ | ३७ | ४८ | ८५ | ५२ | ६३ | ११५ | ३२ | २९ | ६१ | | | | | | | २६१ |
| १३ | सनराइज अंग्रेजी स्कुल | बुद्धशान्ति ४ | ९ | ३७ | ६१ | ९८ | ६२ | ८२ | ११४ | २१ | ४३ | ६४ | | | | | | | ३०६ |
| १४ | कान्तिपुर विद्यासदन | बुद्धशान्ति ३ | ८ | २५ | ३५ | ६० | ५२ | ६२ | ११४ | २४ | २७ | ५१ | | | | | | | २०८ |
| १५ | ह्यापी ल्याण्ड अंग्रेजी स्कुल | बुद्धशान्ति १ | ८ | २९ | २४ | ५३ | १०० | ९४ | १९४ | २९ | २६ | ५५ | | | | | | | ३०२ |
| १६ | कञ्चनजङ्गा बालसदन | बुद्धशान्ति २ | ८ | २४ | ४६ | ७० | ५५ | ५९ | ११४ | १५ | १८ | ३३ | | | | | | | २१७ |
| १७ | बालमिकी बालसदन | बुद्धशान्ति ६ | ५ | १५ | २९ | ४४ | ३० | ४० | ७० | | | | | | | | | | ११४ |
| १८ | प्रभात किरण एकाडेमी | बुद्धशान्ति १ | | | | | | | | | | | | | | | | | |
| जम्मा विद्यार्थी संख्या | | | | ६८३ | ८८१ | १५६४ | १७९१ | २१६० | ३९२१ | ७७५ | ९५३ | १७२८ | ३२० | ३७२ | ६९२ | ९५ | १०९ | २०४ | ८१०९ |

*स्रोतः गाउँपालिका*

**तालिका नं ६ : बुद्धशान्ति गाउँपालिकाको शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण**

| क्र सं | स्थानीय तहको नाम | इसीडी/पूर्व प्राथमिक | | | कक्षा १–५ | | | कक्षा ६–८ | | | कक्षा ९–१० | | | कक्षा ११–१२ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | बुद्धशान्ति गाउँपालिका | ११२१ | १४१५ | २५३६ | २८६७ | ३१५५ | ५९९५ | १७१५ | १८०१ | ३५१६ | ९५४ | ९६३ | १९१७ | ५२८ | ४२६ | ९५४ | १४९४८ |

*स्रोतः गाउँपालिका*

**तालिका नं ७ : बुद्धशान्ति गाउँपालिकाको शैक्षिक सत्र २०८१ को जातजाती, अपाङ्ग र अन्य विद्यार्थी विवरण**

| | जातजातीको नाम | आधारभूत तह सम्म | | | माध्यमिक तह | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | ब्रहम्ण क्षेत्री | २४८० | २८२७ | ५३०७ | ७७९ | ३०७ | १०८६ | ६३९३ |
| २ | जनजाती | २३०७ | २५१८ | ४८२५ | ५४८ | ५४३ | १०९१ | ५९१६ |
| ३ | दलित | ७१५ | ७७९ | १४९४ | १६७ | १५९ | ३२६ | १८२० |
| ४ | सिमान्तकृत | २० | २४ | ४४ | ० | ३ | ३ | ४७ |
| ५ | अपाङ्ग | १३ | ११ | २४ | | २ | २ | २६ |
| ६ | अन्य | १४३ | १९४ | ३३७ | १५ | १४ | २९ | ३६६ |

*स्रोतः गाउँपालिका*

**तालिका नं ८ : सामुदायिक सिकाइ केन्द्रको विवरण**

| क्र सं | सामुदायिक सिकाइ केन्द्र | ठेगाना | कार्य क्षेत्र |
|---|---|---|---|
| १ | चेतना सिकाइ केन्द्र | बुद्धशान्ति १ | बुद्धशान्ति वडा नं. १,२ र ३ |
| २ | शान्तिनगर सिकाइ केन्द्र | बुद्धशान्ति ६ | बुद्धशान्ति वडा नं. ४,५, ६ र ७ |

*स्रोतः गाउँपालिका*

**तालिका नं ९: शैक्षिक सत्र २०८१ (कक्षा १० २०८०) को कक्षागत तथा विषयगत रुपमा औषत उर्त्तीण प्रतिशत**

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सेरोफेरो | सामाजिक |
|---|---|---|---|---|---|---|
| १ | १०० | १०० | १०० | | १०० | |
| २ | १०० | १०० | १०० | | १०० | |
| ३ | १०० | १०० | १०० | | १०० | |
| ४ | ९९ | ९८ | ९८ | ९८ | | ९८ |
| ५ | ९८ | ९८ | ९८ | ९८ | | ९८ |
| ६ | ९८ | ९८ | ९८ | ९७ | | ९९ |
| ७ | ९८ | ९८ | ९८ | ९८ | | ९९ |
| ८ | ९७ | ९७ | ९४ | ९५ | | ९७ |
| ९ | ९५ | ९६ | ९१ | ८६ | | ९२ |
| १० | ९५ | ९३ | ६८ | ८४ | | ८७ |

*स्रोतः गाउँपालिका*

**तालिका नं १०: शैक्षिक सत्र २०८१ (कक्षा १०, २०८०) को कक्षा ३, ५, ८ र १० को विषयगत औषत सिकाइ उपलब्धि**

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सेरोफेरो | सामाजिक |
|---|---|---|---|---|---|---|
| ३ | ३.४१ | ३.४४ | ३.४१ | | ३.४४ | |
| ५ | २.५१ | २.९७ | २.५३ | २.३३ | | २.५० |
| ८ | २.९८ | २.९२ | २.६८ | २.८१ | | २.७९ |
| १० | २.७९ | २.७७ | २.२८ | २.५२ | | २.७१ |

*स्रोतः गाउँपालिका*

**तालिका नं ११: शैक्षिक सत्र २०८१ को उमेर समूहगत विद्यार्थी र लैङ्गिक अनुपातको विवरण**

| क्र सं | उमेर समूह | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| १ | ४ वर्ष भन्दा मुनि | ५५५ | ५०७ | १०६२ | १०९.४ |
| २ | ०४ वर्ष | ३९५ | ३५६ | ७५१ | ११०.९ |
| ३ | ०५ वर्ष | ४५८ | ४१९ | ८७७ | १०९.३ |
| ४ | ०६ वर्ष | ५६९ | ५२६ | १०९५ | १०८.१ |
| ५ | ०७ वर्ष | ४७५ | ४३४ | ९०९ | १०९.४ |
| ६ | ०८ वर्ष | ५८१ | ५४१ | ११२२ | १०७.३ |
| ७ | ०९ वर्ष | ५८६ | ५४५ | ११३१ | १०७.५ |
| ८ | १० वर्ष | ६२२ | ५७४ | ११९६ | १०८.३ |
| ९ | ११ वर्ष | ५९५ | ५०९ | ११०४ | ११६.८ |
| १० | १२ वर्ष | ५४३ | ५३७ | १०८० | १०१.१ |
| ११ | १३ वर्ष | ५४८ | ५४२ | १०९० | १०१.१ |
| १२ | १४ वर्ष | ४७४ | ४८४ | ९५८ | ९७.९ |
| १३ | १५ वर्ष | ४२० | ४१९ | ८३९ | १००.२ |
| १४ | १६ वर्ष | २९६ | २९२ | ५८८ | १०१.३ |
| १५ | १७ वर्ष | २१५ | २०६ | ४२१ | १०४.३ |
| १६ | १८ वर्ष | ११४ | १२१ | २३५ | ९४.२ |
| १७ | १९ वर्ष | ५० | ३९ | ८९ | १२८.२ |
| १८ | २० वर्ष | १२ | १३ | २५ | ९२.३ |
| १९ | २१–३० वर्ष | ११ | १९ | ३० | ५७.८ |
| २० | ३० वर्ष भन्दा माथि | ५ | ८ | १३ | ६२.५ |

*स्रोतः गाउँपालिका* *(प्रति १०० केटीमा केटा)*

**तालिका नं १२: बुद्धशान्ति गाउँपालिकाक सामुदायिक तथा धार्मिक विद्यालयहरूको भौतिक अवस्था  र मार्ग**

| क्र सं | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा (सम्म) | भवन संख्या | कोठा संख्या | शौचालय संख्या (यूनिट) | डेक्स बेन्चको संख्या (सेट) | मर्मत गर्नु पर्ने कोठा संख्या | नयाँ निर्माण गर्नु पर्ने कक्षा कोठा संख्या | थप गर्नु पर्ने वास सहितको शौचालय संख्या(यूनिट) | विद्यार्थी मैत्री फर्निचर निर्माण (सेट संख्वा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बुद्धआदर्श मावि | बुद्धशान्ति १ | १२ | १० | ५६ | ४ | ३६१ | ४ | ४ | २ | १८० |
| २ | आदर्श मावि | बुद्धशान्ति २ | १२ | १० | ४१ | २ | २०७ | १६ | ८ | २ | १६० |
| ३ | शान्ति आदर्श मावि | बुद्धशान्ति ६ | १२ | ६ | २५ | २ | ११७ | १५ | ८ | १ | ८० |
| ४ | गडिगाउँ मावि | बुद्धशान्ति ५ | १२ | ९ | २५ | ३ | ११३ | १२ | ८ | १ | १०५ |
| ५ | त्रिभूवन मावि | बुद्धशान्ति १ | १२ | ६ | २१ | ३ | १२३ | ८ | ८ | १ | ११० |
| ६ | गणेश मावि | बुद्धशान्ति ४ | १० | ६ | २० | ४ | १०६ | ६ | ६ | १ | ७० |
| ७ | श्री माध्यमिक विद्यालय | बुद्धशान्ति ४ | १० | ६ | २० | ५ | ८० | ८ | ६ | १ | ७० |
| ८ | राष्ट्रिय विजय मावि | बुद्धशान्ति ७ | १० | ८ | १८ | २ | ६९ | १० | ६ | १ | ७० |
| ९ | नवकिरण मावि | बुद्धशान्ति ३ | ९ | ६ | १३ | २ | ७५ | ८ | ६ | १ | ६० |
| १० | सरस्वती आवि | बुद्धशान्ति ३ | ८ | ७ | १८ | २ | ११९ | १० | ६ | २ | ७५ |
| ११ | जनज्योति आवि | बुद्धशान्ति ५ | ८ | ४ | १२ | २ | ४१ | ४ | ४ | १ | ३५ |
| १२ | नमुना आवि | बुद्धशान्ति १ | ८ | ५ | ११ | २ | ४० | ६ | ४ | १ | ४० |
| १३ | शिशुसुधार आवि | बुद्धशान्ति ३ | ८ | ३ | १३ | १ | ६७ | ४ | २ | १ | ६५ |
| १४ | नमुना आवि | बुद्धशान्ति ४ | ५ | ४ | ९ | २ | ३६ | ४ | ४ | ० | ३० |
| १५ | आदर्श आवि | बुद्धशान्ति ६ | ५ | ५ | १४ | २ | २१ | ४ | २ | १ | २० |
| १६ | गौतमबुद्ध आवि | बुद्धशान्ति ५ | ५ | ३ | ८ | २ | ३० | ४ | २ | १ | २० |
| १७ | तिरूपति संस्कृत गुरूकुल पाठशाला | बुद्धशान्ति १ | ६–८ | ३ | ८ | १ | ३ | २ | २ | ० | ५ |
| १८ | आनन्देश्वर गुरूकुल पाठशाला | बुद्धशान्ति १ | ५ | २ | ५ | १ | ३ | २ | २ | ० | ५ |
| जम्मा संख्या | | | | ११० | २७७ | ३८ | १६११ | ९१ | ८६ | १६ | १२०० |

*स्रोत: गाउँपालिका*

## २.२ समस्याहरू:

शिक्षा एक बृहत क्षेत्र भएकोले यसका समस्याहरू पनि उत्तिकै रहेका छन् । विद्यालय शिक्षामा अहिले पनि विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याउन, सिकाउन र टिकाउन नसक्नु, विद्यालयीय शिक्षाको पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेका बमेजिमका सिकाइ उपलिब्धहरू हाँसिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार गर्न नसक्नु, स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक व्यवस्था गर्न नसक्नु, सबै विद्यालयमा विषयगत र तहगत शिक्षक दरबन्दी व्यवस्थापन गर्न नसक्नु,, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउन र प्रभावकारी कार्यान्वियन गर्न नसक्नु,, प्राविधिक धारको शिक्षा प्रति आकर्षण अभिप्रेरित गर्न नसक्नु,, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु,, वैकल्पिक सिकाइको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु, विद्यालयहरूको खेल मैदानको व्यवस्थापन, भौतिक पुर्वाधारको विकास गर्न र भएका पूर्वाधारको उचित मर्मत गरी संरक्षण गर्न नसक्नु,, विद्यालयहरूलाई वातावरणीय रूपमा सफा, स्वच्छ र हरित विद्यालय बनाउन नसक्नु विद्यालय शिक्षा क्षेत्रमा समस्याका रूपमा देखापरेका छन् ।

## २.३ शिक्षा क्षेत्रका चुनौतीहरू:

विद्यालयीय शिक्षामा विद्यालय उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वियन गर्नु, विद्यालय नक्शाङ्कन तथा समायोजन गर्नु, विद्यालय शिक्षक दरवन्दी व्यवस्थापन, नि:शुल्क तथा अनिवार्य शिक्षा कार्यान्वियन गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङकन प्रणालीमा सुधार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु, विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, भौतिक पुर्वाधारको निर्माण गर्नु, विद्यालयमा सुशासन कायम गर्नु आदि चुनौती रहेका छन् ।

## २.४ अवसरहरू:

शिक्षाको विकासका लागि स्थानीय तहलाई संवैधानिक तथा कानुनी रूपमा अधिकार प्राप्त हुनु, हाम्रा जनप्रतिनिधि शिक्षा क्षेत्रमा सुधार गर्न प्रतिबद्ध हुनु , स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु, तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सार्वजनिक शिक्षा प्रति अभिभावक र सरोकारवालाहरूको चासो बढ्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार हुनु, स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चतता हुनु, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर प्राप्त हुनुलाई शिक्षा क्षेत्रको अवसरका रूपमा लिइएको छ ।

# परिच्छेद ३ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## ३.१ दूरदृष्टि (Clear Vision)

"पहुँचयुक्त, गुणस्तरीय, प्रविधिमैत्री, प्राविधिक शिक्षा, पूर्वाधारसहितको बालमैत्री हरित विद्यालय आजको आवश्यकता"

## ३.२ लक्ष्य ( Goal )

विद्यालय शिक्षामा सबैको पहुँच र गुणस्तर सुनिश्चित गरी शिक्षाका माध्यमबाट प्रतिस्पर्धी, प्रविधिमैत्री एवम् सिपमूलक जनशक्ति उत्पादन गर्ने ।

## ३.३ उद्देश्यहरू ( Objectives)

माथि उल्लेखित दूरदृष्टि र लक्ष्य प्राप्तिका लागि तपसिल बमेजिमका उद्देश्यहरू तय गरिएको छ :

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु
३. विद्यालय शिक्षा पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्नु
४. अपाङ्गमैत्री तथा बालमैत्री सिकाइ वातावरणको विकास र विस्तार गर्नु
५. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नु
६. कक्षागत, तहगत र विषयगत शिक्षकको व्यवस्थापन गर्नु
७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
८. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्नु
९. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु
१०. आपत्कालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइको अवसर प्रदान गर्नु
११. विद्यालयलाई भौतिक रूपमा सम्पन्न बनाई र बालमैत्री हरित विद्यालय वातावरण निर्माण गर्नु
१२. जलवायु परिवर्तन उत्थानशीलताका लागि पर्यावरण सन्तुलन कायम राख्नु

## ३.४ रणनीतिहरू

**उद्देश्य नं. १ सँग सम्बन्धित रणनीतिहरू**

१.१. विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन गर्ने

१.२ विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चत गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने

१.३. विद्यालयबाहिर रहेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालय शिक्षामा ल्याउने

**उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिहरू**

२.१ आधारभूत र माध्यमिक तहमा बालबालिकाको नियमितता सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने

२.२. सिकाइ उपलब्धी परीक्षण गरी  गुणस्तर एकिन गर्ने

२.३ प्रत्येक कक्षाको वार्षिक परीक्षा विशिष्टिकृत रूपमा पालिका स्तरमा सञ्चालन गर्ने

**उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिहरू**

३.१  पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यक्रम प्रबोधीकरण र शिक्षक तालिम सञ्चालन गर्ने

३.२ शिक्षक अनुपस्थित भएको समयमा कक्षा नियमित हुने वैकल्पिक व्यवस्था मिलाउने

३.३ मूल्याङ्कन प्रणालीलाई पाठ्यक्रममा आधारित बनाइ मूल्याङ्कनको अभिलेखीकरणका लागि शिक्षकलाई जिम्मेवार बनाउने

**उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिहरू**

४.१ आर्थिक रूपले विपन्न सुविधाविहीन कठिन परिस्थितिमा रहेका बालबालिका र अपाङ्गता भएका बालबालिकाको शिक्षामा सहभागिता बढाउन छात्रवृत्तिको व्यवस्था

४.२ बालमैत्री कार्यढाँचा अनुरूप बालमैत्री पालिका घोषणा गर्ने

४.३ अपाङ्गताको प्रकार अनुसार आवश्यकताका आधारमा विशेष कक्षा सञ्चालन गर्ने

४.४ बालमैत्री, अपाङ्गतामैत्री सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको सुलभ व्यवस्थापन गर्ने

**उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिहरू**

५.१.स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक प्रबोधीकरणसम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने

५.२ स्थानीय रैथाने ज्ञान सिप तथा प्रविधिको विकास र विस्तार गर्ने

**उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीति**

६.१ विद्यार्थी सङ्ख्या र विषयगत आधारमा शिक्षक दरबन्दी मिलान तथा पूनर्वितरण गर्ने

६.२ विषयगत रूपमा नपुग शिक्षकका लागि तल्लो तहका शिक्षकलाई माथिल्लो तहमा प्रयोग गरी स्वयम् सेवक शिक्षकको समेत व्यवस्थापन गर्ने

६.३ विद्यार्थीको विद्यालयगत वास्तविक तथ्याङ्क अध्यावधिक गरी  राख्ने व्यवस्था गर्ने

**उद्देश्य नं. ७ सँग सम्बन्धित रणनीतिहरू**

७.१ शिक्षामा सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी तालिम सञ्चालन गर्ने

७.२ विद्यालयमा आइसिटी ल्याब स्थापना गरी सूचना तथा प्रविधिको प्रयोगमा जोड दिने

७.३ शिक्षामा सूचना तथा प्रविधिका माध्यहरूबाट  अनुगमन तथा पृष्ठपोषणको कार्य गर्ने

**उद्देश्य नं. ८ सँग सम्बन्धित रणनीतिहरू**

८.१ प्राविधिक र व्यावसायिक शिक्षाको सम्भाव्यताका आधारमा शिक्षालयको स्थापना र सञ्चालन गर्ने

८.२ प्राविधिक र व्यावसायिक शिक्षालाई सर्वसुलभ रूपमा सबैको पहुँच पुर्याउन विपन्न वर्गका लागि छात्रवृत्तिको व्यवस्था गर्ने

**उद्देश्य नं. ९ सँग सम्बन्धित रणनीतिहरू**

९.१ निरक्षरहरूको तथ्याङ्क सङ्कलन गरी साक्षरता शिक्षा सञ्चालन गर्ने

९.२ सामुदायिक सिकाइ केन्द्रमार्फत आधारभूत साक्षरता, साक्षरोत्तर, आयआर्जन र जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने

९.३ विद्यालय स्वागत, भर्ना अभियान र खानेपानी र सरसफाइका क्षेत्रमा टोल विकास संस्थाहरूलाई परिचालन गर्ने

**उद्देश्य नं. १० सँग सम्बन्धित रणनीतिहरू**

१०.१ आपतकालमा शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी विद्यालयहरूलाई योजना निर्माण गर्न अभिप्रेरित गर्ने

१०.२ सूचना तथा प्रविधिको अनलाईन माध्यमबाट सिकाई सहजीकरण कार्यक्रम सञ्चालन गर्ने

१०.३ आपत्कालिन अवस्थामा सिकाईमा हुने क्षति न्युनिकरणका लागि शिक्षकलाई तयारी गराउने

**उद्देश्य नं. ११ सँग सम्बन्धित रणनीतिहरू**

११.१ भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह विद्यार्थी संख्याको प्रक्षेपण र सिकाइ अनुकूलको आधारमा मापदण्ड विकास गर्ने

११.२ विद्यालय पूर्वाधार विकासका लागि सङ्घ प्रदेश स्थानीय तह स्थानीय समुदाय गैरसरकारी क्षेत्र र निजी क्षेत्र सामुदायिक सङ्घसंस्थाको परिपचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

११.३ भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार बिच समन्वय कायम गरी कार्य गर्ने

**उद्देश्य नं. १२ सँग सम्बन्धित रणनीतिहरू**

११.१ फोहोर मैला व्यवस्थापनका लागि बाल क्लबको सशक्तिकरण गर्ने

११.२ स्थानीय समुदाय, गैरसरकारी क्षेत्र , निजी क्षेत्र र सामुदायिक सङ्घसंस्थाको परिचालन गरी सचेतनामूलक कार्य गर्ने

११.३  हरित विद्यालय कायम गर्न विद्यालयलाई उत्प्रेरित गर्ने

## ३.५ अपेक्षित उपलब्धि

योजनाको दूरदृष्टि र लक्ष्य प्राप्तिका लागि तपसिलबमोजिमका अपेक्षित उपलब्धी हासिल हुनेछन् :

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेंछ

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर अभिबृद्धि भएको हुनेछ

३. विद्यालय शिक्षामा पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल भएको हुनेछ

४. अपाङ्गमैत्री तथा बालमैत्री सिकाइ वातावरणको विकास र विस्तार भएको हुनेछ

५. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको हुनेछ

६. कक्षागत, तहगत र विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ

७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ

८. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार भएको हुनेछ

९. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित भएको हुनेछ

१०. आपत्कालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको अवसर प्राप्त भएको हुनेछ

११. विद्यालय भौतिक रूपमा सम्पन्न भई हरित विद्यालय वातावरण निर्माण भएको हुनेछ

१२. जलवायु परिवर्तन उत्थानशीलताका लागि पर्यावरण सन्तुलन कायम भएको हुनेछ

## ३.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

तालिका नं १२: मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ९८.१ | ९४ | ९७ | ९९ | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित संस्करण २०८१ | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **८६.२** | **८९.५** | **९४.०** | **९९.०** | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८६ | १०० | १०० | १०० | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | | |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९८ | ९८.७ | ९९.५ | १०० | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित संस्करण २०८१ | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **९६.९** | **९७.५** | **९९.०** | **१००** | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १०९ | १०७ | १०६ | १०५ | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९८ | ९८.५ | ९९ | १०० | | |
| | | प्रदेश | ९६ | ९७ | ९७.२ | ९७.५ | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.०** | **९९.५** | **१००** | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | **११२** | **१०९** | **१०७** | **१०५** | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | **११०** | **१०५** | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९८ | ९८.६ | ९९ | १०० | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | **११२** | **१०९** | **१०७** | **१०५** | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **११३** | **११०** | **१०७** | **१०५.०** | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | स्थानीय | ९६.६ | ९७ | ९८.५ | १०० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | ९३.४ | ९५ | ९७ | ९९.९ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | २६ | २१ | १५ | १० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | १.७ | १.६ | १.५ | १.३ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ८५.६ | ९०.२ | ९८.६ | १०० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | | स्थानीय | ११२.३ | १०९ | १०७ | १०५ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | १०५ | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८८.३ | ९१.४ | ९३.८ | ९५ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ९०.३ | ९२.३ | ९४ | ९५ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.४ | १.३ | १.१५ | १.०५ | | |
| | | | प्रदेश | **NA** | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ३.४१ | ३.४७ | ३.५ | ३.६ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | गणित | स्थानीय | ३.४२ | ३.४६ | ३.५ | ३.६ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | अंग्रेजी | स्थानीय | ३.४४ | ३.५ | ३.५७ | ३.६ | | |
| | | | प्रदेश | **NA** | | | | | |
| | | | राष्ट्रिय | **NA** | | | | | |
| | | सेरोफेरो | स्थानीय | ३.४४ | ३.५ | ३.५४ | ३.६ | | |
| | | | प्रदेश | **NA** | | | | | |
| | | | राष्ट्रिय | **NA** | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका | नेपाली भाषा | स्थानीय | २.५१ | २.६ | २.८ | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०. | ७०.० | | |
| | | गणित | स्थानीय | २.५३ | २.८ | ३.० | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.९८ | ३.१ | ३.२ | ३.३ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | विज्ञान तथा वातावरण | स्थानीय | २.३३ | २.५ | २.८ | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | सामाजिक | स्थानीय | २.५ | २.७ | २.९ | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | २.९८ | ३.१ | ३.२ | ३.३ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | २.६८ | २.८ | ३.० | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | २.८१ | २.९ | ३.० | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| | | अंग्रेजी | स्थानीय | २.९२ | ३.० | ३.१ | ३.३ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | सामाजिक | स्थानीय | २.७९ | २.९ | ३.० | ३.२ | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| २.१९ | विद्यालयबाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | १.३ | ०.९ | ०.६ | ० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रियस | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | १.८ | १.० | ०.६ | ० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ४६.७ | ४७ | ४८.५ | ५० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४९.७ | ५५ | ६४ | ७५ | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | | प्रदेश | ६०.२ | ६४.५ | ६५.८ | ६७ | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | | स्थानीय | **७७.४** | **८४** | **९०** | **९९** | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.०५ | १.०४ | १.०२ | १.० | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |

| क्र.सं | सूचक | सूचकको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९८.४ | ९९ | ९९.४ | १०० | संस्करण २०८१ | |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ६७ | ७६ | ८७ | ९५ | | |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | २३ | २८ | ३८ | ४८ | | |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | १२ | १८ | २६ | ३३ | | |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | ३ | ५ | १० | १५ | | |
| | | | प्रा.व्या. | ४ | ८ | १५ | ३० | | |
| | | प्रदेश | विज्ञान | NA | | | | | |
| | | | प्रा.व्या. | NA | | | | | |
| | | राष्ट्रिय | विज्ञान | NA | | **१५.०** | **१५** | | |
| | | | प्रा.व्या. | **१०.०** | **१७.०** | **३०.०** | **३०** | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | २.७९ | २.९ | **३.१** | **३.२** | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | गणित | स्थानीय | २.२८ | २.४ | **२.८** | **३.२** | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | विज्ञान | स्थानीय | २.५२ | २.७ | **२.९** | **३.२** | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.७७ | २.९ | **३.१** | **३.२** | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| | | सामाजिक | स्थानीय | २.७१ | २.८५ | **३.१** | **३.२** | | |
| | | | प्रदेश | NA | | | | | |
| | | | राष्ट्रिय | NA | | | | | |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१पाँच वर्षभन्दा माथि) (%) | स्थानीय | | ६२ | ७२ | ९१ | १०० | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | स्थानीय | | ८४ | ८७ | ९४ | १०० | | |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९३ | ९५ | ९७ | १०० | | |
| | | प्रदेश | | NA | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१पाँच वर्षभन्दा माथि) | स्थानीय | ०.९१ | ०.९३ | ०.९६ | १.०० | संस्करण २०८१ | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८०** | | |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | २४ | ३६ | ५० | ७५ | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित संस्करण २०८१ | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | | |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १७:१ | १९:१ | २५:१ | ३०:१ | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित संस्करण २०८१ | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २९:१ | २९:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २२:१ | २३:१ | २७:१ | ३०:१ | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५१:१ | ४९:१ | ४५:१ | ३०:१ | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ५२:१ | ५०:१ | ४५:१ | ३०:१ | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | NA | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७. शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | १६ | १७ | १८ | २० | स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित संस्करण २०८१ | केन्द्र, प्रदेश र स्थानीयका प्राइमरी र स्केन्डरी तथ्याङ्क तथा प्रकासन, प्रतिवेदन तथा निर्णयहरु |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १९ | २२ | २४ | २६ | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | २६ | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १३ | १५ | १७ | २० | | |
| | | प्रदेश | NA | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | २० | | |

*स्रोत: संघ, प्रदेश तथा गाउँपालिका*

# परिच्छेद ४ : शिक्षाका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र: प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा व्यावसायक शिक्षाको वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ ओटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ ।

## ४.१ प्रारम्भिक बालविकास र शिक्षा

### ४.१.१ वर्तमान अवस्था

प्रारम्भिक बाल विकास र शिक्षा ४ वर्षका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गर्नु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्ग बनाउनु अनिसवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५  र राष्ट्रिय शिक्षा नीति, २०७६ ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गर्नु पाठ्यक्रम प्रारूप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरी चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ ।

प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्यमा  'विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ' भन्ने कुरा उल्लेख गरेको छ । प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास गर्ने रहेका छन् ।

विद्यालय शिक्षा क्षेत्र कार्यक्रमले कक्षा १ मा भर्ना हुने बालबालिकाले अनिवार्य रूपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको छ। शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ । उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा

बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान प्रदान गर्नुपर्दछ।

तालिका नं १३: सामुदायिक विद्यालय र समुदायमा रहेका बाल विकास केन्द्रहरूको विवरण

| क्र सं | विद्यालयको नाम | ठेगाना | प्रकार | मातृ विद्यालय | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | बुद्धआदर्श मावि | बुद्धशान्ति १ | विद्यालयमा आधारित | | २ |
| २ | आदर्श मावि | बुद्धशान्ति २ | विद्यालयमा आधारित | | २ |
| ३ | शान्ति आदर्श मावि | बुद्धशान्ति ६ | विद्यालयमा आधारित | | १ |
| ४ | गडिगाउँ मावि | बुद्धशान्ति ५ | विद्यालयमा आधारित | | ३ |
| ५ | त्रिभूवन मावि | बुद्धशान्ति १ | विद्यालयमा आधारित | | १ |
| ६ | गणेश मावि | बुद्धशान्ति ४ | विद्यालयमा आधारित | | १ |
| ७ | श्री माध्यमिक विद्यालय | बुद्धशान्ति ४ | विद्यालयमा आधारित | | १ |
| ८ | राष्ट्रिय विजय मावि | बुद्धशान्ति ७ | विद्यालयमा आधारित | | १ |
| ९ | नवकिरण मावि | बुद्धशान्ति ३ | विद्यालयमा आधारित | | १ |
| १० | सरस्वती आवि | बुद्धशान्ति ३ | विद्यालयमा आधारित | | २ |
| ११ | जनज्योति आवि | बुद्धशान्ति ५ | विद्यालयमा आधारित | | १ |
| १२ | नमुना आवि | बुद्धशान्ति १ | विद्यालयमा आधारित | | १ |
| १३ | शिशुसुधार आवि | बुद्धशान्ति ३ | विद्यालयमा आधारित | | ३ |
| १४ | नमुना आवि | बुद्धशान्ति ४ | विद्यालयमा आधारित | | २ |
| १५ | आदर्श आवि | बुद्धशान्ति ६ | विद्यालयमा आधारित | | १ |
| १६ | गौतमबुद्ध आवि | बुद्धशान्ति ५ | विद्यालयमा आधारित | | १ |
| १७ | सरस्वती बाल विकास केन्द्र | बुद्धशान्ति १ | समुदायमा आधारित | त्रिभूवन मावि | १ |
| १८ | आदर्श बाल विकास केन्द्र | बुद्धशान्ति २ | समुदायमा आधारित | आदर्श मावि | १ |
| १९ | आदर्श मिलन बाल विकास केन्द्र | बुद्धशान्ति २ | समुदायमा आधारित | आदर्श मावि | १ |
| २० | पाथिभरा बाल विकास केन्द्र | बुद्धशान्ति २ | समुदायमा आधारित | आदर्श मावि | १ |
| २१ | नवज्योति बाल विकास केन्द्र | बुद्धशान्ति २ | समुदायमा आधारित | आदर्श मावि | १ |
| २२ | योगा बाल विकास केन्द्र | बुद्धशान्ति २ | समुदायमा आधारित | सरस्वती आवि | २ |
| २३ | प्रतिभा बाल विकास केन्द्र | बुद्धशान्ति ३ | समुदायमा आधारित | बुद्धआदर्श मावि | १ |
| २४ | वीरेन्द्र बाल विकास केन्द्र | बुद्धशान्ति ४ | समुदायमा आधारित | श्री माध्यमिक विद्यालय | १ |
| २५ | लालीगुराँस बाल विकास केन्द्र | बुद्धशान्ति ४ | समुदायमा आधारित | गणेश मावि | १ |
| २६ | हरियाली बाल विकास केन्द्र | बुद्धशान्ति ७ | समुदायमा आधारित | राष्ट्रिय विजय मावि | १ |

*स्रोतः गाउँपालिका*

यस पालिकामा ५३ वटा पूर्व प्राथमिक/प्रारम्भिक बाल विकास केन्द्र/कक्षा छन्, जसमध्ये सामुदायिक २६ स्थानमा ३५ वटा र संस्थागत १९ वटा सञ्चालित छन् । समुदायिक पूर्व प्राथमिक/प्रारम्भिक बाल विकास केन्द्र/कक्षाहरू विद्यालयमा सञ्चालित छन् भने अझै १० वटा समुदायमै छन् । प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव लिएर कक्षा १ मा भर्ना हुने बालबालिकाको संङ्ख्या २०८१ मा ९९ प्रतिशत पुगेको छ । आधारभूत शिक्षाका उपलब्धि बढाउन प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव महत्त्वपूर्ण आधारमा रूपमा लिइएको छ । बालविकास केन्द्रहरूको संस्थागत विकास र क्षमता अभिवृद्धि गरी सुदृढ र सक्षम बनाउन अवश्यक छ। भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्ङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण गर्नु चुनौतिका रूपमा देखिएको छ ।

४.१.२ उद्‌देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु
३. प्रारम्भिक बालविकासका बालबालिकाहरूको स्वास्थ्य, व्यवहारमा परिवर्तन गर्नु

४.१.३ रणनीति

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने
२. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार विद्यालयमा आधारित बनाउने, पुनर्वितरण र समायोजन गर्ने
३. बाल विकास केन्द्रहरूलाई विद्यालयमा आधरित बनाई बालबालिकाको सङ्ख्याको आधारमा जनशक्तिको व्यवस्थापन गरी सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने
४. नमुना बालविकास केन्द्रको विकास र विस्तार गर्ने
५. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने
६. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने
७. सहयोगी कार्यकर्ता बालशिक्षकको क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने
८. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने
९. प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोगमा जोड दिने

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।
- सबै बालबालिकालाई पहुँचयुक्त, गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं १४: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | २२३० | २२३० | २२५० | २३०० | २३५० | २४०० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ० | ४ | ८ | १२ | १६ | २० |
| ३ | तालिम प्राप्त सहयोगी कार्यकर्ताको सङ्ख्या | ४ | ४ | ६ | ११ | २१ | ३४ |
| ४ | नमुना बाल विकास केन्द्रको सङ्ख्या | ० | ० | ० | १ | २ | ३ |
| ५ | लागत सहभागीतामा सञ्चालित बाल विकास केन्द्रको सङ्ख्या | ० | ० | ० | १ | २ | ३ |

*स्रोत: गाउँपालिका*

४.१.९ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं १५: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ५ | ५ | ९ | १० | १० | १६ | २२ |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | ४ | ४ | ८ | १० | १२ | १६ | १६ |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास | जना | ० | ३५ | ३५ | ३५ | ३५ | | ३५ |
| ४ | नमुना बाल विकास केन्द्र | केन्द्र | ० | ० | १ | २ | ३ | ७ | १६ |
| ५ | लागत सहभागितामा प्रविधि मैत्री बालकक्षा व्यवस्थापन | केन्द्र | ० | ० | १ | २ | ३ | ६ | १० |
| ६ | सरोकारवालाहरूसँगको सहकार्य | केन्द्र | ० | ० | १ | २ | ४ | ७ | ७ |
| ७ | स्मार्ट बाल कक्षा व्यवस्थापन | केन्द्र | ० | ४ | ४ | १२ | १६ | १६ | १६ |

*स्रोत: गाउँपालिका*

# ४.२ आधारभूत शिक्षा

४.२.१ वर्तमान अवस्था

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै आधारभूत ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्छ । यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका साथै  सामाजिक-आर्थिक रूपान्तरणमा सहभागी हुनका लागि सक्षम बनाउँछ । आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाले आधारभूत सिकाइ सिपहरू (गणित, साक्षरता, व्यवहारकुशल सिप, अन्तरवैयक्तिक सिप) सिक्छन् । यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो ।

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ । सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु सरकारको दायित्व हो । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ का अनुसार बालबालिकालाई विद्यालय पठाउन अभिभावकका साथै सरकारका तीनै तह जिम्मेवार छन् । यस खण्डमा आधारभूत शिक्षाको सन्दर्भ, चुनौती तथा अवसरहरूको पुनरवलोकन गरिएको छ । यसका आधारमा उद्देश्य, रणनीति, लक्षित प्रतिफल तथा मुख्य क्रियाकलापहरूको रूपरेखा प्रस्तुत गरिएको छ । शिक्षा ऐनको आठौँ संशोधनअनुसार आधारभूत शिक्षाअन्तर्गत प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्म पर्छ । शिक्षा निति २०७६ ले आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने कुरामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमले सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु पर्छ भन्ने कुरालाई जोड दिएको छ । राष्ट्रिय पाठक्रम प्रारूप २०७६ अनुसार आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुनेछन् ।

आधारभूत शिक्षाका १२ सक्षमताहरूमा देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन, भाषिक तथा सञ्चार सिपको विकास र व्यवहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग, सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना

प्रविधिको समुचित प्रयोग, तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग, वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग, मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग, जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग, शारीरिक तन्दुरूस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास, स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग, नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सह-अस्तित्व बोध तथा स्वीकार, दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान रहेका छन्।

यस पालिका भित्र आधारभूत तह सञ्चालित सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरू ३५ वटा रहेका छन्। त्यसमा कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय ५ वटा कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालय ११ वटा कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय ११ वटा कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालय ८ वटा रहेका छन्। यस पालिकामा आधारभूत तह सञ्चालित सामुदायिक विद्यालय १२ वटा धार्मिक २ वटा रहेका छन्। सामुदायिकतर्फ कक्षा १ देखि ५ सम्म ३ वटा तथा कक्षा १ देखि ८ सम्म ४ वटा विद्यालयहरू सञ्चालित रहेका छन् । यस पालिकामा आधारभूत तह सञ्चालनमा रहेका संस्थागत विद्यालय ६ वटा रहेका छन्। कक्षा १ देखि ८ सम्म ५ तथा कक्षा १ देखि ५ सम्म १ वटा विद्यालयहरू सञ्चालित रहेका छन्।

आधारभूत तहमा ८४.१ प्रतिशतको खुद भर्ना छ। आधारभूत शिक्षाको पहुँचमा उल्लेख्य वृद्धि भएको छ । आर्थिक रूपले विपन्न तथा सीमान्तकृत समुदायका दलित, जनजाति तथा सङ्कटापन्न अवस्थामा रहेका कतिपय बालबालिकाको आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहका विद्यालय जाने उमेर (५-१२) का करिव १५ प्रतिशत बालबालिका अझै विद्यालयबाहिरै भएको तथ्याङकले देखाउँछ। यिनीहरूको कक्षा दोहोर्याउने र छाड्ने दर पनि बढी छ। लैङ्गिक, जात/जाति, स्थान, सामाजिक-आर्थिक स्तर, अपाङ्गता चेतना स्तर आदिका कारणले बालबालिकाको पहुँच तथा सहभागितामा वृद्धि हुन सकेको छैन। शिक्षक पेसागत विकासका लागि शिक्षक सहयोग प्रणालीको विकास पालिका स्तरमा हुनु पर्छ। शिक्षक, प्रअ, विव्यस पदाधिकारीहरू विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरूमा अनुकूल सिकाइ वातावरण सुनिश्चित हुनु आवश्यक छ। सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि विषय शिक्षकको यथेष्ट व्यवस्था हुन नसकेकाले पालिकाको अनुदान र समुदायस्तरको सहयोगमा शिक्षक व्यवस्थापन गरिएको छ। आधारभूत तहको कक्षा १-५ का लागि स्वीकृत शिक्षक-विद्यार्थी अनुपातको मापदण्डबमोजिम स्थानीय तहमा शिक्षकको विद्यालयगत पुनर्वितरण गरिँदै आएको छ।

आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल नै नगरी कक्षोन्नतिको निरन्तरता दिनु चुनौतीका रूपमा रहेको छ। प्राय कक्षाहरूमा विद्यार्थीको सिकाइ उपलब्धि न्यून छ। आधारभूत भाषिक र गणितीय समस्या समाधान गर्न नसक्ने भएकाले यो ध्यान दिनुपर्ने विषय भएको छ। विद्यार्थीहरू सिकाइमा कसरी संलग्न गराइन्छन् र उनीहरूलाई कसरी सहजीकरण गरिन्छ भन्ने कुराको पुनरवलोकन गर्नुपर्नेमा जोड दिनु आवश्यक छ।

पढाइमा सक्षम नभएका, गणितमा कमजोर तथा उमेरअनुसार व्यावहारिक कार्य गर्न नसक्ने बालबालिकाका लागि पालिका स्तरमा सिकाइको गति बढाउने कार्यक्रमका साथ सिकाइको आपुरणमा सहजीकरण गर्न तत्कालै सुधारका उपायहरू अवलम्बन गर्नु आवश्यक छ। पाठ्यक्रमको सान्दर्भिकतामा अभिवृद्धि र यसको प्रभावकारी कार्यान्वयमा निरन्तर सुधार आवश्यक छ। शैक्षणिक सुधार गर्न शिक्षकको तयारी तथा विकास, अनुगमन, सुपरिवेक्षण तथा पेसागत विकासको व्यवस्था हुनु पर्दछ।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका विद्यालयहरूमा विद्यार्थीको सङ्ख्यामा आएको परिवर्तनलाई सम्बोधन गर्न आवश्यक छ। विद्यालयको भौतिक तथा शैक्षिक अवस्थालाई पहुँचयोग्य तथा समावेशी बनाउन आवश्यक छ। विद्यालयहरूको व्यवस्थापन अपाङ्गमैत्री पूर्वाधारयुक्त बनाउन र आपत्काल तथा सङ्कटका अवस्थामा बालबालिकाको सुरक्षा र सिकाइ सुनिश्चित गर्न र सुरक्षित खानेपानी, सरसफाइ तथा आधारभूत स्वास्थ्य पोषणको प्रत्याभूति गर्न चुनौती देखिन्छ।

### ४.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, प्रविधिमैत्री , अपाङ्गमैत्री तथा समावेशी, भयरहित र सुरक्षित बनाउनु

### ४.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने
३. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा बहुकक्षा शिक्षण सिकाइलाई प्रवर्धन गर्ने
४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
५. प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप प्रवर्द्धन गर्ने
६. विद्यालयबाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
७. विद्यालय शान्ति क्षेत्र कायम गर्ने
८. सबै विद्यालयमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पूरा गराउने
९. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
१०. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा उपलब्धि परीक्षण गर्ने
११. आवश्यकताका आधारमा उपचारात्मक तथा सुधारात्मक कक्षाको व्यवस्थापन गर्ने
१२. आधारभूत तहको शिक्षालाई गुणस्तरीय बनाउन अंग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण गर्ने

१३. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
१४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमताविकासका लागि तालिम गोष्ठी सञ्चालन गर्ने
१५. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
१६. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
१७. विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि प्रधानाध्यापक र शिक्षकलाई उत्तरदायी र जवाफदेही बनाउने
१८. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
१९. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल स्थानीय पाठ्यसामग्री सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
२०. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन विद्यालयहरूको क्षमता विकास गर्ने
२१. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
२२. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
२३. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा र अतिरिक्त क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
२४. विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, वृक्षरोपण आदि जस्ता कार्यक्रम समावेश गर्ने
२५. बाल क्लब स्काउट जुरेस गठन क्षमता विकास र परिचालन गर्ने
२६. आवश्यकताका आधारमा धार्मिक प्रकृतिका विद्यालयको संरक्षण र संवर्धन गर्ने

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ।
- आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

*तालिका नं १६: नतिजा तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ९३ | ९३ | ७५ | २५ | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी संख्या | ५९९५ | ५९९५ | ६१२३ | ६२३४ | ६९८९ | ७३०० |
| ३ | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | ११८ | ११८ | १२० | १२२ | १२२ | १२२ |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ३ | ३ | ७ | १२ | १६ | १६ |
| ५ | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भएका विद्यालय | २ | २ | २ | ४ | ६ | ७ |
| ६ | हरित विद्यालयको संख्या | ० | ० | १ | २ | ३ | ४ |

*स्रोतः गाउँपालिका*

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

*तालिका नं १७: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय सेवा क्षेत्र सर्वेक्षण | पटक | १ | १ | १ | २ | २ | २ | ३ | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | २ | २ | ४ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन भएका विद्यालय | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ४ | पठन तथा गणितीय सिप प्रवर्धन भएका विद्यालय | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ५ | विद्यार्थी सिकाई उपलब्धि परीक्षण | पटक | ० | १ | २ | ३ | ४ | ५ | ९ | |
| ६ | इ लाइबेरी प्रयोगशाला विस्तार सञ्चालन र प्रयोग | सङ्ख्या | ४ | ४ | ५ | ५ | ६ | ६ | ११ | |
| ७ | दिवा खाजा र सेनिटरी प्याड वितरण विद्यालय सङ्ख्या | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ८ | बुक कर्नर (सिकाइ कुना) सञ्चालन र प्रयोग | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ९ | विद्यालयको क्षमता विकास | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| १० | अभिभावक शिक्षा | सङ्ख्या | ६०० | ८०० | १००० | १२०० | १५०० | १५०० | ३००० | |
| ११ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | २ | २ | ३ | ३ | ६ | |
| १२ | पाठ्यपुस्तक वितरण | | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| १३ | छात्रवृत्ति वितरण र उत्कृष्ट विद्यार्थी प्रोत्साहन | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| १४ | अंग्रेजी माध्यमको शिक्षा प्रवर्धन | सङ्ख्या | १४ | १४ | १५ | १६ | १६ | १६ | १६ | |
| १५ | शिक्षक तालिम र क्षमता विकास | सङ्ख्या | २५ | ७५ | १०० | १५० | २०२ | २०२ | २०२ | |
| १६ | अतिरिक्त क्रियाकलाप | पटक | १ | १ | २ | ३ | ४ | ४ | ९ | |
| १७ | विषयगत समूह गठन र परिचालन | पटक | १ | १ | २ | ३ | ४ | ४ | ९ | |
| १८ | बाल सञ्जाल निमार्ण क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | २ | २ | २ | ४ | |
| १९ | स्थानीय पाठ्यक्रमको चरणबद्ध कार्यान्वयन कक्षा | निरन्तर | ० | ४ | ५ | ६ | ८ | ८ | ८ | |
| २० | विपन्न वर्गका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण | निरन्तर | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| २१ | धार्मिक प्रकृतिका विद्यालय सञ्चालन तथा प्रोत्साहन | निरन्तर | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| २२ | वैकल्पिक शिक्षा सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | २ | |

*स्रोतः गाउँपालिका*

# ४.३ माध्यमिक शिक्षा

४.३.१ वर्तमान अवस्था

माध्यमिक शिक्षा कक्षा ९-१२ मा दिइने शिक्षा हो। यसलेआधारभूत मूल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारयुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ। यस तहको शिक्षाले नागरिकलाई उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ। नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क पाउने अधिकारको प्रत्याभूतिका साथै सबै नागरिकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को विकास गरी यसका आधारमा २०७७ देखि नयाँ पाठ्यक्रमको कार्यान्वयन आयो। प्रारूपले गुरूकुल, गोन्पा, विहार, मदर्सा, मुन्धुम लगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटेको छ। माध्यमिक शिक्षालाई साधरण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरेको छ। कक्षा ९ र १० को साधरण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन गरी पाँच वटा अनिवार्य विषयहरू र २ वटा ऐच्छिक विषयहरू रहनेछन। यसै गरी कक्षा ११ र १२ को साधरण शिक्षातर्फ अनिवार्य विषयका रूपमा अङ्ग्रेजी, नेपाली र सामाजिक अध्ययन तथा जिवनपयोगी शिक्षा/अनिवार्य गणित अनिवार्य विषयका रूपमा छन भने तीनओटा ऐच्छिक विषय समावेश गरिएको छ। यसको अतिरिक्त कक्षा ११ र १२ मा एच्छिक विषयको रूपमा अतिरिक्त एक ऐच्छिक विषय थप गर्न सकिने छ। प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू भएकोमा यस पालिकामा कम्प्युटर इन्जिनियरिङ विषयको पढाइ भइरहेको छ। शिक्षण सिकाइ क्रियाकलापका लागि कक्षा ९ र १० का लागि १०२४ घण्टाको पाठ्यघण्टा र कक्षा ११ र १२ का लागि जम्मा ८६४ घण्टाको पाठ्यघण्टाको व्यवस्था गरिएको छ। साथै उमेरगत रूपमा १३ र १४ वर्षसम्म कक्षा ९-१० र १५ र १६ वर्षसम्म कक्षा ११-१२ लाई उमेर समूह मानिएको छ। तहगत रूपमा कक्षा ९-१० लाई तह चार र कक्षा ११-१२ लाई तह पाँच मानिएको छ।

माध्यमिक तहको शिक्षा ८ वटा सामुदायिक र ११ वटा संस्थागत विद्यालयहरू रहेका छन्। प्राविधिक धारतर्फ आदर्श मा वि मा कम्प्युटर इन्जिनियरिङ विषय ( कक्षा ९-१२) को पठनपाठन हुँदै आएको छ। माध्यमिक तह कक्षा ११ र १२ को शिक्षा ५ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरूले अध्यापन गर्दै आएका छन्। माध्यमिक तह साधारण कक्षा ९ र १० मा ६६५ र प्राविधिक धार कम्प्युटर इन्जिनियरिङ विषयमा ६४ जना विद्यार्थीहरू तथा माध्यमिक तह साधारण तर्फ कक्षा ११ र १२ मा ४२३ र प्राविधिक धार कम्प्युटर इन्जिनियरिङ विषयमा ५४ जना विद्यार्थीहरू अध्ययनरत छन्।

दिगो जीवनयापनका लागि शिक्षाको सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी सिकाइलाई एकीकृत गर्न आवश्यक छ। शिक्षक शिक्षण सिकाइ सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी नयाँ ज्ञान, सिप तथा प्रविधियुक्त हुनुपर्छ। पाठ्यक्रम, परीक्षा प्रणाली तथा जीवनोपयोगी सिपका साथै शिक्षकका लागि

प्रोत्साहन, विद्यालय वातावरण तथा अभिभावकसँगको सम्बन्धमा सुधार गर्न आवश्यक छ। विद्यालयलाई भय, विभेद, दुर्व्यवहारबाट मुक्त राखी प्रविधिमैत्री/बालमैत्री/लैङ्गिकमैत्री बनाउनुपर्छ। कमजोर विद्यार्थी सिकाइ उपलब्धि माध्यमिक तहमा प्रमुख चुनौतीको रूपमा रहेको छ। आवश्यक सिकाइ तथा सिप र सिकाइका लागि उपयुक्त भौतिक तथा शैक्षिक वातावरणको न्यून उपलब्धतामा नै विद्यार्थीहरू माध्यमिक शिक्षामा स्तरोन्नति भएको देखिन्छ। विद्यार्थीको सिकाइका लागि सम्बद्ध पक्ष उत्तरदायी हुनु पर्छ। सिकाइका लागि प्रविधिको उपयुक्त प्रयोगमा शिक्षकको क्षमता सुदृढीकरण गर्नु आवश्यक छ।

माध्यमिक विद्यालयहरूमा सक्षम तथा योग्य विषय शिक्षक्षकहरूको आवश्यक सङ्ख्यामा व्यवस्था गर्न सकिएको छैन। सामुदायिक माध्यमिक विद्यालयमा विषय शिक्षकको व्यवस्था हुन नसकेकाले शिक्षण सहयोग अनुदान पालिकाको अनुदान तल्लो तहका शिक्षकहरूको परिचालन गरी पठनपाठन, समुदायस्तरको सहयोगमा शिक्षक व्यवस्थापन तथा तल्ला तहका शिक्षकहरूको परिचालन गरिएको छ। आधारभूत तहको कक्षा १-५ का लागि स्वीकृत शिक्षक-विद्यार्थी अनुपातको मापदण्डबमोजिम माथिल्लो तहमा शिक्षकको सङ्ख्यात्मक गणना गरी स्थानीय तहमा शिक्षकको विद्यालयगत पुनर्वितरण गरिँदै आएको छ।

माध्यमिक शिक्षामा विद्यार्थी भर्ना तथा प्रतिस्पर्धामा उल्लेख्य प्रगति भएको भएतापनि माध्यमिक तहको उमेर (१३- १६ वर्ष) का ४४ प्रतिशतको ठुलो सङ्ख्या अझै विद्यालयको पहुँचभन्दा बाहिर छ। माध्यमिक शिक्षामा विशेष गरी न्यून सामाजिक- आर्थिक अवस्था, अपाङ्गता, दलित समुदाय, सीमान्तकृत क्षेत्रका बालबालिकाको सहभागिता तथा टिकाउ दर कम छ। माध्यमिक तहको सबै कक्षाका परीक्षाको नतिजाले अंग्रेजी गणित, सामाजिक र विज्ञान जस्ता मुख्य विषयहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नका लागि अझै कढा मेहनत गर्नुपर्ने देखिन्छ। यस अन्तर्गत अपाङ्गता/समावेशी संरचना, बालबालिकाको सुरक्षा तथा आपत्कालीन अवस्थामा सिकाइको सुनिश्चितता गर्ने, सुरक्षित खानेपानी तथा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने विषय जटिल छ। विद्यालयबाहिर रहेका कमजोर सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दलित समुदायका किशोरी, सीमान्तकृत विपन्न बालबालिकाको सहभागिता तथा उनीहरूलाई टिकाइराख्ने कार्य चुनौतीपूर्ण छ।

४.३.२ उद्देश्य

१. माध्यमिक शिक्षालाई सर्व सुलभ बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरणलाई प्रविधिमैत्री, प्रतिस्पर्धी, समावेशी र सुरक्षित बनाउनु

४.३.३ रणनीति

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने
३. विद्यालय वाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

५. विद्यालय शान्ति क्षेत्र कायम गर्ने
६. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने
७. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
८. शिक्षकका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने
९. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
१०. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने
११. विद्यालयलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने।
१२. कक्षा ११-१२ मा विज्ञान तथा प्राविधिक विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार विकास तथा विद्यार्थी प्रोत्साहन गर्ने
१३. प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने
१४. विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि प्रधानाध्यापक र शिक्षकलाई उत्तरदायी र जवाफदेही बनाउने
१५. न्युनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीहरूका लागि अतिरिक्त उपचारात्मक कक्षा संचालन गर्ने
१६. प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीलाई व्यावहारिक र प्रयोगात्मक अभ्यास सहितका सिकाई प्रक्रिया सञ्चालन गर्ने
१७. हरित विद्यालय विकासका लागि बाल क्लबको क्षमता विकास तथा परिचालन गर्ने

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ।

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण प्रविधिमैत्री, प्रतिस्पर्धी, समावेशी र सुरक्षित भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

*तालिका नं १८: नतिजा तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १९१७ | १९१७ | १९८५ | २०५० | २१०० | २२३० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ९५४ | ९५४ | १०७५ | ११२५ | ११७५ | १२५० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | २७ | २७ | ४० | ६० | ८० | १०० |
| ४ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ४७ | ४७ | ६० | ७० | ८० | ९६ |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ३ | ३ | ५ | ६ | ८ | १० |
| ६ | तालिम प्राप्त शिक्षक सङ्ख्या | ३७ | ३७ | ३९ | ४१ | ४२ | ४२ |
| ७ | पुस्तकालय विज्ञान प्रयोगशाला आइसीटी ल्याब सञ्चालन भएका | ८ | ८ | ८ | ९ | १० | १० |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | विल्यालय सङ्ख्या | | | | | | |
| ८ | उपचारात्मक शिक्षण सिकाइमा सहभागी हुने विद्यार्थी सङ्ख्या | ८० | ८० | १२० | १४० | १६० | २०० |
| ९ | हरित विद्यालयको सङ्ख्या | ० | ० | २ | ४ | ७ | १० |
| १० | शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ४ | ७ | १२ | १४ | १६ |

*स्रोतः गाउँपालिका*

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं ११: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | १ | २ | २ | २ | ४ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| २ | मापदण्ड अनुसारशिक्षक व्यवस्थापन गर्ने विद्यालय | सङ्ख्या | ८ | ८ | ८ | ९ | १० | १० | १० | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | ८ | ८ | ९ | १० | १० | १० | १० | |
| ४ | बुक कर्नर (सिकाइ कुना ) | सङ्ख्या | ८ | ८ | ९ | १० | १० | १० | १० | |
| ५ | विद्यालयको क्षमता विकास | सङ्ख्या | ५ | ५ | ६ | ८ | १० | १० | १० | |
| ६ | अभिभावक शिक्षा | सङ्ख्या | ० | ८० | १०० | १२० | १४० | १४० | ३०० | |
| ७ | विषयगत शिक्षक दरबन्दी मिलान | पटक | ० | १ | १ | २ | २ | २ | ४ | |
| ८ | पाठ्यपुस्तक वितरण | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ९ | शिक्षक तालिम र क्षमता विकास | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| १० | अतिरिक्त क्रियाकलाप | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ११ | विषयगत शिक्षक समूह गठन | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १२ | बाल क्लव सञ्जाल निर्माण, क्षमता विकास परिचालन | पटक | ० | १ | १ | २ | २ | २ | ४ | |
| १३ | उपचारात्मक कक्षा व्यवस्थापन | **सङ्ख्या** | ० | २ | ५ | ७ | १० | १० | २० | |
| १४ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| १५ | उत्कृष्ट विद्यार्थी प्रोत्साहन | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| १६ | वैकल्पिक शिक्षा | वटा | ० | ० | १ | १ | १ | १ | २ | |
| १७ | प्राविधिक धारको विकासका लागि अनुदान तथा प्रोत्साहन | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| १८ | विपत् जोखिम न्यूनीकरण लागु औषध दुर्व्येसन वातावरण संरक्षण सम्बन्धी विद्यार्थी प्रशिक्षण | पटक | ० | ५० | १०० | १५० | २०० | २०० | ५०० | |

*स्रोतः गाउँपालिका*

# ४.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

४.४.१ वर्तमान अवस्था

नागरिक शिक्षाका धारहरू मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (CTEVT) एक महत्वपूर्ण क्षेत्र हो जसले नागरिकहरूलाई उत्पादन तथा सेवामूलक उद्योग, उद्यम तथा व्यवसाय सञ्चालन गर्ने व्यवस्थापकीय तथा प्राविधिक ज्ञान र सिप उपलब्ध गराउँदछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले नागरिकहरूलाई रोजगारी दिनका साथै स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा कुल गार्हस्थ उत्पादन वृद्धि गर्न योगदान गर्दछ । नेपालमा साधारण शिक्षाले देशमा रोजगारी बढाउन नसकेको गुनासो नागरिकको मुखमा रहिआएको छ र वास्तविकता पनि यही नै छ । विपन्न र न्यून आय भएका परिवारको बाहुल्य रहनु र शिक्षामा प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको अभाव हुनु दुवै अवस्थाले नागरिकहरूमा झन वेरोजगारी र विपन्नता निम्त्याउँछ । तसर्थ, नेपाल सरकारले माध्यमिक शिक्षासँग प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम जोडेर लैजानुपर्ने आवश्यकता महसुस गरी शिक्षा सम्बन्धी नीति, कानुन र योजनामा समावेश गर्रिंदै ल्याइएको छ ।

हाम्रो पालिका सहरोन्मुख स्थानीय तह भएकाले जनसङ्ख्याको चाप बढ्दो छ । यहाँ कृषियोग्य भूमिको उपलब्धता रहेकोले कृषिजन्य उत्पादनका लागि दक्ष जनशक्तिको खाँचो छ । त्यस्तै निजी तथा सार्वजनिक भवन संरचनाको निर्माण कार्य निरन्तर भैरहेको हुँदा उक्त निर्माण क्षेत्रमा दक्ष सिकर्मी तथा डकर्मीको माग पनि उत्तिकै रहेको छ । यहाँ उत्पादन हुने जनशक्तिले पालिका भित्र र बाहिरका स्थानहरूमा समेत पहुँच पुग्न सक्ने भएकोले प्लम्बर, इलेक्ट्रिसियन, इलेक्ट्रोनिक्स, कृषि तथा पशु प्राविधिक, इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ क्षेत्रका जनशक्तिहरूको बजार माग र सम्भावना उच्च रहेको छ । यहाँ ऐतिहासिक तथा पर्यटकीय स्थलहरू समेत रहेका छन् । पर्यटकीय स्थलहरूमा होटेल तथा अन्य व्यापार व्यवसाय आदि सञ्चालन गर्न सकिने भएको हुँदा सोको लागि दक्ष र सिपालु जनशक्ति उत्पादन गरी रोजगारी बढाउन सकिने सम्भावना रहेको छ । वैदेशिक बजारहरूमा पनि दक्ष र सिपालु जनशक्तिले रोजगारी पाउने भएको हुँदा यहाँका नागरिकहरूलाई प्राविधिक शिक्षामा पहुँच पुर्याउन आवश्यक देखिएको छ ।

यस पालिकामा विद्यालय उमेरका बालबालिकालाई लक्षित गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा उल्लेखनीय कार्यहरू गर्न आवश्यक छ । आवधिक शिक्षा विकास योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार यस पालिकामा सामुदायिक स्तरबाट सञ्चालित १ वटा कम्प्युटर इन्जिनियरिङ पढाइ हुने प्राविधिक धारको शैक्षिक संस्था रहेको छ।

विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप सेवा प्रदायक बीचमा सहकार्य र साझेदारी नभएको । सामान्य साक्षर र निरक्षर महिला/पुरूष प्राविधिक शिक्षा तथा व्यावसायिक सीपबाट वञ्चित रहनु प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका संस्थागत/निजी सेवा प्रदायकहरूसँगको समन्वय र साझेदारीमा कमी हुनु आवधिक योजनामा समस्या तथा चुनौतीहरू पहिचान गरिएका छन् ।

४.४.२ उद्देश्य

१. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसर उपलब्ध गराउने

४.४.३ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ३० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने
२. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ३० प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं २०: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | २ | ३ | ३ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | १०५ | १०५ | १२० | १३० | १६० | १९२ |

*स्रोतः गाउँपालिका*

४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं २१: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | **माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी** | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | ४ | |
| २ | **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन** | सङ्ख्या | ० | ० | २ | २ | २ | २ | ५ | |
| ३ | **विद्यार्थीका लागि छात्रवृत्तिको अवसर** | सङ्ख्या | ० | ० | १० | १५ | २० | २० | ६० | |

*स्रोतः गाउँपालिका*

# ४.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

४.५.१ वर्तमान अवस्था

अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सिप तथा सक्षमताहरूको विकास गर्छ। जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ। औपचारिक शिक्षा पद्धतिभन्दा बाहिर हुने सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू छन्।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट माधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसरी सरकारले साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरी नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। संचालनमा रहेका सिकाइ केन्द्रको व्यवस्थापन प्रभावकारी हुन सकिरहेको छैन। सरकारले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा सामुदायिक सिकाइ केन्द्रहरूको अवस्था संकटमा परिरहेको छ।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षारता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ। अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने कार्यक्रम यस अन्तरगत पर्दछन्। यसले विद्यालय प्रणाली छोड्ने बालबालिका तथा किशोर किशोरीहरूका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि अवसर प्रदान गर्दछ।

निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँच र साक्षरता तथा जीवनपर्यन्त सिकाइको गुणस्तर बढाउने, बालबालिका, किशोरकिशोरी तथा प्रौढ, निरक्षर तथा नवसाक्षरहरूका लागि निरन्तर शिक्षा प्रदान गर्ने कार्य सामुदायिक सिकाइ केन्द्रमार्फत प्रवाह गर्ने परिकल्पना गरिएकामा हाल यस पालिका अन्तरगत २ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना भई सञ्चालनमा रहेका छन्। यस पालिकाका सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्र नभएकाले चेतना सामुदायिक केन्द्रले वडा नं १ २ र ३ तथा शान्तिनगर सामुदायिक केन्द्रले वडा नं ४ ५ ६ र ७ लाई आ आफ्नो कार्यक्षेत्र बनाएर गतिविधि गरिरहेका छन्। निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउने नीति रहे तापनि यस पालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरू आफ्ना नियमित कार्यमा मात्र सीमित रहेका छन्।

विभिन्न माध्यमबाट प्राप्त ज्ञान तथा सिपको प्रमाणीकरण गर्ने प्रावधानको अभावले प्रौढहरू औपचारिक क्षेत्रमा रोजगारीका अवसरबाट वञ्चित हुन सक्छन्। सीमित साक्षरोत्तर तथा निरन्तर शिक्षाका कार्यक्रमको

आकर्षणमा कमी हुनुको मुख्य कारण पनि यही हो । त्यसकारण अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा कार्यक्रमहरूलाई विविधतायुक्त बनाई आवश्यकतामा आधारित कार्यमूलक तथा पेसागत सिप प्रदान गर्नु आवश्यक छ। व्यवहारकुशल सिप र पूर्वव्यावसायिक कार्यक्रमको सञ्चालनसहित संस्थागत संरचना तथा क्षमता विकास सबै तहका सरकारबिच समन्वय एवम् सहकार्यको विकास गर्नु आवश्यक छ। सामुदायिक सिकाइ केन्द्रलाई जीवनपर्यन्त सिकाइ तथा सिप विकास गराउने थलोका रूपमा विकास गर्नुपर्छ।

अभिभावक शिक्षा, अनौचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा निरन्तर सिकाइ र विशेष शिक्षाको अधिकार स्थानीय तहमा आउनु, सामुदायिक सिकाइ केन्द्रको सहकार्यमा साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसर हुनु, सामुदायिक सिकाइ केन्द्रको सहभागितामा विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा ल्याउनु, विद्यालयमा नियमित गराउनु, अनौपचारिक शिक्षा र सिप आर्जन गर्ने व्यक्तिलाई समूहमा आवद्ध गरी समुदाय स्तरमा रोजगार र व्यक्तिगत रूपमा स्वरोजगार बन्ने अवसर प्राप्त हुनु, अनौपचारिक शिक्षाबाट साक्षरता कक्षा र निरन्तर शिक्षा पूरा गरी सिप आर्जन गर्ने व्यक्तिलाई सिप परीक्षणमा सहभागी हुने अवसर हुनु, अतिरिक्त शिक्षा र व्यक्तिगत रूपमा सिप आर्जन गरेका व्यक्तिलाई साक्षरता र निरन्तर शिक्षाको कार्यक्रममा गराई सिप परीक्षण गरी समकक्षता निर्धारण गर्ने अवसर हुनु, खुल्ला विद्यालय मार्फत कक्षा १२ सम्मको शिक्षा प्राप्त गर्ने जस्ता अवसर रहेका छन्।

आवश्यकतामा आधारित निरन्तर शिक्षासगँ सम्बन्धित ढाँचा तथा कार्यान्वयन गर्नु, सिकाइ सामग्री विकास तथा साक्षर व्यक्तिहरूलाई निरन्तर शिक्षाको कार्यक्रम दिनु, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई समय सापेक्ष प्रविधियुक्त र कार्यमूलक बनाउनु, अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरू परम्परागत रहनु, साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेको ज्ञान र सिपलाई रोजगारसँग जोडनु, सिपको प्रमाणीकरण गरी रोजगारको अवसरसँग जोड्नु, अनौपरारिक शिक्षा तथा निरन्तर सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु, साक्षरता सिपलाई उद्यमसीलतासँग जोड्नु, साक्षरता र निरन्तर शिक्षाको कार्यक्रममा गराई सिप परीक्षण गरी समकक्षता निर्धारण गर्नु चुनौति रहेका छन्

४.५.२ उद्‌देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने

४.५.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी बहुभाषिक साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

३. सिकारूका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने
४. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक वैकल्पिक, खुला विद्यालयको सुदृढीकरण गर्ने
५. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने
६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र समकक्षता प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं २१: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | ९६५ | ९६५ | ९६७ | ९६८ | ९७५ | ९८० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) (%) | ९४४ | ९४४ | ९४४ | ९४८ | ९५६ | ९६६ |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | ० | ० | २ | २ | २ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | १ | १ | १ | २ | २ | ३ |
| ५ | खुला विद्यालयको सङ्ख्या | ० | ० | ० | १ | ० | ० |

*स्रोत: गाउँपालिका*

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं २३: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | ० | १ | २ | ३ | ४ | ४ | ६ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ० | ७ | १० | १२ | १४ | १४ | २० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र सामुदायिक सूचना केन्द्र | वटा | ० | २ | २ | २ | २ | २ | २ | |
| ४ | सामुदायिक पुस्कालयको व्यवस्थापन | वटा | ० | ० | २ | २ | २ | २ | २ | |
| ५ | सिपमुलक जीवनपर्यन्त शिक्षा | पटक | ० | ० | १ | २ | ३ | ३ | ६ | |
| ६ | धार्मिक तथा सस्कार शिक्षा | वटा | २ | २ | ३ | ४ | ४ | ४ | ५ | |

*स्रोत: गाउँपालिका*

# ४.५.६ उच्च शिक्षा

माध्यमिक वा विध्यालय तहको शिक्षा पुरा गरेर त्यसभन्दा माथिल्लो तहको शिक्षा वा सिकाई प्रदान गर्ने शैक्षिक प्रणालिलाई उच्च शिक्षा भनिन्छ । उच्च शिक्षालाई कुनै पनि देशको सबै क्षेत्र र पक्षको सन्तुलित विकासको मुख्य आधारशिलाको रुपमा लिने गरिन्छ । महाविध्यालय , विश्वविध्यालय र अन्य प्राविधिक तथा व्यवसायिक शिक्षाहरु उच्च शिक्षा अन्तर्गत पर्दछन् । यो राज्यको औपचारिक शिक्षाको विशिष्ट र उच्चतम तह हो । प्रत्येक देशले उच्च शिक्षाको विकास र विस्तारको लागि आवश्यक नीतिगत , कानुनि , संस्थागत र अन्य व्यवस्थाहरु गरेको पाईन्छ | नेपालको वर्तमान सन्दर्भमा राज्यको तीन तहको संरचना र वदलिंदो विश्वपरिवेश अनुरुप उच्च शिक्षाको व्यवस्थापन गर्ने प्रयासहरु भईरहेको पाइन्छ ।

राष्ट्रको सर्वाङ्गीण विकासमा शिक्षाले अहं भूमिका निर्वाह गर्दछ । देशमा विद्यमान स्रोत साधनको समुचित परिचालन एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको सहयोग समेत जुटाइ गुणस्तरीय शिक्षाको उज्यालो राज्यका सबै जातजाति, वर्ग र समुदायमा समान रूपमा पुयाएर सक्षम, सवल, अनुशासित, उत्पादनशील तथा दक्ष नागरिक उत्पादन गर्ने कार्य शिक्षाको क्षेत्रमा हुदै आएको देखिन्छ ।

उच्च शिक्षामा समन्वय, अनुदान वितरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण, अनुगमन तथा नियमन लगायतका कार्य गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्ने, विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने, हाल सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन इच्छुक विश्वविद्यालयहरुलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रुपमा संचालन गर्न अभिप्रेरित गर्ने, चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउन गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्न चिकित्सा शिक्षा आयोगको सुदृढीकरण गर्ने र चिकित्सा शिक्षामा सक्षमतामा आधारित (ऋयmउभतभलअथ द्यबकभम) पाठ्यक्रmम लागू गर्ने, आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधि उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रmमको समयानुकूल पुनरावलोकन तथा पुनसंरचना गर्ने, उच्च शिक्षाका कार्यक्रमहरूमा अन्तराष्ट्रिय विद्यार्थीहरू पनि आकर्षित हुने गरी गुणस्तर र अध्ययन विधि तय गरी नेपालका उच्च शिक्षाका कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने । नेपाली परम्परागत ज्ञान, सीप र प्रविधिको अनुसन्धान गरी प्रतिलिपि अधिकारको सुनिश्चिततासहित विश्वस्तरमा विस्तार गर्ने, उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनतासमक्ष पु¥याउन अनिवार्य स्वयंसेवकीय सामाजिक सेवाका रूपमा “राष्ट्रिय विकास सेवा” सञ्चालन गर्ने, अनुसन्धानलाई

उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै नवपर्वतनलाई प्रोत्साहन गर्न कानूनी, संस्थागत र व्यावहारिक उपायहरू अवलम्बन गर्ने, शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्र विदेशी विश्वविद्यालय वा सम्बद्ध शैक्षिक संस्थाहरूलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिने र नेपालका विश्वविद्यालयहरूमा सञ्चालन नभएका, नयाँ प्रविधिसम्बद्ध विषयका कार्यक्रमहरू विदेशी विश्वविद्यालयसँग सम्बन्धनमा नेपालमा सञ्चालन गरी नेपाललाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्र (भ्मगअबतष्यल ज्गद) बनाउने, हिन्दु, वौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्रविन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवं परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडिबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने, अनुसन्धान तथा विकासमा लगानी बढाउने र यस्तो लगानी आधारभूत तथा बैज्ञानिक अनुसन्धान र व्यवहारिक ब्उउष्भिम) अनुसन्धानका निम्ति सार्वजनिक, निजी क्षेत्रका उद्योगहरू एवं अन्य शैक्षिक एवं प्राज्ञिक क्षेत्रहरूबीच सहकार्य गर्ने र अनुसन्धानलाई विकाससँग जोड्न अनुसन्धान संस्था र उत्पादन संस्थाबिच साझेदारी गराउने जस्ता नेपाल सरकारका नीतिगत व्यवस्था रहेका छन्।

यस पालिकामा एउटा उच्च शैक्षिक संस्था रहेको छ। नेपालको वर्तमान उच्च शिक्षा प्रणालिमा वहुपक्षिय समस्या र चुनौतिहरुको कारणले राज्यले उच्च शिक्षाको क्षेत्रमा राखेको लक्ष्य र उद्देश्य हालसम्म पनि सन्तोषजनक रुपमा प्राप्त हुन सकिरहेको छैन। राजनितिनिक अस्थिरता , स्रोत-साधनको कमि , न्युन गुणस्तर , संस्थागत असक्षमता , प्रविधिमा आएको परिवर्तन र रोजगारिको न्युन अवसरको कारणले उच्च शिक्षाको क्षेत्र व्यापक र फराकलो भएतापनि यसको उपलब्धि र प्रभावकारिता अत्यन्तै कम रहेको देख्न सकिन्छ।

यसको प्रत्यक्ष नकारात्मक असर देश विकास र मानवीय पुंजिको विकासमा परिरहेको र परिणामस्वरुप थप समस्या र चुनौतीहरु बढिरहेको छ । यसलाई समयमै उचित् रुपमा सम्बोधन गरेर सम्वृद्ध नेपालको निर्माण गर्न सरोकारवाला सबै पक्षहरुको सार्थक सहभागिता र सहमतिमा आवश्यक र अनिवार्य नीतिगत , कानुनि , संस्थागत , कार्यप्रणालिगत र अन्य प्रयास जारि राख्नुपर्ने देखिन्छ।

४.३.२ उद्‌देश्य

४. उच्च शिक्षालाई सर्व सुलभ बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
५. उच्च शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
६. उच्च शिक्षाको भौतिक तथा शैक्षिक वातावरणलाई प्रविधिमैत्री, प्रतिस्पर्धी, समावेशी र अनुसन्धानात्मक बनाउनु

४.३.३ रणनीति

१८.उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने
१९.उच्च शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने
२०.उच्च शैक्षिक सस्थाहरुलाई शान्ति क्षेत्र कायम गर्ने
२१.शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
२२.शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने

२३.उच्च शैक्षिक सस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने
२४.उच्च शैक्षिक सस्थाहरुलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
२५.विज्ञान तथा प्राविधिक तथा समय सापेक्ष शैक्षिक कार्यक्रमहरुमा अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार विकास तथा विद्यार्थी प्रोत्साहन गर्ने
२६.प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने
२७.विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि प्राद्यापकहरुलाई उत्तरदायी र जवाफदेही बनाउने
२८.प्राविधिक तथा नयाँ शैक्षिक कार्यक्रम अध्ययन गर्ने विद्यार्थीलाई व्यावहारिक, प्रयोगात्मक तथा अनुसन्धानात्मक कार्य सञ्चालन गर्ने
२९.हरित क्याम्पस विकासका लागि स्वतन्त्र विद्यार्थी युनियनको क्षमता विकास तथा परिचालन गर्ने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

१. उच्च शिक्षालाई सर्वसुलभ बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. उच्च शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

३. उच्च शिक्षाको भौतिक तथा शैक्षिक वातावरणलाई प्रविधिमैत्री, प्रतिस्पर्धी, समावेशी र अनुसन्धानात्मक भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं १८: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | उच्च शिक्षामा भर्ना भएका विद्यार्थी सङ्ख्या | ४५३ | ४५३ | ५१० | ५५० | ५९० | ६३० |
| २ | तालिम प्राप्त प्राध्यापक सङ्ख्या | ५ | ७ | ९ | १२ | १५ | २० |
| ३ | पुस्तकालय आइसीटी ल्याब प्रयोग गर्ने विद्यार्थी सङ्ख्या | ४५ | ४५ | ५५ | ७५ | १०० | २५० |
| ४ | हरित क्याम्पसको सङ्ख्या | ० | ० | ० | ० | १ | १ |
| ५ | शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने क्याम्पस सङ्ख्या | ० | ० | ० | १ | १ | १ |

*स्रोत: गाउँपालिका*

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं १९: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | उच्च शैक्षिक संस्थाको न्यूनतम भौतिक पूर्वाधार विकास समन्वय | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| २ | उच्च शैक्षिक संस्थाको क्षमता विकास समन्वय | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| ३ | अभिभावक शिक्षाका लागि उत्प्रेरित | सङ्ख्या | ० | ० | ० | ० | ४० | ८० | ३०० | |
| ४ | प्राध्यापक तालिम र क्षमता विकास सहकार्य | पटक | ० | ० | ० | १ | २ | ३ | | |
| ५ | उत्कृष्ट विद्यार्थी प्रोत्साहनका लागि समन्वय | पटक | ० | ० | १ | २ | ३ | ३ | ८ | |
| ६ | वैकल्पिक शिक्षाका लागि प्रेरित | वटा | ० | ० | १ | १ | १ | १ | १ | |
| ७ | विपत् जोखिम न्यूनीकरण लागु औषध दुर्व्येसन वातावरण संरक्षण सम्बन्धी विद्यार्थी प्रशिक्षण सहकार्य | पटक | ० | ० | ५० | १०० | १५० | ० | ५०० | |

*स्रोत: गाउँपालिका*

# परिच्छेद ५ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विभिन्न विद्यालय शिक्षासँग अन्तरसम्बन्धित विषय तथा क्षेत्र (Cross-cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा पेसागत विकास; समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्त्वपूर्ण मानिन्छन् । अघिल्लो परिच्छेदमा पनि विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्ष केही हदसम्म उल्लेख भइसकेका छन् तथापि यी अन्तरसम्बन्धित विषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिन्छ I  यस परिच्छेदमा समावेश गरिएका उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी उपशिर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ ।

## ५.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ५.१.१ वर्तमान अवस्था

पाठ्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ । राम्रो पाठ्यक्रमले सैद्धान्तिक/प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ । यसले विषयवस्तु मात्र नभई सिप तथा सक्षमताको समेत विकास गर्छ । उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरूको ज्ञान, सिप, अभिवृद्धि गर्न सहयोग गर्छन् । पाठ्यक्रमले शिक्षकलाई बालबालिकाको जानकारीसहित सक्रिय भई समाजमा वा सामाजिक प्रक्रियामा सहभागी हुन तयार छन् भन्ने कुरामा सुनिश्चित हुन दिशानिर्देश गर्छ । यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नतासहित दिगो रूपमा जीविकोपार्जन गर्न अगुवाइ गर्छ । पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतिको संरक्षण गर्दै महिला, बालिका र सङ्कटापन्न एवम् सुविधाविहीन समुदायका लागि गलत संस्कार तथा परम्परा रूपान्तरण गर्न मद्दत गर्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ को कार्यान्वयन २०७७ देखि सुरू भई २०८० को अन्तसम्ममा विद्यालय तहको सबै कक्षा (१-१२) मा नयाँ पाठ्यक्रम लागु भएकोछ । विद्यालय तहको शिक्षा सान्दर्भिक र प्रभावकारी भएको सुनिश्चित गर्न पाठ्यक्रमको गुणस्तर तथा सान्दर्भिकता सुदृढ गर्न विभिन्न उपायहरू अवलम्बन गरिएको छ । यस सन्दर्भमा कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ । व्यवहारकुशल तथा संज्ञानात्मक सिप बाहेक अन्य तथा जीवनोपयोगी सिपहरूको विकास तथा

कार्यान्वयन गरिएको छ । स्थानीय परिवेशमा आधारित पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई सक्षम बनाउने प्रावधानको व्यवस्था गरिए अनुरूप अधारभूत तहको स्थानीय पाठ्यक्रम कक्षा ४ सम्म कार्यान्वयनमा रहेको छ । विषयको प्रकृतिअनुसार प्रयोग, परियोजना कार्य, सामुदायिक कार्यजस्ता प्रयोगात्मक अभ्यासका लागि २५-५० प्रतिशत भार छुट्याउने प्रावधान गरिएको छ। पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ । यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारूको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ । जसले सिकाइमा आउने बाधालाई पनि हटाउन सहयोग गर्छ । व्यवहारकुशल/संज्ञानात्मक बाहेक अन्य तथा जीवनोपयोगी सिपका साथै शिक्षण सिकाइको साधनका रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने लक्ष्य राखेको छ । मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यमका रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ ।

पाठ्यक्रमले विद्यार्थीहरूलाई आगामी अध्ययनका लागि प्राविधिक धारको शिक्षा वा व्यावसायिक तालिम कार्यक्रममा जाने प्रावधानसहित अर्थपूर्ण रोजगारीको अवसर सिर्जना हुने गरी सामाजिक तथा नागरिक शिक्षा समेत प्रदान गर्छ । माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन/पुनर्समायोजन गर्नुपर्ने देखिन्छ ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए । यसमा निर्माणात्मक मूल्याङ्कनलाई शैक्षणिक प्रक्रियाको अभिन्न अङ्ग मानिएको थियो । जुन शिक्षक र विद्यार्थी दुबैलाई पृष्ठपोषण प्रदान गरी सिकाइमा सुधार ल्याउने बलियो माध्यम हुन सक्छ । मूल्याङ्कनका साधन र प्रक्रियाहरूमा सुधार ल्याउन आवश्यक छ । कक्षा ८. १० र १२ को अन्त्यमा सञ्चालन गरिने सार्वजनिक परीक्षाहरू व्यवस्थित, वैध र विश्वसनीय हुनुपर्छ । हाल सङ्घीयता कार्यान्वयनमा आइसकेको अवस्थामा कक्षा ८ र १० का बाह्य परीक्षाहरू स्थानीय र प्रदेशले सञ्चालन गर्नुपर्छ । एकरूपताको सुनिश्चितताका लागि परीक्षाका साधन तथा प्रक्रियाहरूलाई स्तरीकृत गर्नु महत्त्वपूर्ण छ । विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ ।

सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् । संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भसामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन् । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी तिनको विद्युतीयप्रति वेबसाइटमा राखेको छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत पाठ्यक्रम विकास केन्द्रले विकास गरेका पढाइ सामग्री भने सो कार्यक्रम लागु भएका विद्यालयमा पुर्याइएको छ । कोभिड-१९ महामारीका समयमा विद्यालयमा हुने नियमित पठनपाठनमा पुगेको अवरोधलाई सम्बोधन गर्न प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका लागि पाठ्यक्रममा निर्धारित विषयवस्तुको समायोजित सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइएको छ । विकास भएका सामग्रीहरू सबैको पहुँचमा पुर्याउन मुद्रित प्रति वितरण गर्नुका साथै विद्युतीयप्रति पाठ्यक्रम विकास केन्द्र र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइड/पोर्टलमा राखिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले कक्षा १-५ का लागि विभिन्न मातृभाषामा तथा कक्षा १-३ का मुख्य विषयमा पाठ्यपुस्तकको विकास तथा उत्पादन गरेको छ। सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको

उपलब्धता मातृभाषाका सामग्रीको विकास र प्रयोग चुनौतीका रूपमा रहेको छ। बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रूपमा रहेको छ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। शिक्षक निर्देशिका लगायतका मुद्रित तथा विद्युतीय सन्दर्भसामग्रीको विकास गरी सबै शिक्षकलाई उपलब्ध गराउनु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

५.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइको सुनिश्चितता गर्नु
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

५.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने
२. पाठ्यक्रम तथा पाठ्यसामग्रीको सरोकारवालालाई प्रबोधीकरण गर्ने
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने
४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा विद्यार्थी सिकाइ सुनिश्चितता गर्ने
५. शिक्षक निर्देशिका, स्रोत सामग्री, सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने
७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने
८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने
९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
१०. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने
११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्न परीक्षाको सञ्चालन तथा व्यवस्थापन, निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने
१२. खुला विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने

५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइको सुनिश्चितता भएको हुने छ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा कार्यान्वयन भएको हुने छ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं २४: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | १६ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | १६ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ३ | ३ | ६ | ६ | ६ | ६ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १६ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ५ | स्थानीय पाठ्यक्रम लागु भएका कक्षा सङ्ख्या | १५ | १५ | ३० | ३० | ३० | ३० |
| ६ | निरन्तर मूल्याङ्कन र अभिलेखीकरण गर्ने विद्यालय सङ्ख्या | १६ | ३४ | ३४ | ३४ | ३४ | ३४ |

*स्रोतः गाउँपालिका*

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २५: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण | निरन्तर | १ | १ | २ | ३ | ४ | ४ | ९ | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | कक्षा | ० | ४ | ५ | ६ | ८ | ८ | ८ | |
| ४ | शैक्षिक सामग्री निर्माण र प्रयोग | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ५ | परीक्षा सञ्चालन व्यवस्थापन र अभिलेखीकरण | त्रैमासिक | ३ | ४ | ८ | १२ | १६ | १६ | ३६ | |
| ६ | शैक्षिक सामग्री विकास र वितरण | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |

*स्रोतः गाउँपालिका*

# ५.२ शिक्षक व्यवस्थापन र विकास

५.२.१ वर्तमान अवस्था

नेपालमा शिक्षक शिक्षा विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूले प्रदान गर्दछन् । शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र प्रदान गर्ने र रिक्त स्थानमा नियुक्ति गर्न सिफारिस गर्दछ । आयोगले शिक्षकको बढुवासम्बन्धी कार्य पनि गर्छ । आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय एकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन हुन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत विकासका लागि नीति निर्माण गर्छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण र कष्टमाइज्ड तालिमको पाठ्यक्रमहरू विकास गर्छ । प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता विकासका तालिम सञ्चालन गर्दछन् । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शिक्षक सक्षमता तथा आवश्यकता निर्धारण गर्ने बृहत प्रारूप हो। योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिबद्ध तथा जवाफदेही शिक्षक शैक्षिक क्षेत्रका पथप्रदर्शक हुन् ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ का अनुसार शिक्षक बन्न आकाङ्क्षी व्यक्तिहरूले स्थायी हुन शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गर्नुपर्ने, अध्यापन अनुमति पत्र लिनुपर्ने तथा बढुवा हुनका लागि पनि पूर्व निर्धारित मापदण्ड पूरा गर्नुपर्ने हुन्छ । शिक्षक सेवा आयोगले खुलाउने विज्ञापनमा शिक्षक बन्न इच्छुक व्यक्तिहरू परीक्षामा सहभागी हुन्छन् । सक्षम तथा उत्प्रेरित शिक्षकहरूको छनोट गर्नका लागि विषयको ज्ञान तथा शैक्षणिक सिप, बौद्धिक परीक्षण, शिक्षणप्रतिको रूचि, शिक्षणप्रतिको सकारात्मक सोच, नैतिक मूल्य, जिम्मेवारीको बोध तथा सेवाभाव जस्ता पक्षको प्रयोग गरी छनोट प्रक्रियामा सुधार ल्याउनु आवश्यक छ । शिक्षकले पेसामा प्रवेश गरेपछि उनीहरूलाई निरन्तर पेसागत विकास र सहयोग पाउने अवसर प्राप्त हुनु आवश्यक छ । शिक्षण पेसामा मेहनती, बौद्धिक तथा तीक्ष्ण व्यक्तिहरूलाई आकर्षित गर्न व्यवस्थित सरूवा-बढुवा, कार्यसम्पादनमा आधारित प्रोत्साहन र पुरस्कारका लागि पारदर्शिताको आवश्यकता पर्दछ ।

नेपालका विश्वविद्यालयहरूले शिक्षा शास्त्रमा स्नातक तथा स्नातकोत्तर कोर्सलाई शिक्षक तयारी कोर्सका रूपमा लिइन्छ । यस्ता कोर्सको समाप्तिपछि शिक्षक हुन आवश्यक प्राज्ञिक तथा पेसागत योग्यता पुगेको मानिन्छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ का अनुसार बी. एड., एम. एड.लाई अध्यापन अनुमति पत्र लिनका लागि आवेदन दिन योग्य मानिन्छ । शिक्षा शास्त्रमा प्रवीणता तह वा कक्षा १२ पूरा गरी वा अन्य विषयमा प्रवीणता तह पूरा गरी १० महिने तालिम लिई अध्यापन अनुमति पत्र लिएका उम्मेदवार आधारभूत तहको शिक्षक पदका लागि योग्य मानिन्छन् । माध्यमिक तहका लागि अध्यापन अनुमति पत्र लिनका लागि शिक्षा शास्व सङ्कायमा स्नातक तह पूरा गरेको वा कुनै पनि विषयमा स्नातक तह पुरा गरी एक वर्षे बी.एड. गरेको हुनुपर्छ । त्यसै गरी माध्यमिक तहको कक्षा ११ र १२ का लागि अध्यापन अनुमति पत्र लिनका लागि स्नातकोत्तर तह पूरा गरेको हुनुपर्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयका शिक्षकको सक्षमता निर्धारण गरी सोका आधारमा शिक्षकको निरन्तर पेसागत विकासको तयारी गर्नु पर्छ । कक्षा ११ र १२ को परिमार्जित पाठ्यक्रममा सङ्कायगत संरचना नभएका कारण कक्षा १२ पूरा गरेपछि शिक्षक तयारी कोर्सको विकास गर्न आवश्यक देखिन्छ ।

शिक्षकलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकको अनुभव साटासाट गर्न स्थानीय तहहरू जिम्मेवार हुनुपर्ने देखिन्छ । शिक्षक पेसागत सहयोग र सहायताको पद्दतिमा विविधता ल्याउनु आवश्यक देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न सेवा निवृत्त शिक्षकहरूलाई उपयोग गर्न सकिने उल्लेख गरेको छ । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व

पहिचान गरिएको सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

प्रदेशमा शिक्षा तालिम केन्द्रको स्थापना भएका छन्। शिक्षा तालिम केन्द्रको नेतृत्वमा शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन सेवाकालीन तालिम प्रदान गर्नका लागि तालिम केन्द्र र स्थानीय तहबीच सहकार्यको विकास गर्नु आवश्यक छ।

सङ्घीयता कार्यान्वयनसँगै शिक्षा तथा मानव स्रोत विकास केन्द्र बन्यो। केन्द्रले शिक्षक पेसागत विकास कार्यक्रमहरूको मापदण्ड निर्माण गर्ने, तालिम पाठ्यक्रम विकास गर्ने र मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गरेको छ। प्रदेश शिक्षा तालिम केन्द्रले शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम र आवश्यकतामा आधारित तालिम अनलाइन तथा अफलाइनका विधिमार्फत सञ्चालन गर्दै आएका छन्।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षकहरूलाई सिकाइ उपलब्धिका लागि प्रधानाध्यापकका साथै विद्यार्थी, अभिभावक तथा समुदायप्रति उत्तरदायी बनाउने उल्लेख गरेको छ। यसका साथै नीतिमा शिक्षकहरूलाई शिक्षण सिकाइ क्रियाकलापको सुधारमा समेत जिम्मेवार तथा उत्तरदायी बनाउने उल्लेख छ। जसका लागि विद्यार्थीहरूको नतिजा र अन्य पक्षका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिन्छ।

विद्यार्थीहरूको उपलब्धिस्तर बढाउन शिक्षक पेसागत विकासका अवसरहरू प्रदान गरिएको भए तापनि विद्यार्थीहरूको उपलब्धिस्तर र शिक्षक पेसागत विकास बिच व्यवस्थित समन्वय कायम गर्नुपर्ने देखिन्छ। विद्यालय शिक्षा क्षेत्र विश्लेषणले गुस्तरीय शिक्षामा विद्यार्थीहरूको पहुँचका प्रमुख बाधक तत्त्वहरू, उपयुक्त शिक्षक विद्यार्थी अनुपात नहुनु र तोकिएबमोजिम शिक्षकको समय शिक्षण सिकाइ प्रक्रियामा नहुनु उल्लेख गरेको छ

शिक्षा नियमावली, २०५९ अनुसार पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा तथा बिकासमा १ शिक्षक, आधारभूत तहको तल्ला कक्षामा ५० सम्म विद्यार्थी भए न्यूनतम दुई शिक्षक, यदि ५० भन्दा बढी भए न्यूनतम ३ शिक्षक, आधारभूत तहको माथिल्ला कक्षामा न्यूनतम चार शिक्षक तथा माध्यमिक तह (९-१२) मा न्यूनतम ८ शिक्षक नियुक्त गर्ने व्यवस्था छ। नेपालमा शिक्षक विद्यार्थी अनुपात यस क्षेत्रमा १:५० कायम गरिएको छ। यस पालिकामा पूर्वप्राथमिक बाल विकासमा ३४ जना बाल शिक्षक र बालशिक्षक विद्यार्थी अनुपात १:२७, प्राथमिक तहमा १२२ शिक्षक र शिक्षक विद्यार्थी अनुपात यस १:१७ निम्नमाध्यमिक तहमा ३५ शिक्षक र शिक्षक विद्यार्थी अनुपात १:५१ र माध्यमिक तह कक्षा ९–१० मा २९ शिक्षक र शिक्षक विद्यार्थी अनुपात १:५० तथा माध्यमिक तह कक्षा ११–१२ मा ८ शिक्षक र शिक्षक विद्यार्थी अनुपात १:६१ रहेको छ। आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्नु उत्तिकै चुनौतीपूर्ण छ।

नेपालमा सामुदायिक आधारभूत तथा माध्यमिक तहमा कार्यरत महिला शिक्षकको अनुपात क्रमशः ४७.२ र २०.४ प्रतिशत छ। यसै गरी आधारभूत र माध्यमिक तहमा क्रमशः ५.९ प्रतिशत र ७.४ प्रतिशत दलित शिक्षक छन्, भने ३०.९ प्रतिशत र १९.२ प्रतिशत जनजाति शिक्षक छन्। विविधता तथा समावेशी शिक्षकको सुनिश्चितताका लागि महिला तथा आदिवासी अल्पसङ्ख्यकका लागि ४५ प्रतिशत शिक्षक पद आरक्षित छ। समावेशी प्रावधानअन्तर्गत आरक्षित पदहरूमध्ये ३३ प्रतिशत महिला, २७ प्रतिशत जनजाति, २२ प्रतिशत मधेसी, ९ प्रतिशत दलित, ५ प्रतिशत अपाङ्ग र ४ प्रतिशत दुर्गम तथा पिछडिएको क्षेत्रका लागि छुटयाइएको छ। माथि उल्लेख गरिएका समूहबाट शिक्षकहरूको छनोट निर्धारित सङ्ख्याको आधारमा सोही समूहका उम्मेदवार बिचको प्रतिस्पर्धाद्वारा गरिन्छ।

विषयगत रूपमा अपुग भएको शिक्षक संख्याको समस्यालाई पूर्ति गर्न स्थानीय तहले आफ्नै स्रोतवाट स्थानीय रूपमै स्वयम् सेवक शिक्षक नियुक्ति गरिएको छ। तह र विषयअनुसार शिक्षकको नियुक्ति तथा पदस्थापन र उनीहरूको

कार्यसम्पादनमा सुधार गर्ने मुद्दा चुनौतीपूर्ण रहेको छ । शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी शिक्षक भएका विद्यालयबाट कम शिक्षक भएका विद्यालयमा दरबन्दी पुनर्वितरण गरिएको छ ।

शिक्षक व्यवस्थापन तथा विकासको अर्को चुनौतीपूर्ण विषय शिक्षण पेसालाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु र सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ । विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासविच सम्बन्ध कायम गर्न नसक्नु, सक्षम शिक्षक विकास र गुणस्तरीय शिक्षणको आकाङ्क्षा पूरा गर्न शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ ।

५.२.२ उद्देश्य

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
२. शिक्षक तालिम तथा क्षमता विकासलाई प्रभावकारी कार्यान्वयन गर्नु
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु

५.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास र शिक्षक तालिम तथा क्षमता विकास कार्यक्रमलाई शिक्षक सक्षमता प्रारूपमा आधारित बनाउने
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत सबै प्रकार र तहका शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्न शिक्षण सिकाइ सम्बन्धी अनुसन्धानात्मक कार्यलाई प्रोत्साहन गर्ने
६. प्रधानाध्यापक तथा शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने
७. अंग्रेजी माध्यमका विषय शिक्षक र आवश्यकताका आधारमा विद्यालयहरूलाई तहगत रूपमा विषायगत स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्ने

५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

***तालिका नं २६: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्रसं | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ३५ | ३५ | ४० | ५० | ६० | ७५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |

*स्रोतः गाउँपालिका*

### ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं २७: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सेवा प्रवेश तालिम | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय अभिवृद्धि | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ५ | शिक्षणामा नवप्रवर्तनात्मक विधिको प्रयोग | नरद्दतर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ६ | शिक्षक प्रोत्साहन | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ७ | शिक्षक सञ्जाल निर्माण र परिचालन | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ८ | तहगत रूपमा विषयगत स्वयम् सेवक शिक्षकको व्यवस्थापन | संख्या | १५ | १५ | १६ | १७ | २० | २० | ३० | |
| ९ | शिक्षक दरबन्दी मिलान | पटक | ० | १ | १ | २ | २ | २ | ४ | |
| १० | शैक्षिक सामग्री निर्माण र प्रयोग | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| १२ | प्रयोगशालाको अधिकतम उपयोग | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| १३ | अनुसन्धानात्मक कार्य | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| १४ | नवप्रवर्तनात्मक कार्य | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |

*स्रोतः गाउँपालिका*

# ५.३ शैक्षिक समता र समावेशीकरण

५.३.१ वर्तमान अवस्था

हाम्रो देश सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ बहुभाषिक, बहुसांस्कृतिक र बहुजातजाति समुदायको बसोबास रहेको छ । यही विविधता भित्र विभेद र वञ्चितीकरणमा परेका समुदायहरू पनि रहेका छन् । क्षेत्रगत, आर्थिक स्तरगत तथा लैंगिक भिन्नताको प्रभाव शैक्षिक पहुँच, सहभागीता र नतिजामा परिरहेको पाइन्छ । उल्लेखित विविधता भएको हाम्रो समाजमा शारीरिक रूपमा, मानसिक रूपमा, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आधारमा, वातावरण, रूचि तथा अवसर प्राप्तिका आधारमा वैयक्तिक भिन्नता भएकाहरूलाई उचित सहभागिता गराँउदै शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रूपमा परिभाषित गर्दै आएको वर्तमान परिप्रेक्ष्यमा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र लगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको शिक्षामा सहज, सर्वसुलभ र समतामूलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्वको रूपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । विद्यालय सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकूल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो।

समावेशी शिक्षा तथा समता सम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५- २०३०) लक्ष्य नं. ४ मा पनि उल्लेख भएको छ । त्यसैगरी समता रणनीति २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ । त्यसै गरेर राष्ट्रिय शिक्षा नीति २०७६ ले अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ । विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका वाधाहरू पहिचान गरी ती वाधाहरूलाई हटाउन सक्नु पर्दछ ।

नेपालमा सामुदायिक विषेश एकीकृत र समावेशी कक्षाहरू मार्फत यस किसिमको शिक्षा प्रदान गरिएको छ । यस पालिकामा जम्मा १६ वटा सामुदायिक विद्यालय र १७ संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयहरू मध्ये एक नमुना विद्यालय रहेको छ । यस पालिका भित्र सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई कक्षा ५ सम्म दिवा खजा, निःशुल्क पाठ्यपुस्तक वितण, अपाङ्गता भएका, दलित तथा छात्राहरूलाई छात्रवृत्ति कार्यक्रम, बालबालिकाको गुनासो तथा सुझावहरू सुन्नका लागि गुनासो सुनुवाइ गर्न लैङ्गिक फोकल शिक्षकको व्यवस्था हुनु, किशोरी छात्राहरूका लागि सेनीटरी प्याड वितरण गरिनु आदि गतिविधिहरू सञ्चालनमा रहेका छन् । विद्यालय शिक्षामा समता र समावेशीतामा अपेक्षित उपलब्धि हुन सकेको

छैन् । यस पालिका भित्र २०८१ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकासमा कुल भर्नादर १४३.१० रहेको छ भने अझै पनि यस पालिकाभित्र कक्षा १-८ तर्फ कक्षा दोहोऱ्याउने दर २.३ र कक्षा छाड्ने दर ०.३ रहेको देखिन्छ । जसका लागि भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई समेटी विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु जरूरी हुन आउँछ ।

समतामूलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने संयुक्त संघीय प्रमाणीकरण नियम १९९ मा प्रतिबद्धता जनाएको छ । त्यसपछि चरणबद्ध रूपमा समता र समावेशी शिक्षाको क्षेत्रमा सङ्घदेखि स्थानीय तहसम्म सुधारका प्रयासहरू भइरहेका छन् । बालविकासको क्षेत्रमा प्रति विद्यार्थी वार्षिक रू.५०० का दरले विद्यालयले रकम प्राप्त गर्नु, अपाङ्गता भएका बालबालिकाले वार्षिक छात्रवृत्ति पाउनु, दिवा खाजाको व्यवस्था हुनु, निःशुल्क पाठ्यपुस्तक वितरण हुनु, छात्रा, दलित, तथा सीमान्तकृत बालबालिकालाई छात्रवृत्तिको व्यवस्था हुनु, विद्यालय तहमा लैंङ्गिक व्यवस्थाका लागि महिला शिक्षकको व्यवस्था हुनु, किशोरी छात्राहरूका लागि सेनीटरी प्याड वितरण गरिनु, विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा आउनु र यस क्षेत्रको चुनौतीका रूपमा अझै पनि कक्षा १-८ तर्फ कक्षा छाड्ने दर २.१ रहनु, सबै विद्यालयहरूमा विषयगत शिक्षक दरवन्दी नहुनु, लक्षित समूह, दलित, जनजाति लोपोन्मुख समुदाय, आर्थिक रूपले विपन्न द्वन्द्व प्रभावित व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु । सबै किसिमका अपाङ्गता भएका हरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु, विद्यालयमा लैंगिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुरव्यवहार नहुने सुनिश्चितता सहितको बालमैत्री पूर्ण बनाउनु चुनौतिका देखिन्छ ।

५.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

५.३.३ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।
४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
५. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने
६. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने
७. स्थानीय पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, पर्यापर्यटन, इतिहास तथा नागरिक ज्ञान स्वरोजगार व्यावहिरक सिप तथा सिपका विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने

### ५.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धी

लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

***तालिका नं २८: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र सं | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या | १२० | १२० | ८० | ६० | १० | ० |
| २ | आधारभूत तहमा मातृभाषा वा स्थानीय भाषा वा बहुभाषा वा स्थानीय पाठ्यक्रम प्रयोग | १६ | १६ | १६ | १६ | १६ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ३ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १०१.१ | १०१.१ | १००.९ | १००.८ | १००.७ | १००.५ |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ९७.९ | ९७.९ | ९८.१ | ९८.५ | ९८.८ | ९९ |
| ५ | अपाङ्गमैत्री विद्यालय सङ्ख्या | १ | १ | ४ | ८ | १२ | १६ |

*स्रोतः गाउँपालिका*

### ५.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं २९: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तय गरी कार्यान्वयन | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ३ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता र समावेशीकरणका विषयवस्तुलाई समावेश | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी सङ्घ संस्थाबिच जवाफदेही सहितको कार्यगत समन्वय | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्ति समेत) | विद्यार्थी सङ्ख्या | २२२६ | २२४० | २२८० | २३२० | २३५० | २३५० | १२००० | |
| ६ | अपाङ्गतामैत्री कक्षाकोठा भएका विद्यालय सङ्ख्या | संख्या | १ | १ | ४ | ८ | १२ | १२ | १६ | |
| ७ | किशोरी शिक्षा | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ८ | छात्रा दलित सिमान्तकृत तथा विपन्न लक्षित छात्रवृत्तिको व्यवस्थापन र वितरण | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ९ | स्थानीय पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, पर्यापर्यटन जागरण विषय समावेश | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |

*स्रोत: गाउँपालिका*

# ५.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

५.४.१ वर्तमान अवस्था

गुणस्तरीय समावेशी शिक्षामा पहुँचको सुनिश्चितताका लागि विद्यार्थी भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिजस्ता प्रमुख सूचकहरू बालबालिकाको स्वास्थ्य, पोषण, स्वच्छ पानी, सरसफाइ, स्वच्छता, घर, विद्यालय र घर-विद्यालय आवत जावतको क्रममा हुने सुरक्षाको अवस्थामा निर्भर हुन्छ । बालबालिकाको मात्र नभई समग्र परिवार तथा समाजको गुणस्तरीय जीवनस्तरमा सुधार ल्याउन विद्यालय प्रमुख स्थल हो ।

संविधानले बालबालिकाको विशेष सुरक्षाको प्रत्याभूति गर्दै उनीहरूको बाँच्न पाउने, सुरक्षा, विकास, सहभागिता जस्ता पक्षलाई प्राथमिकतामा राखेको छ (धारा ३९। । संविधानमा रहेका शिक्षा पाउने अधिकार तथा सङ्कटापन्न समूहका बालबालिकाका लागि विशेष अधिकारको प्रावधानलाई बालबालिका ऐन, २०७४ जस्ता कानून बनाई स्थापित गरिएको छ । शिक्षाको हकलाई अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले अझ विशिष्टीकृत गर्दै चार वर्ष पूरा गरेका प्रत्येक बालबालिकालाई एक वर्षे प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक शिक्षासहितको आधारभूत शिक्षा अनिवार्य गर्ने व्यवस्था गरेको छ ।

प्रारम्भिक बाल विकास, अपाङ्गता, समावेशी शिक्षा तथा समता/विपन्नता लक्षित कार्यक्रमजस्ता विषय यस योजनाको अवयव भएकाले शिक्षा क्षेत्रको योजनामा अन्तरक्षेत्रगत विधि आवश्यक छ । स्वास्थ्य, पोषण, पानी तथा सरसफाइ र सुरक्षालाई एकल पक्षका रूपमा मात्र नहेरी शिक्षा क्षेत्रको योजना तर्जुमा गर्दा यी विषयलाई योजना, व्यवस्थापन, अनुगमन तथा कार्यान्वयनको चरणहरूमा एकीकृत गर्नुपर्छ ।

आउँदा वर्षहरूमा स्वास्थ्य, पोषण तथा विद्यालय दिवा खाजा, सुरक्षित पानी तथा सरसफाइ, विद्यालय सुरक्षाका सम्बन्धमा विगतका शिक्षाका क्षेत्रगत योजनाले सुरू गरेका क्षेत्रगत नीति, संरचना तथा कार्यक्रम र सरकारका विभिन्न तहमा बहुक्षेत्रीय संयन्त्रलाई अझै सुदृढ र संस्थागत गर्दै लैजानुपर्ने आवश्यक छ । विद्यालय तहमा पूर्वाधार विकास, शैक्षिक कार्यक्रमको कार्यान्वयन तथा अनुगमन संयन्त्रमा सुधार गर्न आवश्यक छ । यसले शैक्षिक उपलब्धि तथा गुणस्तरीय जीवनमा सुधार ल्याउने गरी स्रोत तथा सुविधाहरू सुनिश्चित गर्नु पर्दछ।

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण, सुरक्षित पानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीका लागि विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन भएका छन् । फोकसिङ् रिसोर्सेज अन इफेक्टिभ स्कुल हेल्थ कार्यढाँचासँग मेल खान्छ (विश्व बैङ्क, २०००) । यस कार्यढाँचाले मुख्य गरी चार ओटा पक्ष समावेश गरेको छ । (क) विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु (ख) सुरक्षित पानी तथा सरफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु (ग) विद्यार्थीहरूका लागि सिपमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्नु (घ) विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु उल्लेख गरिएको छ ।

नेपालमा सन् १९७४ देखि केही सीमित आधारभूत विद्यालयमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धि हासिल गर्न दिवा खाजासहितको स्वास्थ्य र पोषण कार्यक्रम अघि सारेको थियो । विगत करिव चार दशकदेखि नै देशका खाद्य असुरक्षित तथा न्यून मानव विकास सूचकाङ्क रहेका क्षेत्रहरूमा लक्षित रूपमा सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रमले शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको भए तापनि कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ। वित्तीय व्यवस्थाको सन्दर्भमा धेरै जसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने सहयोगी लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रवन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रू. १५ पर्याप्त नभकाले परिमार्जन आवश्यक देखिएको छ। दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्ने, आवश्यक बृहत् तथा सूक्ष्म पौष्टिक तत्त्व समावेश भएका मेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। खाद्यान्न उत्पादन, वितरणमा साना किसान, स्थानीय व्यापारी तथा अभिभावकको सहभागिता बढाउनु आवश्यक छ। दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्ने कार्यका लागि अनुभवलाई विस्तार तथा संस्थागत गर्न सकिएको छैन। दिवा खाजा कार्यक्रमलाई विद्यार्थीको समग्र पोषण अवस्थाको सुदृढीकरण गर्ने गरी एकीकृत गर्नुपर्ने देखिएको छ।

नियमित हाजिरी तथा विद्यालय छाड्ने दरमा कमी ल्याउन स्वास्थ्य तथा पोषण एक महत्त्वपूर्ण तत्त्व भएको कुरा प्रमाणले देखाएका छन्। विद्यालय दिवा खाजाका कार्यक्रमले हाजिरी, भर्ना तथा विद्यालय छाड्ने दरमा कमी जस्ता सकारात्मक प्रभाव परेको देखाएका छन्। यसरी खाजा खान पाउनेहरू नपाउने भन्दा विद्यालयमा लामो समयसम्म रहने पनि देखिएको छ। विद्यालय दिवा खाजाका कार्यक्रमले विद्यालय जाने दरमा वृद्धि भएको छ।

विद्यालयको पूर्वाधारमा सुधार, सङ्घीय र स्थानीय तहबिच समन्वयको अभिवृद्धि गर्दा दिवा खाजा लगायतका सेवाहरूको गुणस्तर सुदृढ हुने देखिन्छ।

विद्यार्थीको स्वास्थ्य तथा पोषण सेवामा सरकारको लगानी भए तापनि प्रतिव्यक्ति लागत कम छ। यी सेवामा लगानी बढाउन सङ्घीय सरकारको सहयोगको पूरकका रूपमा स्थानीय तहको क्षमता बढाउनु आवश्यक छ। बालबालिकाको स्वास्थ्य तथा पोषणसँग जोड्दै र एकीकृत गर्दै, सक्षम तथा दिगो वित्तीय व्यवस्थापनका लागि अभिभावकको समेत लागत साझेदारीमा विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारी व्यवस्थापन गर्नु चुनौती रहेको छ।

### ५.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी पक्षको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ५.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रममा अभिभावकको संलग्नता अनिवार्य गरी विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रूम, प्रयोग

भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध गर्ने

४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
६. दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने

### ५.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*तालिका नं ३०: नतिजा तथा परिमाणात्मक लक्ष्य*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | ९६ | ९६ | ९८ | ९९ | १०० | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये | ९४ | ९४ | ९८ | ९९ | १०० | |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ३ | ३ | ७ | १० | १३ | १६ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | २ | ३ | ४ | | | |
| ७ | स्यानिटरी प्याड वितरण गर्ने विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ७ | दिवा खाजाको सूची राख्ने विद्यालय सङ्ख्या | १० | १० | १४ | १६ | १६ | १६ |

*स्रोतः गाउँपालिका*

### ५.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं ३१: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | सङ्ख्या | ० | ० | ३ | ५ | ७ | ७ | १६ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | सङ्ख्या | ७ | ७ | १२ | १६ | १६ | १६ | १६ | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | सङ्ख्या | ० | ० | ० | ३ | ५ | ५ | १६ | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याडको व्यवस्था | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६स | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

*स्रोतः गाउँपालिका*

# ५.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

५.५.१ वर्तमान अवस्था

आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षा विद्यालयमा सुरक्षाको प्रत्याभूति गरी आपत्कालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगवाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य गर्ने र आपतकाल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ।

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । प्राकृतिक प्रकोप, महामारी र सरूवा रोग, द्वन्द्व, विस्थापन र बसाइँसराइ जस्ता आपत्कालीन अवस्था प्रमुख छन्।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपत्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपत् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री तथा सुरक्षित, हिसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ।

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र द्वन्द्व तथा अन्य स्वरूपका हिंसा, दलगत राजनीति तथा अन्य अवरोध, दुर्व्यवहार, उपेक्षा तथा शोषणका प्रभावबाट मुक्त गरी सिकाइको निरन्तरताको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ। यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले पनि आपत् तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्रदान गर्न प्रभावकारी विद्यालयका नौ क्षेत्रमा न्यूनतम तथा अपेक्षित मापदण्ड तोकेको छ । बृहत् विद्यालय सुरक्षा गुरू योजना, २०७४ को बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेजले विद्यालय विपत् जोखिम व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता, सुरक्षित सिकाइ सुविधाका स्तम्भहरूको न्यूनतम मापदण्डको कार्यान्वयनको अनुगमनको प्रारूप प्रदान गरेको छ । शिक्षक तथा विद्यार्थीहरूलाई मृत्यु तथा घाइते हुनबाट सुरक्षा गर्न, प्रकोपपछि पनि सिकाइलाई निरन्तरता दिन, शिक्षामा गरिने लगानीलाई सुरक्षा दिन, विपत् जोखिम न्यूनीकरण शिक्षामार्फत जोखिम न्यूनीकरण गर्न तथा उत्थानशीलताको विकास गर्न विभिन्न क्रियालापहरू सिफारिस गरेको छ। यसले शिक्षा क्षेत्रमा पर्ने प्राकृतिक प्रभावको व्यवस्थापन गर्ने आधार प्रदान गर्छ।

दिगो विकास लक्ष्य ४ राष्ट्रिय कार्यढाँचा, २०३० ले नीतिहरूको पुनरावलोकन तथा परिमार्जन गर्दै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड तथा अनुसन्धानमा आधारित प्रवर्धनात्मक कार्यक्रमको विकास र कार्यान्वयन गर्दै, सिकाइका लागि आन्तरिक तथा बाह्य वातावरणका लागि न्यूनतम मापदण्डको विकास गर्दै, अन्तर्राष्ट्रिय कानुनका अधीनमा रही अधिकारमा आधारित लैङ्गिक संवेदनशील, सुरक्षा चासो, बालमैत्री तथा हिसारहित विद्यालयलाई प्रवर्धन गर्दै सिकाइको उपयुक्त वातावरणका लागि विद्यालयलाई सुरक्षित राख्ने तथा विपत् व्यवस्थापनका विभिन्न उपायहरू सुझाएको छ।

विद्यालय क्षेत्र विकास योजनाले विपत् जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयका रूपमा विशेष प्राथमिकता दिँदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मत सम्भार र भूकम्पीय प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण तथा प्रबलीकरणमा केन्द्रित रहने उल्लेख गरेको छ। सुरक्षित विद्यालयको अवधारणाले बृहत् विद्यालय सुरक्षाको ढाँचाका उल्लिखित तीन खम्बालाई समेटेको छ । यसले विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने विषयमा जोड दिएको छ। विपत्पश्चात् पुनर्लाभ कार्यढाँचा, २०७३ अनुसार विभिन्न विकास साझेदारहरूको समन्वयमा विद्यालयहरूको सुपरिवेक्षण र पुनर्निर्माण कार्य भइरहेको छ।

कोभिड-१९ ले शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई हटाउन विगत वर्षदेखि केही कार्यहरू सञ्चालन गरिएका छन् । कोभिड-१९ को महामारीले नेपालको सामाजिक एवम् आर्थिक जीवनमा ठुलो नकारात्मक असर पुर्यायो । कोभिड १९ ले विशेषतः शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र वैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू हुँदै आएका छन् । कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरूसहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र स्थानीय तहहरू, केही गैरसरकारी सङ्घसंस्था, शिक्षकका पेसागत तथा विषयगत सञ्जालहरू तथा विद्यालयहरूले पनि शिक्षकको क्षमता विकास लगायतका कार्यहरू सञ्चालन गरेका छन् ।

यस्ता अवधिमा विद्यार्थीको सिकाइलाई निरन्तरता दिनका लागि विकास, व्यवस्थापन र सञ्चालन गर्न मुद्रित सिकाइ सामग्रीहरू, विभिन्न वेबसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनलाइन सिकाइ पोर्टल तथा इ-पुस्तकालयका साथै अन्य संस्थाहरूद्वारा विकास गरिएका सामग्रीहरू, भर्चुअल सिकाइ रहेका थिए।

यस्तो अवस्थामा विद्यार्थीको आवश्यकताअनुसार अतिरिक्त वा पूरक कक्षा, कक्षामै विभिन्न समूह निर्माण गरी सिकाइ सञ्चालन, अतिरिक्त सामग्रीको निर्माण, द्रूत सिकाइ, वर्कसिटको व्यवस्था, थप अभ्यास वा कार्य वा अन्य आवश्यक सिकाइ योजना निर्माण गरी कार्यान्वयन गर्नु सक्नुपर्दछ।

विद्यालय शिक्षा क्षेत्र योजनाका पक्षहरूलाई सञ्चालन गर्नका लागि नेपाल सरकारले विकास साझेदारहरूसँगको सहकार्यमा आपूरण तथा दूत सिकाइको योजना विकास गरेको छ। आपूरण तथा द्रूत सिकाइको कार्यढाँचालाई अन्य देशहरूमा समेत भएको प्रयोगका आधारमा पाँच नीतिगत क्रियाकलापमा वर्गीकृत गरिएको छ, जसलाई कार्यान्वयनयोग्य रणनीतिमा विकास गरिंदै छ। यी नीतिगत क्रियाकलाप तल दिइएको छन्:-

१. प्रत्येक बालबालिकासम्म पुग्ने र तिनीहरूलाई विद्यालयमा टिकाउने
२. सिकाइको स्तरको नियमित मूल्याङ्कन गर्ने
३. आधारभूत कुराको सिकाइलाई प्राथमिकीकरण गर्ने
४. क्षति भएका सिकाइको आपुरण गर्ने
५. मनोवैज्ञानिक स्वास्थ्य तथा कल्याणको विकास गर्ने

आपत्कालीन अवस्थाले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोतसाधन, आपत्कालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपत्कालीन अवस्थाको तयारी, प्रतिकार्य र उत्थानशीलताको विश्वसनीय प्रणाली विकास गर्नुपर्ने आवश्यकतासमेत देखाएको छ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक-सांस्कृतिक कारणले उत्पन्न सङ्कटकालीन अवस्थाको केही हदसम्म पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको भविष्यवाणी गर्न भने सकिँदैन। त्यसै गरी कतिपय प्रकोप, महामारी तथा आपत्कालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । स्थानीय तहले शिक्षा सुरक्षित भएको सुनिश्चित गर्दै बालबालिकालाई प्राकृतिक प्रकोप, दुर्घटना, हिंसा आदिबाट हुने सम्भावित जोखिमबाट बचाउने विषयसमेत सुनिश्चित गर्नुपर्छ।

यसमा देखिएका प्रमुख चुनौतीमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने, यसका लागि छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने, यस योजनामा प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन्। शिक्षा क्षेत्रमा महामारीबाट पर्ने प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौतीका रूपमा रहेका छन्।

### ५.५.२ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु
२. बालबालिकाको सुरक्षा, स्वास्थ्य र सिकाइ सुनिश्चित गरी क्षतिको न्यूनीकरण गर्नु
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु

### ५.५.३ रणनीति

१. विपत्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी सचेतना अभिवृद्धि गर्ने
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्न अभिप्रेरित गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
८. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
९. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरीक्षण गर्ने

१०. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच समन्वय र सहकार्य गर्ने
११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ५.५.४ प्रमुख उपलब्धि तथा नतिजा

***उपलब्धि***

१. विपत् व्यवस्थापन प्रतिकार्यको पूर्व सावधानी र तयारीको वातावरण तयार भएको हुने छ।
२. बालबालिकाको सुरक्षा, स्वास्थ्य र सिकाइ सुनिश्चित गरी क्षतिको न्यूनीकरण भएको हुने छ।
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*तालिका नं ३२: नतिजा तथा परिमाणात्मक लक्ष्य*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | ० | ५ | ११ | १६ | १६ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ० | ४ | ८ | १२ | १६ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ० | ५ | १० | १६ | १६ |
| ४ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | ० | ० | ३ | १० | १६ | १६ |

*स्रोतः गाउँपालिका*

### ५.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं ३३: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण | पटक | ० | ० | १ | २ | ३ | ३ | ८ | |
| २ | विद्यालयको क्षमता विकास | सङ्ख्या | ० | ० | ३ | ३ | १० | १० | १६ | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | ० | ० | १ | २ | ३ | ३ | ८ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | ० | ० | १ | २ | ३ | ३ | ७ | |
| ५ | विपत् प्रतिरोध सम्बन्धी चेतना अभिवृद्धि गर्ने | पटक | ० | ० | १ | २ | ३ | ३ | ८ | |

*स्रोत: गाउँपालिका*

# ५.६ विद्यालय भौतिक पूर्वाधार विकास

५.६.१ वर्तमान अवस्था

विद्यालयमा बालबालिकाले आफूलाई सुरक्षित महसुस गर्न पाउनु पर्दछ। सुरक्षित विद्यालयका लागि मापदण्डअनुसारको कक्षाकोठा, खेल्ने खेलमैदान, चमेनागृह, शौचालय सफा र हरियाली वातावरण तथा सफा खानेपानी जस्ता भौतिक पूर्वाधार हुनुपर्दछ । शिक्षा नियमावली २०५९ मा सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि बालविकास तथा आधारभूत तहलाई ०.७५ वर्ग मिटर र माध्यमिक तहलाई १.०० वर्ग मिटर क्षेत्रफलप्रति विद्यार्थीका लागि आवश्यक पर्ने उल्लेख गरिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा विपत् जोखिममुक्त भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पुर्वाधार तयार गरी हरित र बालमैत्री विद्यालयको रूपमा विकास गर्ने नीति लिएको छ। मुलुक सङ्घीयतामा गइसकेपछि राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रम अनुसार यस पालिकाले विद्यालयको भौतिक पूर्वाधार विकासका कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको छ।

यस पालिकामा १६ वटा सामुदायिक विद्यालय र १७ वटा संस्थागत विद्यालय सञ्चालित छन । विद्यालयहरू मध्ये एक नमुना विद्यालय रहेको छ। सामुदायिक विद्यालयहरूमा पक्की भवनको सुविधा आंशिक रूपमा मात्रै छन्। धेरै विद्यालयहरू ट्रस छाना र पुराना भवनमा नै सञ्चालित छन्। यस पालिकाको नियमित कार्यक्रमबमोजिम शैक्षिक तथा भौतिक निर्माण तथा मर्मतका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

प्रत्येक वर्षको योजनाअनुसार भौतिक निर्माणका योजना तथा कार्यक्रम सञ्चालन गरिदै आए पनि विद्यालयहरूमा व्यवस्थित शौचालय, प्रयोगशाला, खानेपानी तथा बाल उद्यान जस्ता आधारभूत मापदण्डहरूको अभाव पूर्ति गर्न सकिएको छैन। विद्यालयहरूको भौतिक पुर्वाधार विकासका लागि नेपाल सरकार र कोशी प्रदेश सरकारसँग समन्वय र सहकार्य हुँदै आएका छन्। नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द कोशी प्रदेश सरकारबाट ४ कोठे, २ कोठे पक्की भवन खानेपानी र शौचालय निर्माण तथा खेल मैदान मर्मत तथा स्तरोन्नति तथा बाल उद्यानका कार्य भएका छन् । तथापि विद्यालयका पूर्वाधारको आवश्यकता पूरा हुन सकिरहेको छैन।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयहरूलाई सुरक्षित एवम हरित विद्यालयको रूपमा विकास गर्ने नीति अवलम्बन गरेको छ । यसको साथै सार्वजनिक विद्यालयहरूको पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको छ जुन स्थानीय निकायका लागि स्थानीय आवश्यकताका आधारमा पूर्वाधारको काम गर्ने अवसर प्राप्त भएको छ ।

सङ्घीयता कार्यान्वयन भन्दा अगाडि शिक्षा विभागमा भौतिक निर्माण तथा पूर्वाधार विकास सम्बन्धी काम गर्ने शाखा बेग्लै र साविकका जिल्ला शिक्षा कार्यलयहरूमा प्राविधिकसहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक निर्माणको काम हुँदै आएको थियो तर निर्माणको मापदण्ड तथा आधार सङ्घीय तहबाट हुँदै आएको थियो । यस सन्दर्भमा विद्यालय पूर्वाधार विकासमा स्थानीय आवश्यकताअनुसार कक्षाकोठा, फर्निचर  शौचालय, प्रयोगशाला प्रबन्ध गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकासका लागि गुरूयोजनाको विकास गर्नु, पूर्वाधार विकासका लागि स्रोत व्यवस्थापन र परिचालन गर्नु,  पूर्वाधारहरूलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री वनाउनु, पूर्वाधार विकासका विधि तथा प्रक्रियाहरूलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउनु,  विद्यालयहरूलाई हरित विद्यालयका रूपमा विकास गरी वातावरणीय रूपमा आकर्षक सिकाइ केन्द्र बनाउनु,  कक्षाकोठाहरूलाई प्रयोगशालाका रूपमा विकास गर्नु,  विद्यालयमा बाल उद्यान निर्माण गर्नु,  समय समयमा भौतिक संरचनाको मर्मतसम्भार हुनु र विद्यालय घेराबारा हुन चुतौतिका रूपमा देखिएका छन् ।

५.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

५.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र  सिकाइ क्रियाकलाप अनुकूल आधारमा मापदण्ड विकास गर्ने
२. विद्यालयमा पूर्वाधार विकासका कार्य एकै पटक वा पटक पटक गरी पूर्ण विद्यालय निर्माणको कार्य गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार सबलीकरण तथा  पुननिर्माण एवम् मर्मत सम्भार गर्ने

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी कार्य गर्ने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा सरकारी एवम् गैरसरकारी तथा निजी र स्थानीय समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने
८. पूर्वाधार विकासका लागि वार्षिक रूपमा तोकिएका ससर्त अनुदान बापतका योजना तथा कार्यक्रमहरू माग र आवश्यकताका आधारमा वितरण गर्ने ।
९. शैक्षिक सामग्रीका साथै खेल सामाग्रीयुक्त बालउद्यान निर्माणको कार्यक्रमलाई प्रोत्साहन गर्ने।

५.६.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं ३४: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १२७ | १२३ | ११३ | ९८ | ८० | ६५ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ८८ | ८६ | ८० | ७२ | ६२ | ५० |
| ३ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | १८ | १७ | १५ | १३ | ११ | ९ |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ५ | बाल उद्यान भएका विद्यालयको सङ्ख्या | १ | १ | २ | ३ | ४ | ७ |
| ६ | खेल मैदान भएका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ७ | चमेनागृह भएका विद्यालय सङ्ख्या | ८ | ८ | ८ | १० | १२ | १६ |
| ८ | सभाहल भएका विद्यालय सङ्ख्या | २ | २ | २ | ४ | ६ | ८ |
| ९ | घेराबार भएका विद्यालय सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | १६ |

*स्रोतः गाउँपालिका*

### ५.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

***तालिका नं ३५: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | नयाँ कक्षा कोठा निर्माण | सङ्ख्या | ० | २ | ८ | १४ | २५ | २५ | ८८ | |
| २ | विद्यालय भवन/ कक्षाकोठा सबलीकरण | सङ्ख्या | २ | ६ | १६ | ३१ | ४९ | ४९ | १२७ | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र | विद्यालय सङ्ख्या | १२ | १२ | १४ | १४ | १६ | १६ | १६ | |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | फर्निचर व्यवस्थापन | | | | | | | | | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १६ | १६ | १६ | १६ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | ० | १ | ३ | ५ | ७ | ७ | १६ | |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | ३ | ३ | १६ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | पटक | ० | ० | १ | २ | ३ | ३ | ८ | |
| ८ | विद्यालयको खेलमैदान पुनस्थापना | सङ्ख्या | ० | १ | १ | २ | ३ | ३ | १६ | |
| ९ | बाल उद्धान निर्माण तथा सञ्चालन | सङ्ख्या | १ | १ | १ | ३ | ५ | ५ | १६ | |
| १० | चमेना गृह निर्माण तथा स्तर सुधार | सङ्ख्या | ८ | ८ | ८ | १० | १२ | १२ | १६ | |
| ११ | विद्यालयको सभाहल निर्माण तथा व्यवस्थापन | सङ्ख्या | २ | २ | २ | ४ | ६ | ६ | १६ | |
| १२ | विद्यालयमा प्रयोगशाला तथा पुस्तकालय | सङ्ख्या | ८ | ८ | ९ | १० | ११ | ११ | १६ | |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | निर्माण तथा व्यवस्थापन | | | | | | | | | |
| १३ | स्मार्ट कक्षा व्यवस्थापन | सङ्ख्या | ० | ४ | ८ | १२ | १६ | १६ | १६ | |
| १४ | छात्रावास निर्माण | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | २ | |
| १५ | सुरक्षित विद्यालयका लागि घेराबारा | सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | १६ | |
| १६ | शिक्षक आवास भवन | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | २ | |

*स्रोत: गाउँपालिका*

# ५.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

५.७.१ वर्तमान अवस्था

आजको विश्व सूचना र प्रविधिको विकासले साँघुरो भएको छ। यसले ज्ञान आर्जन गर्न सहज मात्र नभई शिक्षण सिकाइको माध्यम विधि तथा तौरतरिकामा समेत आमूल परिवर्तन ल्याएको छ। सूचना तथा सञ्चारको प्रभाबकारी प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, शैक्षिक गुणस्तरको अभिवृद्धि गर्नमा महत्त्पूर्ण भूमिका खेल्छ। यसले विद्यालय तहको शिक्षण सिकाइमा सहजता ल्याउनुको साथै परीक्षा मूल्याङ्कन, विद्यालयको व्यवस्थापकीय तथा सुशासन कायम गर्नमा समेत मदत गर्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नुको उद्देश्य सबै विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत ज्ञान र क्षमता विकास गरी डिजिटलाइज्ड गर्ने, शिक्षामा समतामूलक पहुँचको र गुणस्तर अभिवृद्धि गर्ने तथा शिक्षाको सेवा प्रवाह तथा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका छन्। गुरू योजनाले पहिचान गरेका चारभोटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका छन् । हालको परिवेशमा अनुकुल रणनीति, क्रियाकलाप अध्यावधिक तथा परिमार्जन गरी यो पालिका स्तरीय योजनामा समावेश गर्नु आजको आवश्यकता देखिएको छ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चारको महत्त्वलाई अझ बढाएका छन् । विभिन्न प्रकारका महामारीहरूमा सूचना तथा सञ्चारले शिक्षामा सिकाइलाई निरन्तरता दिनमा महत्वपूर्ण भूमिका खेल्छ। महामारीको समयमा अनलाइन र अफलाइन दुबै माध्यमको प्रयोग गरी सिकाइलाई निरन्तरता दिन सफल भएको छ। यसमा मानवीय क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। सबैको पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य भएको छ।

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी सङ्घीय सरकारसँग प्रस्तत कानुनी आधारहरू छन् । बोर्ड बैंक नीति २०७१, नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरू योजना २०१३-२०१७ समेतले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको स्थापना, संचालन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्ने कुराको व्यवस्था गरेको छ । यस सम्बन्धी हाम्रो पालिकामा कुनै नीति तथा कानुनको व्यवस्था हुन नसके पनि संघीय कानुन हामी सबैको मार्गदर्शक हो । सङ्घीय सरकारकै नीति बमोजिम नै सञ्चालन भईरहेको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत विद्यालयहरूमा पूर्वाधार विकास गर्ने, सूचना प्रविधि व्यवस्थापन प्रणालीको स्थापना तथा संचालन गर्ने जस्ता कार्यहरू भइरहेका छन्। यस पालिकामा संघीय सरकारबाट दुई वटा माध्यमिक बिद्यालयहरूमा सूचना प्रविधि ल्याब स्थापना, दुई वटा माध्यमिक विद्यालयहरूमा ई-लाईब्रेरी स्थापना भएका छन् । यस पालिकामा पालिका अन्तर्गतका शाखा स्वास्थ संस्थाहरू इकाईहरूमा र सामुदायिक विद्यालयहरूमा रहेको इन्टरनेट एउटै प्रसारणबाट सञ्चालन हुँदै आएको छ। पालिकाको आफ्नै लगानीमा शिक्षकहरूका लागि सूचना तथा सञ्चार सम्बन्धी अनलाइन विधिबाट तालिम सञ्चालन भएको छ। शिक्षामा सूचना तथा प्रविधिको प्रयोगले अवसर तथा चुनौति दुबै सिर्जना गरेको छ।

सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच पुग्नु, शिक्षकहरू प्रविधिमा शिक्षण गर्न जागरूक हुनु, खोजेर सिक्ने र सिकाउने बानीको विकास हुनु, सूचना र सञ्चार प्रविधिको पूर्वाधार पुराहुँदै जानुलाई यस क्षेत्रको अवसरको रूपमा लिनु पर्छ।

विद्यालयहरूको भौतिक अबस्था र इन्टरनेट कनेक्टिभिटि सबैको पहुँच सम्म पुर्याउन सूचना प्रविधिलाई सुरक्षित बनाउन प्राविधिक जनशक्तिको विकास गर्ने, क्षमता विकासका अवसरहरू वृद्धि गर्न यसका अवसरको उपयोग गर्ने बानीको विकास गर्नु चुनौती रहेका छन्।

५.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

५.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

५.७.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*तालिका नं ३६: नतिजा तथा परिमाणात्मक लक्ष्य*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ८ | ८ | १० | १२ | १४ | १६ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ४ | ५ | ८ | १२ | १६ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |

*स्रोत: गाउँपालिका*

### ५.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं ३७: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ–लाइब्रेरी स्थापना | सङ्ख्या | ३ | ३ | ३ | ४ | ५ | ५ | १० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ३ | शिक्षक तथा कर्मचारीको क्षमता विकास | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | ६ | ६ | ६ | ७ | ८ | ८ | १३ | |
| ५ | IEMIS व्यवस्थापन | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ६ | इ हाजिरी व्यवस्थापन | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

*स्रोतः गाउँपालिका*

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ। यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरू परिच्छेदमा जस्तैः वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरी उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ।

# ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.१.१ वर्तमान अवस्था

विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापनले एउटा सक्षम र सबल शिक्षा प्रणालीको निर्माण र त्यसको सञ्चालनका लागि मूल आधार प्रदान गर्छ । बालबालिकाका लागि समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गरी सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्ने लक्ष्य प्राप्तिका लागि प्रभावकारी शासकीय प्रबन्ध तथा व्यवस्थापन आवश्यक छ । शिक्षा जस्तो सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका महत्त्वपूर्ण हुन्छ । सामान्यतया शासकीय प्रबन्धले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोध, जवाफदेही, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्याउन तयार गरिएका संरचना तथा प्रकियाहरूलाई बुझाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शीता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनुपर्दछ । शिक्षाको विकासका लागि तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको सुशासन तथा व्यवस्थापन हुने व्यवस्था छ । यो योजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ देखि स्थानीय तहसम्म व्यक्ति तथा संस्थाको क्षमता विकास हुनु जरूरी छ । यसका लागि सुस्पष्ट रूपमा परिभाषित गरिएका भूमिकाका साथै स्पष्ट कार्यान्वयन व्यवस्था तथा उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ । सुशासन तथा व्यवस्थापनसम्बन्धी उल्लिखित पक्षहरूको उचित व्यस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्वः ज्ञान, प्रविधि, मूल्य मान्यता तथा दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्दछ । स्थानीय तहबाट शैक्षिक सेवालाई प्रभावकारी रूपमा कार्यसम्पादनको सुनिश्चितताका लागि सङ्गठनात्मक स्वरूप र कर्मचारीको व्यवस्थापनमा समायोजन गरी शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना तयार गरिएको छ । संस्थागत तथा व्यक्तिगत क्षमता सुधार गरी सुशासनको प्रवर्धन गर्नु आवश्यक छ ।

सङ्घीय तहमा विद्यालय शिक्षाको शैक्षिक प्रशासन तथा व्यवस्थापनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय जिम्मेवार रहेको छ । शिक्षासम्बन्धी समष्टिगत राष्ट्रिय नीति, मापदण्ड र स्तर निर्धारण, सङ्घीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । यिनका छुट्टाछुट्टै जिम्मेवारी छन् । स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् ।

यसका अतिरिक्त प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र उच्च शिक्षाका लागि विश्वविद्यालय अनुदान आयोगसहित विश्वविद्यालयहरू तथा प्रतिष्ठानहरू रहेका छन् ।

प्रदेश तहमा शिक्षा हेर्ने जिम्मेवारी सहितको सामाजिक विकास मन्त्रालय रहेको छ । प्रदेशमा कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालय रहेको छ । प्रदेशमा शैक्षिक जनशक्ति विकासका लागि तालिम केन्द्र क्रियाशील रहेको छ । जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ रहेको छ । यसले सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत काम गर्दछ । स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था छ । स्थानीय तहको शिक्षा शाखामा शिक्षा सेवाका २ जना कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ । शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरवलोकन गर्न आवश्यक छ ।

सङ्घ देखि स्थानीय तहसम्म शिक्षाको व्यवस्थापन गर्ने विभिन्न तहका सरकारहरू एवम् निकायहरू संलग्न रहेका छन् । सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ । प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी २३ ओटा कार्य जिम्मेवारी तोकेको छ। यी जिम्मेवारीलाई प्रभावकारी रूपमा पूरा गर्न संस्थागत प्रबन्ध गर्नुपर्ने र स्थानीय तहबाट सञ्चालन हुने परीक्षालाई थप व्यवस्थित गर्न विद्यालयहरूमा सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग पद्धतिको अभाव भएकोले यसको पूर्ति गर्न चुनौती छ ।

६.१.२ उद्‌देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने शैक्षिक जनशक्तिको व्यवस्थापन गर्नु
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन र परिचालन गर्नु
४. शैक्षिक संस्थाहरूलाई पारदर्शी उत्तरदायी र जवाफदेही बनाउनु

६.१.३ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति शिक्षकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने
७. विद्यालयको स्व:मूल्याङ्कन गरी नतिजाका आधारमा क्षमता विकास गर्ने
८. पालिकाले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षक तथा कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गर्ने
९. विद्यालय सम्बद्ध सरोकारवालाको क्षमता विकास गरी शैक्षिक सुशासन सुनिश्चित गर्ने

६.१.४ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।
४. शैक्षिक संस्थाहरू पारदर्शी उत्तरदायी र जवाफदेही भएका हुने छन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

***तालिका नं ३८: नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ३ | ३ | ३ | ४ | ५ | ८ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | २ | २ | ३ | ४ | ८ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ४ | विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ० | ० | ५ | १० | १६ |
| ६ | विद्यालयका गतिविधि सार्वजनिक गर्न अभिभावक भेला गर्ने विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ७ | निर्धारित समय भित्र तथ्याङ्क संप्रेषण गर्ने विद्यालय सङ्ख्या | ८ | ८ | १२ | १६ | १६ | १६ |

*स्रोतः गाउँपालिका*

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं ३९: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | २ | २ | २ | ४ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | निरन्तर | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ६ | सामाजिक परीक्षण र लेखापरीण सार्वजनिकीरण | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ७ | सिकाइ उपलब्धी परीक्षण | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| ८ | सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन | पटक | १ | ३ | ६ | ९ | १३ | १३ | ३३ | |
| ९ | अभिभावक भेला सार्वजनिक सुनुवाई | पटक | १ | १ | २ | ४ | ६ | ६ | १६ | |
| १० | उजुरी पेटिका व्यवस्थापन र कार्यान्वयन | सङ्ख्या | ४ | ४ | १० | १६ | १६ | १६ | १६ | |
| ११ | विद्यालयमा गुनासो सुन्ने अधिकारी सूचना अधिकारी तथा लैङ्गिक फोकल पर्सनको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | ० | १६ | १६ | १६ | १६ | १६ | |
| १२ | इ हाजिरी व्यवस्थापन तथ कार्यान्वयन | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

*स्रोतः गाउँपालिका*

# ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

६.२.१ वर्तमान अवस्था

यस आवधिक शिक्षा योजनाको कार्यान्वयनका लागि शिक्षा नीति तथा कानुनहरूको अधीनमा रही आर्थिक स्रोतको सुनिश्चितता, कार्यान्वयनका लागि सङ्गठन र जनशक्ति महत्त्वपूर्ण कुराहरू हुन् । स्थानीय तहले गर्ने शिक्षा व्यवस्थापन तथा विकासका गतिविधिहरू नगरपालिकाको एकल लगानी र पहलले मात्र नहुने हुँदा शिक्षा विकासका योजनाको कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश अनुदान वा लगानीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । स्थानीय शिक्षा योजना कार्यान्वयनको क्रममा गाउँपालिकाले व्यवस्थापकीय भूमिका निर्वाह गर्ने गर्दछ । आवधिक शिक्षा योजना कार्यान्वयन प्रबन्ध अन्तर्गत आवधिक शिक्षा योजनाका लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम तथा परियोजनामा आधारित रहेर शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, कार्यक्रम तथा परियोजनाहरूको नियमितरूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू पर्दछन् ।

स्थानीय तहको प्रभावकारिता हाम्रा योजना तथा कार्यक्रमहरू र त्यसलाई कार्यान्वयन गर्ने जनशक्तिको अवस्थाले प्रभाव पार्दछ । यस पालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम मार्फत योजना अघि बढने भएकाले सबै जना जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा, लेखा शाखा, प्रशासन शाखा, योजना तथा मूल्याङ्कन शाखा, भौतिक पूर्वाधार शाखा  जिन्सी इकाईसँग सम्बन्धित रहे तापनि कार्यक्रमगत रूपमा शिक्षा शाखा र सम्बद्ध जनशक्ति बढी जिम्मेवार हुने भएकोले जनशक्ति व्यवस्थाजन र क्षमता विकास सुदृढ बनाउनु आवश्यक हुन्छ ।
यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि गाउँसभा, गाउँकार्यपालिका, शिक्षा समिति, सामाजिक विकास समितिले आ–आफ्नो ठाउँबाट सक्रिय भूमिका निर्वाह गरी कार्यान्वयनका चरणमा आवश्यकता परेमा अन्य समिति वा उप समिति पनि गठन गर्न सक्नु पर्छ । योजनालाई अपेक्षित बनाउन उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्ने गरी आर्थिक, भौतिक, मानवीय स्रोत व्यवस्थापनको प्रबन्ध गर्नु  पर्दछ । यसका लागि शिक्षा ऐनमा आवश्यक परिमार्जन, आवश्यक नियममा परिमार्जन तथा निर्माण, कार्यविधि निर्माण र प्रबोधीकरणको समेत व्यवस्था हुनु आवश्यक छ ।

गाउँपालिकामा आवधिक शिक्षा योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको मातहतमा गाउँ शिक्षा समिति र शिक्षा तथा खेलकुद शाखाको प्रमुख भूमिका रहन्छ । यस योजनामा समावेश गरिएका उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयवस्तुहरूमा देखिएका समस्या तथा चुनौतीहरूको समाधान गर्दै नागरिकहरूलाई गुणस्तरीय शिक्षामा पहुँच पुर्याउनका लागि पहिचान गरिएका रणनीति र कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनका लागि पालिकाको वार्षिक योजना तथा कार्यक्रममा शिक्षा क्षेत्रका परिवर्तनकारी तथा नियमित शिक्षा व्यवस्थापनका लागि निरन्तर चलिआएका योजनाहरू समावेश गर्ने र सोको लागि बजेट अनुमान तथा प्रस्ताव गर्ने कार्य गाउँ शिक्षा समिति, सामाजिक विकास समिति र शिक्षा तथा खेलकुद शाखाले गर्दछ । यसरी कार्यक्रमहरू छनौट गर्दा नेपाल सरकारबाट प्राप्त हुने ससर्त अनुदान अन्तर्गतका नियमित कार्यक्रमहरू लगायत पालिकाले पहिचान गरेका शिक्षा विकासमा आवश्यक कार्यक्रमहरू समावेश गरिन्छ । प्रस्ताव गरिएका कार्यक्रम तथा बजेट माथि विषयगत समिति र कार्यपालिकामा छलफलपश्चात कार्यक्रम तथा बजेट स्वीकृतिको चरणमा पुग्दछ । गाउँ सभामा प्रस्ताव गरिएका कार्यक्रम तथा बजेट पेश हुने र छलफल भई वार्षिक कार्यक्रम र बजेट पारित हुने हुन्छ ।

आवधिक योजनामा रहेका योजना तथा कार्यक्रमहरू वार्षिक योजनामा समावेश तथा बजेट विनियोजन पश्चात कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवारी पुनः गाउँ शिक्षा समिति, सामाजिक विकास समिति र शिक्षा तथा खेलकुद शाखाको काँधमा आउँदछ । गाउँपालिकाबाट दिइएका विद्यालय व्यवस्थापन तथा शिक्षण सिकाइका कार्यक्रमहरू विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकले कार्यान्वयन गर्ने व्यवस्था रहेको छ ।

विद्यालयमा समुदायको सहभागिता र योगदान बढाउनका लागि शिक्षक अभिभावक सङ्घको गठन तथा परिचालन गर्ने व्यवस्था रहेको छ । शिक्षक अभिभावक सङ्घले शिक्षा विकासमा समुदायको प्रतिनिधित्व तथा सहकार्य अभिवृद्धि गर्दछ । तसर्थ, गाउँपालिकाको नेतृत्वमा माथि उल्लेख गरिएका संगठनात्मक संरचनाले स्थानीय तहमा शिक्षा व्यवस्थापन तथा विकासका गतिविधिहरू सञ्चालनमा सहभागिता, सहकार्य तथा समन्वय गर्न सहयोग गर्दछन् ।

यस शिक्षा योजनाका कार्यक्रम अनुरूप वार्षिक नीति तथा कार्यक्रममा कार्यक्रम समावेश गर्नु विभिन्न क्षेत्रको प्रभावका कारण कार्यक्रमको प्राथमिकीकरण जनशक्तिको क्षमता विकास र परिचालन गर्नु स्रोत साधनको व्यवस्थापन र परिपचालन गर्नु  कार्यक्रमको प्रभावकारिता अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी र परीणाम मुखी बनाउनु चुनौती पूर्ण रहेको छ ।

स्थानीय तहलाई योजना निर्माण कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी प्राप्त हुनु उपलब्ध स्रोत साधनको अधिकतम परिचालन र उपयोग हुनु जनचासोका विषयहरूलाई स्थानीय स्तरमा नै पहिचान गरी सुधारात्मक कार्य गर्नु अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त समस्याको समाधान तत्कालै वा स्थानीय स्तरबाटै समाधान गर्न सक्ने अवसर रहेका छन् ।

### ६.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
२. शिक्षा योजना कार्यान्वयनका लागि आर्थिक भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन गर्नु

### ६.२.३ रणनीति

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन तथा कार्यविधि विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने
७. विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता गर्ने

९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

२ शिक्षा योजना कार्यान्वयनका लागि आर्थिक भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

***तालिका नं ४०: प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | २ | ३ | ४ | ५ | ५ | १० | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण | निरन्तर | १ | २ | ३ | ४ | ५ | ५ | १० | |

*स्रोतः गाउँपालिका*

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । ससर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गरिएको छ । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ।

यस परिच्छेदमा परिच्छेद ४, ५, ६ र ८ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापका लागि बजेट अनुमान, प्रक्षेपण, स्रोतको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरूको पहिचान र विश्लेषण गर्दा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सङ्घ संस्था तथा निजीबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन गर्ने लक्ष्य लिएको छ ।

### ७.१ वर्तमान अवस्था

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । ससर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने

उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्ने गरिएको छ । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

आर्थिक तथा सामाजिक परिवर्तन गरी समृद्ध राष्ट्र निर्माण गर्नमा शिक्षाको महत्त्पूर्ण भूमिका हुन्छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ । शिक्षामा गरीने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राष्ट्रिय आकाङ्क्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदाय स्तरबाट समेत शिक्षा क्षेत्रमा लगानी  गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकाङ्क्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।  शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गर्नु स्रोतलाई एकीकृत गर्नु र आवश्यकताका आधारमा वितरण तथा उपयोग गर्न शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु आवश्यक हुन्छ ।

बुद्धशान्ति गाउँपालिकाले उपलब्ध साधन स्रोतबाट आवश्यकताका आधारमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन हुँदै आएको छ । शैक्षिक क्षेत्रमा गरिएको लगानीले समग्र शैक्षिक गतिविधिलाई गतिशिल बनाउन उत्प्रेरणा प्रदान गर्दछ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा संवैधानिक रूपमा राजनीतिक तहमा र नीतिगत दस्तावेजहरूमा उल्लेख भए तापनि कार्यान्वयन तहमा फरक देखिन्छ । शिक्षा क्षेत्रको बजेट वृद्धिमा स्थानीय सरकारहरूको समेत ध्यान जानु आवश्यक छ।

शिक्षाको विकासमा निजी क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको छ । संस्थागत विद्यालयहरूले ठूलो सङ्ख्यामा विद्यार्थीको भार बहन गरेको छ ।  यस पालिकालाई हेर्दा माथिल्ला कक्षाहरूमा ३५ देखि ४० प्रतिशत र तल्ला कक्षाहरूमा ५० प्रतिशतभन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा अध्ययनरत छन् । निजी लगानीका विद्यालयहरूमा सरकारी र स्थानीय पालिकाको लगानी प्रत्यक्ष रूपमा नभए पनि नियमन नियन्त्रण समन्वय सहजीकरणमा पालिकाको भूमिका रहेको छ । सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको खर्च विभिन्न तहका सरकार र समुदायले बेहोरी रहेका छन् । संस्थागत विद्यालयहरूले स्थानीय सरकारले तोकिदिएको शुल्कका आधारमा विद्यार्थीहरूबाट शुल्क लिएर विद्यालय सञ्चालन गरि रहेका छन् । यसरी प्रति विद्यार्थी लागतलाई हेर्ने हो भने यो खर्च निकै महंगो हुने देखिन्छ ।

यस पालिकाले बाल कक्षामा शिक्षकको अभाव पूर्ति गर्न स्वयम् सेवक शिक्षकको व्यवस्थापन अभिभावकको अंग्रेजी शिक्षा प्रतिको आकर्षण मध्य नजर गरी अंग्रेजी शिक्षकको व्यवस्थापनका लागि विद्यालयलाई अनुदान, प्रारम्भिक बाल कक्षा देखि आधारभूत तह कक्षा ५ र आधारभूत तह कक्षा ६ देखि ८ मा विज्ञान विषायका स्वयम् सेवक शिक्षकको व्यवस्थापन, विपन्न बालकालिकाहरूलाई स्कुल ब्याग, शैक्षिक सामग्री, उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी सम्मान, शिक्षक तालिम, अभिभावक शिक्षा, शैक्षिक सामग्री व्यवस्थापन, स्मार्ट

कक्षाकोठा व्यवस्थापन, फर्निचर निर्माण, भवन निर्माण तथा मर्मत, विद्यालय घेराबारा जस्ता क्षेत्रमा लगानी गर्दै आएको छ।

संवैधानिक व्यवस्थाअनुसार शिक्षा तीनै तहको साझा क्षेत्रका रूपमा रहनु, शिक्षामा लगानी गर्न अभिभावक आफै अभिप्रेरित हुनु, विद्यालयीय शिक्षा प्रति स्थानीय सरकारको चासो बढ्नु, सूचना र प्रविधिको प्रयोगले सिकाइका अवसरहरू बढ्नु, विद्यालयमा भर्ना दर बढ्नु, शैक्षिक गुणस्तरमा क्रमश सुधारका संकेतहरू देखिनु, तालिम प्राप्त शिक्षकको संख्यामा वृद्धि हुनु, विषयगत शिक्षकको व्यवस्था हुँदै जानु यसका अवसरका रूपमा रहेका छन्।

राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा स्थापित मूल्य र मान्यता, सरकारले अघि सारेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्न सङ्घीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउन निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपम विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्न, स्रोत पहिचान  परिचालन र  दिगोपना सुनिश्चित गर्न आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्न विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गरी गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने स्रोत व्यवस्थापन गर्न शिक्षामा समता तथा समावेशिता कायम गर्नका लागि आर्थिक रूपले विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्न गैरसरकारी तथा निजी क्षेत्र, सामुदायको सहभागिता र अभिभावकलाई शिक्षामा लगानीका लागि प्रोत्साहन गर्न, शिक्षा क्षेत्रमा भएको लगानीलाई पारदर्शी, जवाफदेही, उत्तरदायी बनाइ वित्तीय सुशासन कायम गर्न चुनौती देखिन्छ।

### ७.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### ७.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको बीस प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने

४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

७.४ प्रमुख उपलब्धी

**उपलब्धी**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

५ प्रमुख क्रियाकलाप र लक्ष्य

## क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

***तालिका नं ४१:***

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ८०६८ | ९५०२ | १०७०० | १०१५० | १०१९० | ४८६१० | ११२१८९ |
| २ | आधारभूत शिक्षा | ९७७२३ | ९९३०० | १०२४०० | १०३८०० | १०५००० | ५०८२२३ | ११७३०५२ |
| ३ | माध्यमिक शिक्षा | ३१२३० | ३२२०० | ३२७८० | ३३९९० | ३५००० | १६५२०० | ३७९१५५ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | १२०० | १५०० | २५०० | ५२०० | ११९६० |
| ५ | छात्रवृत्ति वितरण | २०१५ | ७४४ | २६४० | २७९० | ३४३० | ११६१९ | ३०६४७ |
| ६ | नि: शुल्क पाठ्यपुस्तक | ५०९६ | ४५०९ | ५६७५ | ५८२० | ६३४० | २७४४० | ६५३२४ |
| ७ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई व्यवस्थापन अनुदान | ३४९४ | ४४०१ | ४५९८ | ४७७८ | ५३५६ | २२६२७ | ५१६३२ |
| ८ | दिवा खाजा | ९११० | १०९८१ | ९७४० | ९८९८ | १८७०० | ५८४२९ | १३१०२६ |
| ९ | स्यानेटरी प्याड व्यवस्थापन | २२३१ | १९६२ | २४५८ | २६३० | २८५८ | १२१३९ | २८७८९ |
| १० | विद्यालय सञ्चालन अनुदान | १२९० | १४०५ | १५१५ | १६१० | १६४२ | ७४६२ | १७३०० |
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादन आधारित प्रोत्साहन अनुदान | ५७९४ | ५५०० | ७८३० | ८३३२ | ९२४० | ३४६९६ | ८७४६४ |
| १२ | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | ८१९ | ८१४ | १०२३ | १२३० | १३५४ | ५२४० | १२३३७ |
| १३ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | २६०० | २८०५ | २८३० | २९४५ | ३१५० | १४३३० | ३२६९४ |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १४ | स्थानीय तहको साझेदारीमा विद्यालयहरूको भौतिक निर्माण अनुदान | १०००० | ५५०० | ५००० | ५००० | ५००० | ३०५०० | ८०५०० |
| १५ | सिकाइ योजना कार्यान्वयन | ४०० | ० | ८०० | १००० | १३०० | ३५०० | ९४३० |
| १६ | विपन्न लक्षित छात्रवृत्ति | ८७३ | २१६ | १२३४ | १३५६ | १४७८ | ५१५७ | १३९४७ |
| १७ | शिक्षण सहयोग अनुदान कक्षा ९–१० | ६३५८ | ५२०२ | ८३४५ | ९५०० | ९८७९ | ३९२८४ | ९५०१९ |
| १८ | शिक्षण सहयोग अनुदान कक्षा ६–८ | ४६१ | ४१५ | १३६७ | १६७६ | १९५६ | ५८७५ | १४८०७ |
| १९ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता | ० | ० | १०० | २०० | २०० | ५०० | १३८० |
| २० | राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम | ० | ९६५० | १५६०० | १९८७६ | २२३०० | ६७४२६ | १५४९६४ |
| जम्मा | | १८९५६२ | १९५१०६ | २१७८३५ | २२८०८१ | २४६८७३ | १०७५४५७ | २५०३६१६ |

*स्रोतः गाउँपालिका*

## ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

***तालिका नं ४२:***

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | विद्यालय नर्स | ११०९ | १८२० | २२७५ | २७३० | ३६४० | ११५७४ | २६६२० |
| २ | विद्यालय पूर्वाधार विकास | ८७३ | १८६४ | २७५४ | ३२७८ | ४१३६ | १२९०५ | ३२२६२ |
| ३ | विद्यालयमा स्वच्छ पिउने पानी | ० | १११० | १८५० | २२२० | २९६० | ८१४० | १९५३६ |
| ४ | प्राविधिवक शिक्षा तथा व्यावसायिक तालिम | ० | ४५० | ८५० | १३०० | १६०० | ४२०० | ९५०० |
| ५ | विद्यालय खेल मैदान | ० | ५३० | ८७६ | ११३४ | १३४५ | ३८८५ | ९३२४ |
| जम्मा | | १९८२ | ५७७४ | ८६०५ | १०६६२ | १३६८१ | ४०७०४ | ९७२४२ |

*स्रोतः गाउँपालिका*

## ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

***तालिका नं ४३:***

| क्र.सं. | क्रियाकलापका क्षेत्र र विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३७७० | ३८९० | ४०४३ | ४३९० | ४५९५ | २०६८८ | ४७५४२ |
| २ | आधारभूत शिक्षा | ३८२३ | ४८२३ | ४१३२ | ४४३६ | ४८५० | २२०६४ | ५०७४७ |
| ३ | माध्यमिक शिक्षा | २१६४ | २२७० | २३८५ | २५२५ | २८५३ | १२१९७ | २८०५३ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | १००० | १३०० | १५०० | ३८०० | ८७४० |
| ५ | दिवा खाजा | १७४० | १८३४ | १९३२ | २०३३ | २१५० | ९६८९ | २२२८४ |
| ६ | स्यानेटरी प्याड व्यवस्थापन | १५० | १७० | २१० | २५० | ३०० | १०८० | २४८४ |
| ७ | विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थी सम्मान | १२० | २७० | ३४० | ४१० | ५०० | १६४० | ३४०० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण | ९६० | १५३७ | १२३५ | १४६७ | १७७० | ६९६९ | १६०२८ |
| ९ | अनिवार्य तथा निःशुल्का शिक्षा सुनिश्चितता | ३५० | ४७० | ६८० | ७५० | २५० | २५०० | ४००० |
| १० | पालिका स्तरीय खेलकुद प्रतियोगिता | १४०० | १६०० | १६५० | १७०० | १७५० | ८१०० | १७५०० |
| ११ | परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | ५५० | ५७० | ५९८ | ६८५ | ७०० | ३१०३ | ७१३६ |
| १२ | अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ० | ० | २६० | ३७० | ४१० | १०४० | २४०० |
| १३ | सिकाइ योजना निर्माण र कार्यान्वयन | ० | २० | ६० | ११० | २३० | ४२० | ९४३ |
| १४ | शिक्षक तालिम तथा अभिभावक शिक्षा | १०० | ४५० | ६५० | ८५० | ११०० | ३१५० | ६८०० |
| १५ | स्वयमं सेवक शिक्षक व्यवस्थापन | ३८२२ | ४०७६ | ४४८७ | ४८५० | ५५५८ | २२७९३ | ५२४२३ |
| १६ | स्मार्ट कक्षा व्यवस्थापन | ४०० | ६०० | ८०० | १००० | १२०० | ४००० | ८७०० |
| १७ | शैक्षिक तथा खेलकुद प्रतियोगिता | ४५० | ९३० | ५८० | ६४० | ६९० | ३२९० | ७५७६ |
| १८ | संघ, प्रदेशसँगको साझेदारीमा विद्यालय भौतिक मर्मत सुधार कार्यक्रम | ७०० | १५०० | २२०० | ३८०० | ५००० | १३२०० | ३५६३० |
| जम्मा | | २०४९९ | २५०१० | २७२४२ | ३१५६६ | ३५४०६ | १३९७२३ | ३२२३८६ |

*स्रोत: गाउँपालिका*

**घ) अन्य सङ्घसंस्था तथा निजी क्षेत्रबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

***तालिका नं ४४:***

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक बालविकास र  शिक्षा | ४५ | ६८ | ९८ | ११८ | १६७ | ४९६ | ११४१ |
| २ | आधारभूत शिक्षा | ३७७ | ४९७ | ६६७ | ८१२ | १०७० | ३४२३ | ११७३०५२ |
| ३ | माध्यमिक शिक्षा | ३१७ | ४७८ | ५९७ | ७०५ | ९५७ | ३०५४ | ३७९१५५ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | २३५ | ३६५ | ३७८ | २५०० | ३४७८ | ११९६० |
| ५ | विद्यालय पूर्वाधार विकास | ३०३ | १८६४ | २७५४ | ३२७८ | ३९८ | ८५९७ | २२००० |
| ६ | छात्रवृत्ति | २३ | ३५ | ५५ | ७६ | १२० | ३०९ | ७४१ |
| जम्मा | | १०६५ | ३१७७ | ४५३६ | ५३६७ | ५२१२ | १९३५७ | १५८८०४९ |

*स्रोतः गाउँपालिका*

### ७.६ योजना अवधिमा विभिन्न क्षेत्रबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट:

योजनामा उल्लिखित परिच्छेद ४, ५, ६ र ८ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी उपक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिल अनुसार रहेको छ।

***तालिका नं ४५:***

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ११८८३ | १३६२८ | १४९४१ | १४६५८ | १४९५२ | ७००६२ | १६१९४२ |
| २ | आधारभूत शिक्षा | १०२३२३ | १०५८८७ | १०९४९९ | १११०४८ | १११५२० | ५४०२७७ | १२६०००० |
| ३ | माध्यमिक शिक्षा | ३३७११ | ३४९९८ | ३५९६२ | ३७९२० | ३८८१० | १८१४०१ | ४११०३२ |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ० | ५७० | ३४१५ | ४४७८ | ८१०० | १६५६३ | ३८३५९ |
| ५ | अनौपचारिक तथा वैकल्पिक शिक्षा | २६०० | २८०५ | ३०९० | ३३१५ | ३५६० | १५३७० | ३५०८६ |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ६३३६ | ७५९२ | ८५६३ | ९२५६ | ९८७० | ४१६१७ | ८५५७५ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १०६४१ | १०७७० | १२३५४ | १४३७६ | १५४३० | ६३५७१ | १४६२१३ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ३२२८ | ४०५० | ५१८० | ५८७८ | ५३०५ | २३६४१ | ५८७०५ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १४३४० | १७२८३ | १६७१५ | १७५४१ | २७६४८ | ९३५२७ | २११२०४ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १६२७ | १७३५ | १८०५ | १८२३ | १८६६ | ८८५६ | ५७६१० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १३८९९ | १८३५९ | ३१९३४ | ३९५८६ | ४४३३९ | १४८११७ | ३५०२६४ |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ९८३ | ७५० | १६८० | २३८५ | ३०९५ | ८८९३ | २१०५८ |
| १३ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ९४४१ | १०५२५ | १२९०५ | १३२०७ | १६३९७ | ६२४७५ | १४३०९२ |
| १४ | अनुगमन तथा मूल्याङ्कन | ९६ | ११५ | १७५ | २०५ | २८० | ८७१ | १९४५ |
| जम्मा लगानी र स्रोत व्यवस्थापन | | २१११०८ | २२९०६७ | २५८२१८ | २७५६७६ | ३०११७२ | १२७५२४१ | २९८१२८५ |

*स्रोत: गाउँपालिका*

माथिको तालिकाअनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान गर्दा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरी बजेटको अनुमान गरिएको छ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिबारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छन्।

नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विभिन्न प्रतिबद्धता अनुरूप स्थानीय तहले शिक्षा योजनाको अनुगमन गर्दा कम्तिमा पनि अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको कार्यान्वयनको प्रगति, दिगो विकास लक्ष्य सन् २०३० को प्रगति तथा विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकको आधारमा यस बुद्धशान्ति गाउँपालिकाको आवधिक शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन हुन आवश्यक छ।

## ८.१ वर्तमान अवस्था

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रम र शैक्षिक क्रियाकलापहरूको प्रभावकारिताका लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य छ। उपलब्ध साधन स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्न गराउन यसको भूमिका महत्त्वपूर्ण हुन्छ। शैक्षिक क्रियाकलापहरू निर्धारित समयमै कार्यान्वयन भइ लक्षित उपलब्धि हासिल गर्न, अधिकार सम्पन्न संयन्त्र निर्माण गरी निर्धारित शैक्षिक क्रियाकलापको लक्ष्यमा पुग्न अनुगमन तथा मूल्याङ्कन आवश्यक छ। यसले कार्यको प्रगति भूत र वर्तमानको लेखाजोखा गरी भविश्यको मार्गदर्शन गर्दछ। यसरी नै मूल्याङ्कनले शैक्षिक क्रियाकलापहरू र कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा गरी शैक्षिक क्रियाकलापहरू र कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा सूचना प्रदान गर्दछ। अनुगमन तथा

मूल्याङ्कन  कार्यान्वयनको चरणमा गरिन्छ । शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउनको लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य छ ।

यसमा पालिकाको दश वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य रणनीति एवम् यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि पालिका भित्र सञ्चालित सामुदायिक, संस्थागत विद्यालयहरू, बालविकास केन्द्र तथा सिकाइ केन्द्रहरूमा सञ्चालित सबै शैक्षिक क्रियाकलाप तथा कार्यक्रमहरूको कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षणका सम्बन्धमा प्रस्तुत गरिएको छ ।

अनुभव तथा मूल्याङ्कनलाई शैक्षिक क्रियाकलापहरू र कार्यक्रमहरूको अभिन्न अङ्गका रूपमा लिनु पर्छ । पालिकाको शिक्षा संयन्त्रलाई आवश्यकताअनुसार चुस्त र दुरूस्त बनाउन आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिनु आवश्यक हुन्छ । पालिका अध्यक्षको अध्यक्षतामा रहेको पालिका शिक्षा समितिमा आवश्यकताअनुसार शिक्षा सम्बन्धी छलफल तथा समीक्षा हुने गर्दछन् । यसरी पालिकाका शिक्षा युवा तथा खेलकुद शाखाबाट शैक्षिक गतिविधि तथा पालिका क्षेत्रभित्र रहेका समुदायिक, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्याङ्कन भइरहेको छ । अनुगमन तथा मूल्यांकनका लागि विद्यालय शिक्षा क्षेत्र योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार मान्दै पालिका, शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा विकास निर्देशालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालयको भूमिकालाई समेत स्वीकार गरिएको छ । शिक्षा क्षेत्रको वार्षिक कार्यक्रम गाउँकार्यपालिका तथा शिक्षा समितिका निर्णयहरू कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएका व्यवस्थाहरू स्थानीय शिक्षा व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुन पर्दछ । शैक्षिक व्यवस्थामा सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधारसम्बन्धी सूचना लिइ विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरू, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै पालिकाको शैक्षिक योजना निर्माण भइरहेको छ । शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित समयमै कार्यान्वयन भई रहेका छन् वा छैन्न लक्षित उपलब्धी हासिल भएका छन् वा छैनन् सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन गरिनुपर्छ । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिका बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको अभिवृद्धि गर्न अनुगमन तथा मूल्याङ्कन आवश्यक हुन्छ । अनुगमन तथा मुल्याङ्कनका अवसरका साथै  चुनौती पनि उत्तिकै रहेका छन् । यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित अवसर र चुनौतीहरू पहिचान गरिएको छ ।

पालिकाका जनप्रतिनिधिहरू शिक्षा र शैक्षिक कार्यका लागि सकारात्मक हुनु, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकासकेन्द्र, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशालय, शिक्षक तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ,  स्थानीय तहबाट आवश्यकताअनुसार अनुगमन तथा मूल्याङ्कन गर्न सकिने छ । पालिकले दक्ष र अनुभवी जनशक्तिलाई आमन्त्रण गरी अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । विद्यालयका योग्य दक्ष र अनुभवी शिक्षकहरूबाट पनि अनुगमन तथा मूल्याङ्कनमा सहयोग लिन सकिनेछ । अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको विकासले सहजता प्रदान गर्नु, शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि मापनयोग्य सूचकहरूको निर्धारण,  दक्षता र सिपयुक्त जनशक्ति तयार गर्नु , अनुगमन कार्यलाई

नियमितता दिन पालिकाले स्रोत साधनको प्रबन्ध गर्नु, अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित र विश्वसनीय बनाउनु जस्ता अवसरहरू छन् ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको आधारमा स्थानीय मापदण्डको विकास, स्थानीय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण र दक्ष जनशक्ति विकास गर्नु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमनलाई योजनाबद्ध बनाउनु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन प्रणाली व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने गराउने परिपाटीको विकास गर्नु, अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा जोड दिनु, शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सिप भएका जनशक्ति तयार गर्नु चुनौतीका रूपमा रहेका छन् ।

८.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

८.३ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी रूपमा उपयोग गर्ने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन गर्ने प्रणाली स्थापित गर्ने
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने
७. अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाउने
८. अनुगमन सुपरीवेक्षणको कार्यका लागि स्थलगत तथा विद्युतीय दुबै माध्यमको उपयोग गर्ने

८.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका नं ४६: प्रमुख क्रियाकलनप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण क्षमता विकास र परिचालन | पटक | ० | १ | २ | ३ | ४ | ४ | ९ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ० | २ | ३ | ३ | ३ | ३ | २९ | |
| ४ | कार्यक्रम कार्यान्वयनको क्यालेण्डर तयारी गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | ० | १ | २ | २ | १ | ६ | ११ | |
| ६ | विद्यालयमा आधारित अनुभवी मेन्टर र समकक्षी शिक्षकबाट अनुगमन | पटक | ० | २ | २ | २ | २ | ८ | १८ | |
| ७ | स्थिति प्रतिवेदन तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (कक्षा ३, ५, ८) | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |

*स्रोतः गाउँपालिका*

# अनुसूची १ :
# स्थानीय शिक्षा योजनाको ढाँचा

हाम्रो भनाइ

योजनाको सारांश

क) विषय प्रवेश

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

घ) शिक्षा योजना निर्माणका आधार

ङ) शिक्षा योजना निर्माण प्रक्रिया

च) योजनाको लेखाजोखा

छ) योजनाको दस्ताबेजको स्वरूप

परिच्छेद १ : परिचय

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

१.४ अवसर

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

२.६ अपेक्षित उपलब्धि

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनशिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : अन्य उपक्षेत्र

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

# अनुसूची: २

# स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्ताबेजको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ। यस खण्डमा हाम्रो स्थानीय तहको शैक्षिक योजना कार्यान्वयनबाट केके प्राप्त गर्ने तथा के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्य गर्छौं । जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्य निर्धारण गर्छौं तर यी कार्य गर्नुपूर्व तथा कार्यको दौरानमा हामीले उल्लिखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्ताबेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्बित गर्नु अनिवार्य हुन्छ। यसकालागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्ताबेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

**२.१.१ संवैधानिक प्रावधान**

धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

धारा ५१ राज्यका नीति: (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**२.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४**

दफा ११ (२) ज **(स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयम् सेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागितामा गर्नुपर्ने छ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।
२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।
३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।
४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने।
५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेसनरी बापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

# अनुसूची: ३

# अनुगमन सूचक

| क्र सं | सूचकहरु | अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| १ | विद्यार्थी भर्ना अभियान र विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याक संकलन | ४ | |
| २ | शिक्षक हाजिरी विदा काज व्यवसथापन अभिलेख | ३ | |
| ३ | वार्षिक कार्य पात्रो र दैनिक कार्यतालिका निर्माण र कार्यान्वयन | ३ | |
| ४ | वार्षिक शैक्षणिक योजना  निर्माण र कार्यान्वयन | ३ | |
| ५ | विषयगत शिक्षकको समुह निर्माण, जिम्मेवारी विभाजन र कार्यान्वयन | ४ | |
| ६ | विद्यार्थी नियमितता, अनुशासन र सरसफाइ | ३ | |
| ७ | पाठ्यपुस्तक वितरण र प्रयोगको अवस्था | ३ | |
| ८ | शिक्षण सिकाइ क्रियाकलापमा प्रविधि प्रयोग र विद्यार्थी सहभागिता | ४ | |
| ९ | शिक्षकले कक्षाकोठामा विताउने समय अभिबृद्धि र अभिलेख | ३ | |
| १० | दिवा खाजा व्यवस्थापन र अभिभावक साझेदारी, समन्वय | ३ | |
| ११ | समावेशी शिक्षण सिकाइ क्रियाकलाप र अपाङ्ग मैत्री भौतिक संरचना | ४ | |
| १२ | सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, लैंगिक फोकल पर्सन, उजुरी पेटीका र कार्यान्यन | ३ | |
| १३ | कार्यसञ्चयिका तथा विद्यार्थी मूल्याङ्कन र मूल्याङ्कन अभिलेख व्यवस्थापन | ४ | |
| १४ | विज्ञान, कम्प्युटर ल्याब र पुस्तकालयको प्रयोग र व्यवस्थापन | ३ | |
| १५ | सिकाइ उपलब्धी अभिबृद्धि योजना कार्यान्वयन र अभिलेख | ४ | |
| १६ | छात्रवृत्ति वितरण | ३ | |
| १७ | बाल मैत्री, प्रविधि मैत्री शैक्षिक व्यवस्थापन र कार्यान्वयन | ४ | |
| १८ | अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन | ३ | |
| १९ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | ३ | |
| २० | कक्षाकोठा व्यवस्थापन तथा शैक्षिक सामग्री निर्माण र प्रयोग | ४ | |
| २१ | विद्यालयको वातावरण: फूलवारी, बगैचा, सरसफाइ र फोहोरमैला व्यवस्थापन | ३ | |
| २२ | विद्यालयको  भौतिक संरचना, कक्षाकोठा र फर्निचरको अवस्था | ३ | |
| २३ | शौचालयको प्रयोग र व्यवस्थापन | ३ | |
| २४ | बाल क्लब, जुनियर रेडक्रस सर्कल, स्काउट गठन र कार्यान्वयन | ३ | |
| २५ | शिक्षक तालिम, टीआइपी निर्माण र प्रयोग | ३ | |
| २६ | वि व्य स र शि अ संघ गठन निर्णय र कार्यान्वयन | ३ | |
| २७ | विद्यालय समुदाय सम्बन्ध, पूर्व विद्यार्थी समाज, आमा समुहसँग साझेदारी र सहकार्य | ४ | |
| २८ | सामाजिक परीक्षण र लेखापरीक्षण प्रतिवेदन सार्वजनिकरण | ३ | |
| २९ | विद्यालयका नविनतम अभ्यासहरु | ४ | |
| ३० | जलवायु परिवर्तन उत्थानशिलताका लागि विद्यालयले गरेका कार्यहरु | ३ | |
| | कुल अङ्क | १०० | |

आज मिति २०८०।०९।०७ गते बुद्धशान्ति गाउँपालिका शिक्षा योजना निर्माण समितिका अध्यक्ष श्री मनोज प्रसाइँ ज्यूको अध्यक्षतामा शिक्षा योजना निर्माणका लागि आवश्यकता पहिचान सम्बन्धी छलफल कार्यशालामा उपस्थित व्यक्तिहरूको उपस्थिति-

१. श्री मनोज प्रसाइँ - अध्यक्ष
२. श्री भवानी प्रसाद खतिवडा - उपाध्यक्ष
३. श्री विनोद पोखरेल - प्र. प्र. अ.
४. श्री अनिल बाग्ले - वडाध्यक्ष वडा नं. १
५. श्री सन्जु पौडेल - का.वा वडाध्यक्ष वडा नं. २
६ श्री परशुराम चेम्जोङ - वडाध्यक्ष वडा नं. ३
७ श्री शेर बहादुर राय - वडाध्यक्ष वडा नं. ४
८. श्री डुगेन्द्र कार्की - वडाध्यक्ष वडा नं. ५
९. श्री शिवराज पौडेल - वडाध्यक्ष वडा नं. ६
१० श्री चन्द्रप्रसाद भण्डारी - वडाध्यक्ष वडा नं. ७
११ श्री नर्वदा न्यापाने - का.पा सदस्य
१२ श्री तुलसादेवी खतिवडा - का.पा सदस्य
१३ श्री दुर्गादेवी ढुङ्गेल - का.पा. सदस्य
१४ श्री भीम बहादुर विश्वकर्मा - का.पा सदस्य
१५ श्री दिनेश लाप्चा - का.पा सदस्य
१६ श्री कमल प्रसाद निरौला - शाखा अधिकृत
१७ श्री देवेन्द्र कटुवाल - अधिकृत आठौं
१८ श्री अलका अधिकारी - प्रा. स.
१९ श्री शिव श्रेष्ठ - अधिकृत छैठौं
२० श्री लोकब राजी श्री सरस्वती आ. वि.
२१ श्री गायत्रीदेवी ढुङ्गेल श्री नमुना आ.वि. १
२२ योगेन्द्र चम्लागाईं श्री नमुना आ. वि. ४
२३ हरि प्रसाद पोखरेल प्र.अ. श्री आदर्श मा.वि.
२४ घनश्याम आचार्य
२५ दीपक बुढाथोकी बुद्ध आदर्श मा. वि.
२६ छत्र बहादुर बास्कोटा श्री राष्ट्रिय विजय मा.वि.
२७ टंकनाथ घिमिरे श्री मा.वि. बैरे

२८ गायत्री प्रसाद ढकाल श्री आदर्श आ०वि.कु.शा.-६ [signature]
२९. घनश्याम घिमिरे श्रीजनज्योति मा.वि. कु.शा.-२ [signature]
३० अनिल खतिवडा श्री शान्ति आदर्श मा.वि. [signature]
३१. पदम कुमार थापा श्री शिशु सुधार आ.वि. कु.शा. ३ [signature]
३२ कुमार आचार्य श्री त्रिभुवन मा.वि. कु.शा. १ [signature]
३३. डिल्लीराम खतिवडा श्री गणेश मा.वि. कु.शा.-४ [signature]
३४ जिवनहुरी ढुङ्गेल - लक्ष्य परामर्श तथा अनुसन्धान केन्द्र प्रा.लि. [signature]
३५ लक्ष्मी भट्टराई - लक्ष्य परामर्श तथा अनुसन्धान केन्द्र प्रा.लि. [signature]

निर्णय :
इलफलबाट आएका विषयवस्तुलाई क्षेत्रगत रूपमा वर्गीकरण गरी बुद्धशान्ति गाउँपालिकाको शिक्षा योजनाको मस्यौदामा समावेश गर्ने निर्णय पारित गरियो।

[signature]

आज मिति २०८१।०३।१४ गते यस बुद्धशान्ति गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यालयका प्रधानाध्यापक, प्रिन्सिपल तथा वि.व्य.स अध्यक्ष सहितको संयुक्त बैठक बुद्धशान्ति गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाका शाखा प्रमुख श्री कमलप्रसाद निरौलाको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा तपशिलको निर्णय गर्‍यो।

तपशिल

उपस्थिति:

१ श्री कमलप्रसाद निरौला शाखा प्रमुख
२ श्री घनश्याम आचार्य गडिगाउँ मा.वि.
३ श्री हरी प्रसाद पोखरेल आदर्श मा.वि.
४ श्री कुमार आचार्य त्रिभुवन मा.वि.
५ श्री अनिल खतिवडा आ.आ.मा.वि.
६ श्री एकनाथ घिमिरे श्री मा.वि.वर्ने
७ श्री दिपक बुढाथोकि बु.आ.मा.वि.
८ श्री छत्रबहादुर कार्की रा.वि.मा.वि.
९ श्री मनु कुमार राई गणेश मा.वि.
१० श्री खेमराज कोइराला नवकिरण मा.वि.
११ श्री लोक बहादुर माझी सरस्वती आ.वि.
१२ श्री [illegible] गायत्री देवी ढुङ्गेल नमुना आ.वि.-५
१३ श्री घनश्याम घिमिरे जनज्योति आ.वि.
१४ श्री पदम कु. थापा शिशु सुधार आ.वि.
१५ श्री प्रद्युम्न भट्टराई गौतम बुद्ध आ.वि.
१६ श्री गायत्री प्र. दहाल आदर्श आ.वि.
१७ श्री मुकुन्द अधिकारी नमुना आ.वि.-४
१८ श्री आनन्द कोइराला शि.म.अ.
१९ श्री तिलक पाथ्रिन बुद्धशान्ति प्याबसन अध्यक्ष
२० श्री सुर्यमान लिम्बु सनराइज इ.बो
२१ श्री विष्णु प्र. साप्कोटा कालिपुर विद्यासदन
२२ श्री बुद्धिकान्त अधिकारी ह्यापीलेण्ड इ.बो
२३ श्री डम्बर शिवाकोटि श्री मा.वि.वर्ने
२४ श्री कमला अधिकारी त्रिभुवन मा.वि.

क्रमशः :-

२५. श्री जिवन कु. पोखरेल सि. व्या. स अध्यक्ष, आदर्श मा. वि. २

२६. श्री मनोरथ तिवारी कु. आ. मा. वि. वि. व्या. स अ

२७. श्री हरीप्रसाद रिमिसना का. आ. मा. वि. वि. स. अ.

२८. श्री श्यामबिर लिम्बु गोरखा मा. वि. वि. व्या. स. अ

२९. श्री खगेन्द्र आचार्य नवकिरण मा. वि. वि. व्या. स अ

३०. श्री थुरेन्द्रराज रसाइली नवकिरण मा. वि.

३१. श्री जित बहादुर बराइली नमुना आ. वि. वि. व्या. स अ

३२. श्री सुसिला भट्टराई कु. आ मा. वि.

३३. श्री चिन्तामणि दुलाल आदर्श आ वि.

३४ श्री लक्ष्मी भट्टराई - लक्ष्य ग्रामिण अध्ययन प्रतिष्ठान प्रा लि

निर्णय नं ९

बुद्धशान्ति गाउँपालिकाको आवधिक शिक्षा योजनाको मस्यौदा माथि समूहगत छलफल गरी आवश्यक सुझाव प्रस्तुत गरी कार्यान्वयनका लागि सिफारिस गर्ने निर्णय गरियो ।